# १९ औं

# वार्षिक प्रतिवेदन

## २०७६/७७



**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**






साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को १८ औं वार्षिक साधारण सभाका झलकहरू





साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को १९औं वार्षिकोत्सव समारोहका झलकहरू







उत्पादन र रोजगारी सृजनाका लागि बागमती प्रदेश र कृषि विकास बैंक लि. तथा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. बीच मिति २०७७ मंसिर १८ गतेका दिन सम्पन्न सहुलियतपूर्ण ऋण लगानी सम्झौता कार्यक्रमका झलकहरू

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को वर्तमान सञ्चालक समिति



**श्री खेम बहादुर पाठक**
अध्यक्ष
प्रतिनिधि
साना किसान सहकारी संस्था लि



**श्री प्रताप सुवेदी**
सञ्चालक सदस्य
प्रतिनिधि
कृषि विकास बैंक लि.



**श्री रवीन्द्र यादव**
सञ्चालक सदस्य
प्रतिनिधि
साना किसान सहकारी संस्था लि



**श्री चाँदनी ढकाल**
सञ्चालक सदस्य
महिला प्रतिनिधि
साना किसान सहकारी संस्था लि.



**श्री उमेश लम्साल**
सञ्चालक सदस्य
प्रतिनिधि
सर्वसाधारण शेयरधनी



**श्री भुपेश छत्कुली**
सञ्चालक सदस्य
प्रतिनिधि
सर्वसाधारण शेयरधनी



**श्री महेन्द्र प्रसाद श्रेष्ठ**
सञ्चालक सदस्य
स्वतन्त्र सञ्चालक

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को उच्च व्यवस्थापन तह



**डा. शिवराम प्रसाद कोइराला**
प्रमुख कार्यकारी अधिकृत
बैंक तथा वित्तीय संस्थाको
अनुभव : ३२ वर्ष



**डा. नवराज सिम्खडा**
नायब प्रमुख कार्यकारी अधिकृत
बैंक तथा वित्तीय संस्था एवम्
गैर सरकारी संघ संस्था समेतको
अनुभव : २७ वर्ष



**श्री झलेन्द्र भट्टराई**
का.मु.नायब प्रमुख कार्यकारी
तथा कम्पनी सचिव
बैंक तथा वित्तीय संस्था र
सहकारी समेतको
अनुभव : २७ वर्ष

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को व्यवस्थापन तह

| क.स. | नाम | शैक्षिक योग्यता | बैंक वित्तीय संस्था तथा सहकारी क्षेत्रको अनुभव | पद/विभाग |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद लामिछाने | स्नातकोत्तर | ३० वर्ष | मुख्य प्रबन्धक (कर्जा कार्यक्रम विभाग) |
| २ | श्री अञ्जु पाठक | स्नातकोत्तर | २१ वर्ष | मुख्य प्रबन्धक (वित्त, जनशक्ति तथा सामान्य प्रशासन विभाग) |
| ३ | श्री ईशा के.सी. | स्नातकोत्तर, सि.ए. | १० वर्ष | मुख्य प्रबन्धक (योजना, अनुसन्धान तथा परियोजना विभाग) |
| ४. | श्री शिवहरि अर्याल | स्नातकोत्तर | १४ वर्ष | बरिष्ठ प्रबन्धक, कार्यक्रम शाखा |
| ५. | श्री लिलाधर धिताल | स्नातकोत्तर | २४ वर्ष | बरिष्ठ प्रबन्धक, तालिम शाखा |
| ६. | श्री मन्दिपा दाहाल | स्नातकोत्तर, सि.ए. | ७ वर्ष | बरिष्ठ प्रबन्धक, वित्त तथा लेखा शाखा |

## इलाका प्रबन्धक

| क.स. | नाम | इलाका कार्यालय |
|---|---|---|
| १ | श्री कृष्णकुमारी शर्मा | बुटवल, रुपन्देही |
| २ | श्री युवराज गैरे | बर्दिबास, महोत्तरी |
| ३ | श्री गणेश प्रसाद भट्टराई | नेपालगंज, वाँके |
| ४ | श्री शेर बहादुर चौधरी | हेटौंडा, मकवानपुर |
| ५ | श्री विशाल कुमार तुलाधर | गजुरी, धादिङ |
| ६ | श्री राजकुमार यादव | पोखरा, कास्की |
| ७ | श्री विष्णु प्रसाद कालाखेती | अत्तरीया, धनगढी |
| ८ | श्री सुभाष गौतम | बिर्तामोड, झापा |
| ९ | श्री सरोज भट्टराई | बनेपा, काभ्रे |
| १० | श्री राजेन्द्र भण्डारी | विरेन्द्रनगर, सुर्खेत |
| ११ | श्री दिपक राज पाण्डे | इटहरी, सुनसरी |

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. प्रगति सारांश
# २०७७ असार मसान्तसम्मको विवरणको आधारमा













चित्र नं ५ लैंगिक सहभागिताको आधारमा सहकारी संस्था संख्या
आर्थिक वर्ष
२०७६/७७
२०७५/७६
२०७४/७५
२०७३/७४
२०७२/७३
३४६
४९१
३१०
४४०
२५७
४२३
२४८
४०७
२२५
३७७
० १०० २०० ३०० ४०० ५०० ६०० ७०० ८०० ९००
महिला संस्था
मिश्रित संस्था


चित्र नं ६: पुँजी संरचना
कुल चुक्ता पुंजी: १ अर्ब २ लाख २९ हजार ४ सय २५
२२.०३%
१.२१%
३.०४%
४३.६५%
३०.०७%
कृषि विकास बैंक लि.
नेपाल बैंक लि.
नबिल बैंक लि.
साना किसान सहकारी संस्थाहरु
सर्वसाधारण शेयरधनी


चित्र नं ७ : वित्तीय स्रोतको अवस्था
४.५३%
७.६७%
५०.२१%
०.०१%
३७.५८%
शेयर पुंजी
जगेडा कोष
नेपाल सरकारबाट ऋण
नेपाल राष्ट्र बैंकबाट ऋण
बैंक तथा वित्तीय संस्थाहरु

चित्र नं ८ : ल.र.र., ब्याज आम्दानी र ब्याज खर्चको प्रवृत्ति




चित्र नं ९ :विभिन्न आम्दानीको प्रवृत्ति




चित्र नं १० : ब्याज आम्दानी दर तथा खर्च दर




चित्र नं ११ : लररमा भाका नाघेको ऋणको प्रतिशत



# विषय सूची



| विषय | पेज नं. |
|---|---|
| साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को उन्नाइसौँ वार्षिक साधारण सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन | ६ |
| १. विगत वर्षको कारोबारको सिंहावलोकन | ६ |
| २. विगत वर्षहरुको वित्तीय अवस्था : | १२ |
| ३. चालु आर्थिक वर्षको उपलब्धी : | १३ |
| ४. राष्ट्रिय/अन्तर्राष्ट्रिय परिदृष्य | १३ |
| ५. साना किसान विकास लघुवित्त वित्तीय संस्थाको चालु वर्षको उपलब्धी र भावी योजना | १६ |
| ६. लघुवित्त वित्तीय संस्थाको व्यावसायिक सम्बन्ध: | २३ |
| ७. सञ्चालन तथा सुशासन | २६ |
| साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.सञ्चालक समितिको प्रतिवेदन | ३१ |
| धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित वार्षिक प्रतिवेदनामा समावेश गर्नुपर्ने विवरण | ३५ |
| Digitization of SFACLs & Expansion of Access to Finance in Karnali Province of Nepal (DSFACLs & A2F) परियोजना को खर्चको विवरण | ४७ |

# साना किसान विकास लघुवित्त वित्तीय संस्थाको १९ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७७/०९/०७ गते)**

यस वित्तीय संस्थाको मिति २०७७ पौष ६ गते बसेको सञ्चालक समितिको ३९८ औं बैठकको निर्णयानुसार संस्थाको १९ औं वार्षिक साधारणसभा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा भर्चुअल माध्यमबाट उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :** (भर्चुअल माध्यमबाट साधारण सभा सञ्चालन गरिने) ।

(१) मिति : २०७७ पौष २८ गते (January 12, 2021) मङ्गलबार

(२) समय : बिहान ११:०० बजे

(३) स्थान : संस्थाको रजिष्टर्ड कार्यालय, सुविधानगर, तिनकुने, काठमाडौं ।
(Zoom Meeting id र Password कम्पनीबाट उपलब्ध गराईनेछ ।)

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०७६/७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७६/७७ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरू लगायत वार्षिक आर्थिक विवरणहरू समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ एवम् बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) अनुसार आ. व. २०७७/७८ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (लेखा परीक्षण समितिबाट कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को अधिनमा रही लेखापरीक्षकको पुनः नियुक्तिका लागि पारिश्रमिक भ्याट समेत रु ३,५०,०००।- (अक्षरेपी तिन लाख पचास हजार) मात्र (कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमका प्रगति विवरण प्रमाणित र कर लेखापरीक्षण समेत) उपलब्ध गराउने गरी साविकका लेखापरीक्षक सि.ए. खगेन्द्र भट्टराई (खगेन्द्र एण्ड एसोसिएट्स) चार्टर्ड एकाउण्टेण्ट्समा नियुक्त गर्न नाम सिफारिस भई आएको छ ।)

(४) आ.व. २०७६/७७ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरूलाई चुक्ता पुँजी रु. १,००,०२,२९,४२५.६६ को १.३१५७८९४७४ प्रतिशतले हुने नगद लाभांश रु. १,३१,६०,९१३.५० (अक्षेरेपी एक करोड एकतीस लाख साठी हजार नौ सय तेह्र रुपैयाँ पचास पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(५) यस वित्तीय संस्थाको स्वतन्त्र सञ्चालक पदमा नियुक्ति सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७६/७७ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयर धनीहरूलाई चुक्ता पुँजी १,००,०२,२९,४२५.६६ को २५ प्रतिशतले हुने रु. २५,००,५७,३५६.४२ (अक्षरेपी पच्चीस करोड सन्ताउन्न हजार तीन सय सय छपन्न रुपैयाँ बयालीस पैसामात्र) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(२) यस वित्तीय संस्थाको १३ औं वार्षिक साधारण सभाबाट स्वीकृत भई हकप्रद शेयर निष्काशन गर्दा बिक्री नभई बाँकी रहेको १२,४४२ कित्ता शेयरलाई लिलाम गरी बिक्री गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०७७/३/३१ मा निर्देशन भएको हुँदा ३३६८ कित्ता प्रवर्धक शेयर र ९,०७४ कित्ता सर्वसाधारण शेयर गरी रु.१००/- दरका जम्मा १२,४४२ कित्ता शेयर लिलाम बिक्री गरी वित्तीय संस्थाको प्रबन्धपत्रमा सोही अनुसार संशोधन गर्ने ।

(३) यस वित्तीय संस्थाको प्रबन्धपत्रमा व्यवस्था भएको जारी र चुक्ता पुँजी क्रमशः रु. १,००,०२,२९,४२५.६६ र रु. १,००,०२,२९,४२५.६६ मा माथि विशेष प्रस्ताव नं (१) र (२) अनुसार वृद्धि गरी जारी र चुक्ता पुँजी क्रमशः रु. १,२५,१५,३०,९८२.०८ र रु. १,२५,१५,३०,९८२.०८ कायम गर्ने र सोही बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा संशोधन गर्ने ।

(४) यस वित्तीय संस्थाको नियमावलीको नियम २ र नियम २९ को उपनियम (१) खण्ड (घ) को उपखण्ड (आ) लाई संलग्न तीन महले विवरण अनुसार संशोधन गर्ने ।

(५) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकताअनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव,
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

# वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) वार्षिक साधारण सभा तथा बोनस शेयरको प्रयोजनार्थ संस्थाको शेयरधनी दर्ता किताब मिति २०७७/९/१६ देखि २०७७/९/२८ गतेसम्म बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७७/९/१५ गतेसम्म कारोबार भई साधारण सभा हुनभन्दा अगावै शेयर धनी दर्ता किताबमा कायम शेयर धनीहरू मात्र कम्पनीबाट वितरण हुने आ.व. २०७६/७७ को लाभांश तथा बोनस शेयरका लागि योग्य हुनेछन्।

(२) शेयर धनी महानुभावहरूको सुविधाका लागि कम्पनी ऐन २०६३, अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरू संस्थाको वेबसाइट www.skbbl.com.np मा समेत उपलब्ध छ। साथै यस सम्बन्धी विवरणहरू संस्थाको केन्द्रीय कार्यालय, सुविधानगर तिनकुने काठमाडौं तथा शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाडौं आई निरीक्षण गर्न र प्राप्त गर्न सक्नु हुनेछ।

(३) विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को कारणले नेपाल सरकारबाट जारी गरिएको सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभा सञ्चालन गर्नुपर्ने भएको हुँदा भर्चुअल माध्यमबाट सभामा भाग लिने व्यवस्था मिलाईएको र त्यसरी उपस्थिति भएमा समेत सभा स्थलमा उपस्थित भए सरह मान्यता दिने व्यवस्था मिलाईएको छ। कोभिड-१९ को संक्रमणबाट आफू बच्न र अरुलाई पनि बचाउन भर्चुअल माध्यमबाट सभामा उपस्थितिका लागि सम्पूर्ण शेयर धनी महानुभावहरूलाई हार्दिक अनुरोध छ। सभा हुनुभन्दा १ घण्टा अगावै भर्चुअल सभा खुल्ला गरिने व्यवस्था मिलाईएको छ।

(४) वार्षिक साधारणसभामा सहभागी हुन वित्तीय संस्थाको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरूले आफ्नो नाम, शेयरधनी नम्बर वा Demat A/C/BOID नम्बर सहित कम्तीमा २ दिन अगावै Meeting id र Password का लागि यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. को इमेल ठेगाना rta@nabilinvest.com.np मा इमेल पठाउनु पर्नेछ। शेयर धनीहरूको पहिचान पश्चात निजहरूलाई Meeting id/Password उपलब्ध गराईनेछ। यसरी सहभागी हुन चाहने शेयरधनी आफैं वा प्रतिनिधि मार्फत भर्चुअल माध्यमबाट सभामा भाग लिन सक्नेछन्। नाबालक शेयरधनीहरूको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन सक्नेछन्। शेयरधनीहरूको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।

(५) सभामा आफ्नो मन्तव्य राख्न तथा मतदान गर्न चाहनु हुने शेयर धनी महानुभावहरूले सभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै बिहान १० बजेदेखि दिनको ४ बजेभित्र companysecretary@skbbl.com.np मा इमेल गरी वा कम्पनी सचिवलाई सम्पर्क गरी आफ्नो नाम, Demat A/C/BOID, टेलीफोन नं. र इमेल ठेगाना टिपाउनु पर्नेछ र त्यसरी सम्पर्क गर्नुहुने शेयरधनी महानुभावहरूलाई सभामा मन्तव्य राख्न Zoom Meeting id र Password उपलब्ध गराईनेछ।

(६) शेयर धनी महानुभावहरूले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरूका सम्बन्धमा सञ्चालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिईनेछ।

(७) शेयर धनी महानुभावहरूलाई छलफलका विषयहरूमध्ये विविध शीर्षक अन्तरगत संस्था सम्बन्धी केही जिज्ञासा भए इच्छुक शेयर धनी महानुभावहरूले सभा हुनुभन्दा कम्तीमा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।

(८) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले वित्तीय संस्थाको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ।

(९) संयुक्त रुपमा एक जनाभन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरूद्वारा मनोनित गरिएको साझेदारले वा निजहरूले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरूको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ।

(१०) प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनुभन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र यस संस्थाको शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. नारायणचौर, नक्साल, काठमाडौंमा इमेल मार्फत बुझाई सक्नुपर्नेछ।

(११) प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र यस संस्थाको शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. नारायणचौर, नक्साल, काठमाडौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा शुरु हुनुभन्दा ७२

घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. नारायणचौर, नक्साल, काठमाडौंमा दिनुपर्नेछ । नयाँ प्रतिनिधिको हकमा दफा ८ र १० बमोजिम हुनेछ ।

(१२) एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा दफा ११ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ ।

(१३) प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफैं सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनुभन्दा ७२ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. नारायणचौर, नक्साल, काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।

(१४) कुनै बैंक तथा वित्तीय संस्था, गुठी, संघ संस्था वा साना किसान सहकारी संस्था वा कम्पनीले यस वित्तीय सस्थाको शेयर खरीद गरेको अवस्थामा संस्थाको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही त्यस्तो संगठित संस्थाको आधिकारीक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

(१५) यस सम्बन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय, सुविधानगर तिनकुने, काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

---

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को

## १९ औं वार्षिक साधारण सभामा पेश भएको प्रबन्धपत्र संशोधन सम्बन्धी प्रस्तावको तीन महले

| सि.नं. | दफा/उपदफा | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | २ | २. **वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) रहने ठेगाना :** (१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ३५ मा रहनेछ । | २. **वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) रहने ठेगाना :** (१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ३२ मा रहनेछ । | नेपाल सरकारबाट प्रशासनिक संरचनामा परिवर्तन हुँदा साविक वडा नं. परिवर्तन भएकोले । |
| २ | दफा-५ को खण्ड (ख) र (ग) | **वित्तीय संस्थाको पुँजीको संरचना** : वित्तीय संस्थाको पुँजीको संरचना देहाय बमोजिम हुनेछ:-<br>(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. १,००,०२,२९,४२५।६६ (अक्षरेपी एक अर्ब दुई लाख उनन्तिस हजार चार सय पच्चिस पैसा छैसट्ठी मात्र) हुनेछ ।<br>(ग) वित्तीय संस्थाको तत्काल चुक्ता पुँजी रु. १,००,०२,२९,४२५।६६ (अक्षरेपी एक अर्ब दुई लाख उनन्तिस हजार चार सय पच्चिस पैसा छैसट्ठी मात्र) हुनेछ । | **वित्तीय संस्थाको पुँजीको संरचना :** वित्तीय संस्थाको पुँजीको संरचना देहाय बमोजिम हुनेछ :-<br>(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. १,२५,१५,३०,९८२.०८ (अक्षरेपी एक अर्ब पच्चीस करोड पन्ध्रलाख तीस हजार नौसय बयासी रुपैयाँ आठ पैसा मात्र) हुनेछ ।<br>(ग) वित्तीय संस्थाको तत्काल चुक्ता पुँजी रु. १,२५,१५,३०,९८२.०८ (अक्षरेपी एक अर्ब पच्चीस करोड पन्ध्रलाख तीस हजार नौसय बयासी रुपैयाँ आठ पैसा मात्र) हुनेछ । | आ.व. २०७६/७७ मा प्रदान गरिने बोनस शेयर एवम् बिक्री हुन बाँकी हकप्रद शेयर थप हुन गई कायम हुने जारी तथा चुक्ता पुँजी मिलान गर्नुपर्ने भएकोले । |

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को

## १९ औं वार्षिक साधारण सभामा पेश भएको नियमावली संशोधन सम्बन्धी प्रस्तावको तीन महले

| सि.नं. | नियम | उप नियम | खण्ड | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|---|---|
| १ | २ | - | - | **नियम २. वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) रहने ठेगाना :** (१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३५ मा रहनेछ । | **नियम २. वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) रहने ठेगाना :** (१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ मा रहनेछ । | नेपाल सरकारबाट प्रशासनिक संरचनामा परिवर्तन हुँदा साविक वडा नं. परिवर्तन भएकोले । |
| २ | २९ | (१) | (घ) | (आ) वित्तीय संस्थाका अध्यक्षको सुविधा देहायको बमोजिम हुनेछ ।<br>(१) वित्तीय संस्थाका अध्यक्षलाई मासिक पत्रपत्रिका बापत रु.१०००/- (अक्षेरेपी एकहजार मात्र) र सञ्चालकलाई रु.५,००/- (अक्षेरेपी पाँचसय मात्र) उपलब्ध गराइने छ ।<br>(२) तर यस वित्तीय संस्थाका अध्यक्षले अन्य कुनै निकाय वा प्रतिनिधित्व गर्ने संघ संस्थाबाट माथि (१) मा उल्लेखित सुविधाहरु लिएको भएमा सो कम भए जतिको फरक रकम मात्र उपलब्ध गराइनेछ । | (आ) पत्रपत्रिका सुविधा : वित्तीय संस्थाका अध्यक्षलाई मासिक पत्रपत्रिका वापत रु.१०००/-( अक्षेरेपी एकहजार मात्र) र सञ्चालकलाई रु.५,००/- (अक्षेरेपी पाँचसय मात्र) उपलब्ध गराइनेछ । | खण्ड अनुसारका शीर्षक मिलान गर्न उपयुक्त देखिएको र आवश्यकतानुसार परिमार्जन गर्न पर्ने भएकोले । |

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

**केन्द्रीय कार्यालय, काठमाडौं ।**

**(कम्पनी ऐनको दफा ७१ को उपदफा (३) सँग सम्वन्धित)**

## उन्नाईसौं वार्षिक साधारण सभामा भाग लिन तथा मतदान गर्न आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने निवेदनको ढाँचा

श्री सञ्चालक समिति
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, काठमाडौं ।

विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

..................जिल्ला ..................न. पा. / गा. पा. वडा नं. ......... बस्ने म / हामी ......................... ले त्यस कम्पनीको शेयरधनीका हैसियतले सम्वत् २०७७ पौष २८ गतेका दिन हुने १९ औं वार्षिक साधारण सभामा म / हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरा / हाम्रा तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ....................... जिल्ला .................... न. पा. / गा. पा. वडा नं. .......... बस्ने श्री ............................................ .................... लाई मेरो / हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु / पठाएका छौं ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको -**

हस्ताक्षरको नमुना : ..... ........ ....... ......... ...... .... ..... ............ ........ ....
शेयरधनी भए शेयरधनी नं. ....... ......... ...... .... .... ....... ......... ...... .... ....
डीम्याट नं. : ..... ........ ....... ......... ...... .... ... ....... ......... ...... .... ......
शेयरधनी भए शेयर प्रमाणपत्र नं. : ..... ........ ....... ......... ...... .... .......
शेयरधनी नभए नागरिकताको प्रमाणपत्र नं. : ..... ........ ....... ......... ...... .......

<u>निवेदक</u>
दस्तखत :..... ........ ....... ......... ...... .....
नाम : .. ..... ........ ....... ......... ...... ....
ठेगाना : ..... ........ ....... ......... ...... .......
शेयरधनी नं. ........ ....... ......... ...... .......
डीम्याट नं.: ..... ........ ............ ...... .......
शेयर प्रमाणपत्र नं. : ..... ........ ....... .........
शेयर सङ्ख्या : ..... ........ ....... ......... ......
मिति : ..... ........ ....... ......... ...... ....

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को

**उन्नाईसौं वार्षिक साधारण सभामा उपस्थितिका लागि प्रवेशपत्र**

शेयरधनी/प्रतिनिधिको नाम :
ठेगाना :
शेयर प्रमाणपत्र नं. :
डीम्याट नं.: :
लिएको शेयरसङ्ख्या :
शेयरधनी/प्रतिनिधिको दस्तखत :

कम्पनी सचिव

यो प्रवेशपत्र साधारण सभामा भाग लिन आउँदा पेश गर्नुपर्नेछ ।

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को उन्नाइसौं वार्षिक साधारण सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन (आर्थिक वर्ष २०७६/७७)

**आदरणीय शेयरधनी महानुभावहरु,**

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको यस उन्नाइसौं वार्षिक साधारण सभामा प्रत्यक्ष उपस्थित र विद्युतीय प्रविधिमार्फत सहभागी हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समिति तथा म आफ्नो तर्फबाट हार्दिक स्वागत एवम् अभिवादन गर्दछु ।

आज हामी अत्यन्त अप्ठ्यारो स्थितिमा यो सभा गर्न गईरहेका छौं । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को कारणले धेरै शेयरधनी, साना किसान परिवार तथा नेपाली नागरिकहरुको ज्यान गएको छ । उहाँहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । महामारीको कारणले जनजीवनमा परेको असर र पिडाबाट सबैलाई चाँडै छुट्कारा मिलोस् भनी कामना समेत गर्दछु ।

जस्तोसुकै विपतलाई पनि भोग्दै र छिचोल्दै अघि बढ्नुको विकल्प हामीसँग छैन । यही विश्वव्यापी महामारीको कारण नेपाल सरकारबाट जारी गरिएको सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभा सञ्चालन गर्नुपर्ने भएको हुँदा यसबाट पर्न गएको असुविधा प्रति हामी क्षमाप्रार्थी छौं । विषम परिस्थितिबिच यो १९ औं साधारण सभामा विद्युतीय माध्यम भिडिओ कन्फरेन्स (भर्चुअल माध्यम) बाट भाग लिन सकिने व्यवस्था मिलाईएको छ । त्यसरी उपस्थित भएमा समेत सभा स्थलमा उपस्थित भए सरह मान्यता दिने व्यवस्था मिलाईएको हुँदा आज हामी यसरी प्रविधिबाट सिधै र प्रत्यक्ष जोडिएर यो साधारण सभा गर्न सक्ने भएका छौं । यो सङ्कटको अवस्थामा समेत भिडियो कन्फरेन्स मार्फत समयमा सहभागी भएर साधारण सभालाई सफल बनाउन यहाँहरुले गर्नु भएको सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहान्छु ।

यहाँहरु समक्ष यस लघुवित्त वित्तीय संस्थाको उन्नाइसौं वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा ज्यादै खुशी लागेको छ । प्रस्तुत आर्थिक वर्ष २०७६/७७ अर्थात २०७७ आषाढ ३१ गतेको संक्षिप्त आर्थिक विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुका साथै शेयरधनीले माग गरेको बखतमा पाउने गरी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय र शेयर रजिष्ट्रार नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि.मा राख्नुका साथै वेबसाइटमा समेत प्रकाशन गरिसकिएको छ । २०७७ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७६/७७ को अन्त्य सम्मको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण तथा अन्य वित्तीय विवरणहरु स्वीकृतिका लागि यस गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

गत आर्थिक वर्षमा यस लघुवित्त वित्तीय संस्थाले गरेको प्रगति सम्बन्धी विवरण यसै प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रतिवेदनलाई सुधार गर्न, वित्तीय संस्थाको आगामी दिनमा कार्यक्रम एवम् कार्यदिशा तयार गर्न तथा वित्तीय संस्थाको उद्देश्य प्राप्तिमा प्रभावकारिता बढाउन सदाझैं यहाँहरुबाट रचनात्मक सुझाव, सल्लाह, सहयोग र मार्गदर्शनहरु प्राप्त हुनेनै छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

## १. विगत वर्षको कारोबारको सिंहावलोकन

तत्कालिन कम्पनी ऐन अन्तर्गत वि.सं. २०५८ साल असार २२ गते पब्लिक लिमिटेड कम्पनीको रूपमा **"साना किसान विकास बैंक"** ले दर्ता नामाकरण पाएको हो । विकास बैंकको रूपमा स्थापित यस संस्थाको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लागू भएपछि नाम परिवर्तन भई **"साना किसान विकास लघुवित्त वित्तीय संस्था लि."** भएको छ । यसले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको राष्ट्रिय स्तरको लघुवित्त संस्थाका रूपमा स्वीकृति प्राप्त गरी लघुवित्त क्षेत्रमा एक प्रमुख थोककर्जा प्रदायक संस्थाका रूपमा कारोबार गर्दै आएको छ । लघुवित्तका प्रचलित अभ्यासहरू भन्दा फरक ढङ्गले स्थानीय तहमा सवल, सक्षम, स्वायत्त र दिगो संस्थाहरूको निर्माणबाट मात्र गरिबी न्यनीकरणको गतिलाई तीव्रता प्रदान गर्न सकिन्छ भन्ने यो वित्तीय संस्थाको मान्यता रहेको छ । वित्तीय संस्थाले ग्रामीण विपन्न तथा साना किसानहरूको आर्थिक र सामाजिक विकासका लागि उनीहरूकै स्थानीय सक्षम संस्थाहरू मार्फत लघुवित्त तथा सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

### १.१ ऐतिहासिक पृष्ठभुमी

साना किसान विकास कार्यक्रमको लामो यात्रामा विभिन्न नवप्रवर्तनीय अभ्यासहरु भए । गाउँ गाउँमा साना किसान सहकारीहरुको स्थापना भयो भने वित्तीय छाता संस्थाको रूपमा वि.सं. २०५८ मा साना किसान विकास वित्तीय संस्था लिमिटेड स्थापना गरियो । त्यसै गरी सहकारी सञ्जालको रूपमा वि.सं. २०६३ मा नेपाल कृषि सहकारी केन्द्रीय संघ (साना किसानहरुद्वारा प्रवर्धित) को स्थापना भयो । साना किसानहरुलाई मूल्य शृङ्खलामा आवद्ध गर्न कृषि औद्योगीकरणमा लैजाने क्रम समेत सुरु भईसकेको छ ।

साना किसान विकास कार्यक्रम र वित्तीय संस्थाको ऐतिहासिक पृष्ठभूमि यहाँ संक्षेपमा प्रस्तुत गरिएको छ ।

### (क) साना किसान विकास आयोजना

ग्रामीण गरीबको आर्थिक अवस्थामा अपेक्षित सुधार गरी ग्रामीण विपन्नता कम गर्दै देशको समग्र आर्थिक अवस्थामा सुधार ल्याउने लक्ष्य राखेर नेपाल सरकार तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाबिच भएको विचार-गोष्ठीको फलस्वरूप सन् १९७५ (वि.सं.२०३२) मा नेपालमा साना किसान विकास कार्यक्रमको थालनी भयो । कृषि विकास बैंकबाट देश भरका तत्कालीन ६ सय ५२ गाउँ विकास समितिका करिब २ लाख १० हजार साना किसान परिवार समेटेर गाउँगाउँमा साना किसान विकास आयोजनाहरू खोली कार्यक्रमको विस्तार गरियो । कृषि विकास बैंकको ग्रामीण विकास एकाईको रूपमा यी आयोजनाहरुले ग्रामीण साना किसानहरुको आर्थिक तथा सामाजिक विकास गर्ने मात्र नभई वित्तीय साधन स्रोतमा उनीहरुको पहुँच बढाउन समेत ठूलो मद्दत पुऱ्यायो ।

### (ख) साना किसान संस्थागत विकास

साना किसान विकास आयोजनाको विस्तारसँगै यसको दिगोपनालाई लिएर विभिन्न छलफलहरु सुरु भयो । साथै कार्यक्रम भित्रै लक्षित वर्गको स्वामित्व स्थापना, सशक्तीकरण र नेतृत्वदायी भूमिका स्थापना हुनुपर्ने आवश्यकता महसुस हुँदै गयो । कार्यक्रमको विस्तार खर्च न्यूनतम बिन्दुमा राख्दै लागतको दृष्टिकोणले समेत प्रभावकारी बनाउने एवम् स्थानीय तहमा नेतृत्व विकास गरी कार्यक्रमलाई दिगो रूपमा सञ्चालन हुने उपायको खोजी स्वरूप साना किसान संस्थागत विकासको अवधारणा ल्याईयो । आ.व. २०४२/४३ सालदेखि तत्कालीन जी.टी.जेड. तथा कृषि विकास बैंकको संयुक्त प्रयासमा साना किसान विकास कार्यक्रमभित्र स्थानीय रूपमा नै संस्थागत विकास गर्नेगरी सम्बन्धित साना किसानहरूको प्रत्यक्ष सहभागिता बढाउन समूह, अन्तरसमूह र मूल समिति गरी तीन तहात्मक स्थानीय साङ्गठनिक स्वरूपको अभ्यास सुरु गरियो । नेतृत्व एवम् व्यवस्थापकीय क्षमता विकासका लागि विविध कार्यक्रमहरू सञ्चालन भए ।

संस्थागत विकास कार्यक्रमको सामाजिक पक्ष ज्यादै प्रभावकारी देखियो । साना किसानहरुमा नेतृत्व बहन गर्ने सीपको प्रभावकारी रूपमा विकास भयो । स्थानीय आवश्यकता अनुसारका विषयहरुमा स्थानीय साना किसान नेतृत्वले निर्णय प्रकृयामा परिपक्वता र सक्षमता प्रदर्शन गरे । यसबाट साना किसानहरुले स्वतन्त्रतापूर्वक आफ्नो सङ्गठन सञ्चालन गर्न सक्ने कुरामा कृषि विकास बैंक विश्वस्त भयो । साना किसानका यस्ता संस्थाहरुलाई कुन कानुनी स्वरूपमा संस्थागत गर्ने भन्ने उपायहरुको खोजी हुन

थाल्यो । तत्कालीन अवस्थामा यस्ता सङ्गठनलाई दर्ता गर्न सक्ने उपायहरुमा कम्पनी, सामाजिक संस्था (गैरसरकारी संस्था) वा सहकारीको स्वरूप मध्ये कुनै एक उत्तम विकल्प छान्न सकिने देखियो । साना किसानहरुसँग छलफल र अन्तरक्रियाहरु भए । कानुनी र व्यवस्थापकीय परामर्शहरु लिईए । विज्ञहरुका सुझावहरु प्राप्त भए । र, अन्तमा यस्ता संस्थाहरुलाई सहकारी स्वरूपमा कानुनी मान्यता प्रदान गर्न उचित हुने उत्तम विकल्प ठहर भयो ।

### (ग) साना किसान सहकारी संस्था लि.

संस्थागत विकास कार्यक्रमले स्थानीय साना किसानहरुको नेतृत्व र व्यवस्थापकीय क्षमतामा ल्याएको परिवर्तन स्वरूप उनीहरू आफैं कृषि विकास बैंक समक्ष **'साना किसान विकास आयोजनाको व्यवस्थापन हस्तान्तरण गरी लिन'** माग गर्न सक्ने अवस्थामा पुगे । साना किसानहरूको गाविस स्तरमा निर्माण भएका सङ्गठनलाई उत्तम विकल्पको रूपमा प्रचलित सहकारी ऐन बमोजिम दर्ता गरियो । आ. व. २०५०/५१ देखि कृषि विकास बैंकले साना किसान विकास आयोजनाको व्यवस्थापन र स्वामित्व तिनै स्थानीय साना किसानहरूको स्थानीय सहकारी संस्थालाई हस्तान्तरण गर्न सुरु गऱ्यो । यस प्रकार नेपालले एउटा लामो अभ्यास पछि ग्रामीण सशक्तीकरण र दिगो सङ्गठनको नविनतम मोडेल विकास गर्न सफल भयो । यिनै सहकारीहरुलाई साना किसान सहकारी नामाकरण गरियो । यी साना किसान सहकारी संस्थाहरुलाई कृषि विकास बैंकको व्यवस्थापनमा रहेको साना किसान विकास आयोजनाका सम्पूर्ण सम्पत्ति तथा दायित्वहरु हस्तान्तरण गरियो । सहकारी संस्थालाई आवश्यक पर्ने थोक कर्जा कृषि विकास बैंकले नै उपलब्ध गराउने व्यवस्था मिलाईयो । संस्थाहरु स्वतन्त्ररूपमा सञ्चालन हुन थाले र कृषि विकास बैंकले १९ वर्ष देखि विकास गर्दै आएको कार्यक्रमबाट प्रत्यक्ष संलग्नता क्रमशः हटाउँदै लग्यो ।

### (घ) साना किसान सहकारी संस्था लि. का विशेषता

साना किसान सहकारी अभियान नेपाल सरकारको गरिबी निवारण अभियानबाट सुरु भएको हुँदा परम्परागत सहकारीहरु भन्दा यसमा विशिष्ट किसिमका विशेषताहरु रहेका छन् । यो नेपालको मौलिक नमुना हो र यो मोडेललाई हिजो आज धेरै सहकारी संस्थाहरुले समेत रुचाएको पाइएको छ । यसका विशेषतालाई तल संक्षिप्तमा उल्लेख गरिएकोछ ।

## तालिका-१ साना किसान सहकारी संस्थाका विशेषता

| क्रसं | आधार | परम्परागत सहकारी संस्थाहरु | साना किसान सहकारी संस्थाहरु |
|---|---|---|---|
| १ | लक्षित वर्ग | तोक्न आवश्यक छैन । | विपन्न तथा साना किसानहरु (महिला, दलित र पिछडिएको वर्ग विशेष रूपमा) मात्र यसका सदस्य हुन सक्ने । |
| २ | कार्य क्षेत्र | ◆ जति सुकै सानो वा ठूलो क्षेत्र हुन सक्ने ।<br>◆ स्थान छनौटको सुविधा रहेको । | ◆ एक गा.पा. मा २ वटा, एक न.पा. मा ३ वटा र एक उ.म.न.पा. मा ५ वटा मात्र हुनसक्ने ।<br>◆ सबै वडामा सदस्यता हुनै पर्ने व्यवस्था रहेको । |
| ३ | सदस्य | एकै घरका धेरै जना हुन सक्ने । | एक घरधुरी एक सदस्य । |
| ४ | सदस्य सङ्ख्या | १०० जना भन्दा बढी । | ३७५ घरधुरी भन्दा बढी लक्षित वर्ग सदस्य हुनुपर्ने । |
| ५ | सङ्गठन | सञ्चालक समिति | त्री-तहात्मक सङ्गठनको व्यवस्थाः समुह, अन्तरसमुह र सञ्चालक समिति । |
| ६ | सहभागिता | कमजोर वर्गको नेतृत्व स्थापित हुने संस्थागत व्यवस्थाको अभाव | सर्वसाधारण साना किसानहरु नै नेतृत्वमा आउन सक्ने र विभिन्न क्रियाकलापमा सहभागि हुन सक्ने प्रणालीगत व्यवस्था रहेको । |
| ७ | कृषिमा आधारित | विविधता रहेको । | साना किसान र कृषि व्यवसायमा नै केन्द्रित रहेको । |
| ८ | सामाजिक परिचालन | बाध्यता नरहेको । | विपन्न र गरिबहरुको सामाजिक र आर्थिक रूपान्तरणका लागि सामाजिक परिचालनको अन्तरनिर्मित व्यवस्था रहेको । |
| ९ | लघुवित्त सेवा | वाध्यता नरहेको । | अनिवार्य रूपमा लघुवित्त सेवामा समर्पित । |
| १० | कृषकको बहुआयमिक संरक्षण कार्यक्रम | वाध्यता नरहेको । | सदस्य सुरक्षण, पशुधन सुरक्षण, ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता, कृषि सामाग्री आपूर्ति सेवा, कृषि बजार व्यवस्था आदि सदस्य संरक्षणका बहुआयमिक कार्यक्रम सञ्चालन । |
| ११ | मुनाफा गर्नुको उद्देश्य | लाभांश वितरण । | सामाजिक पुँजी निर्माणमा लगानी । |
| १२ | विशिष्टिकृत बैंक स्थापना | नभएको । | साना किसान कृषि सहकारी संस्थाहरुकै लगानीमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को स्थापना भएको । |
| १३ | कार्यसञ्चालनमा एकरूपता | नभएको । | नेपाल भरीका साना किसान कृषि सहकारी संस्थाहरुको कार्यसञ्चलनमा एकरूपता रहनु पर्ने विधि रहेको, जसले गर्दा एकरूपता कायम रहेको । |
| १४ | अनुगमन निरीक्षण | सहकारी विभाग । | सहकारी विभागबाट हुने अनुगमन निरीक्षणका अतिरिक्त साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले शुक्ष्मरूपमा अनुगमन गर्ने र उनीहरुको क्षमता विकासमा निरन्तर सहयोग गर्ने व्यवस्था रहेको । |
| १५ | मौलिक नमुना | परम्परागत अभ्यास । | साना किसान सहकारी मोडेल नेपाली माटोमा उत्पत्ति, प्रयोग र सफलतापूर्वक सञ्चालनमा रहेको मौलिक मोडेलको रूपमा स्थापित भै सकेको । अन्तर्राष्ट्रिय रूपमा "साना किसान मोडेल" चिनिएको र चर्चामा आएको । |

## १.२ साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

कृषि विकास बैंकको व्यावसायिक प्राथमिकतामा भएको परिवर्तन, साना किसान विकास कार्यक्रमले हासिल गरेको उपलब्धी, सरकारको दायित्व र भर्खर स्थापना भएका साना किसान सहकारी संस्थाहरुको आवश्यकताले साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. स्थापना गर्न प्रेरित गर्‍यो ।

### (क) साना किसानहरुको छाता संस्थाको रूपमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

साना किसान सहकारी संस्थाहरूलाई गरिबी न्यूनीकरणमा स्वस्फूर्त र दिगोरूपमा सञ्चालन हुन सक्ने तुल्याउन एवम् वित्तीय तथा प्राविधिक सहयोग पुर्‍याउन कृषि विकास बैंकभित्र विशिष्ट विभागहरू स्थापना गरिए पनि कृषि विकास बैंकका बृहत् कार्यक्रमहरू एवम् परिवर्तित प्राथमिकताका कारणले साना किसान विकास अभियानमा प्रशस्त योगदान पुग्न नसक्ने हो कि भन्ने चिन्ता पनि बढ्दै गयो । सक्षम र सवल स्थानीय ग्रामीण संस्था बन्न सहयोग पुर्‍याउने एवम् लघुवित्त सेवाबाट वञ्चित क्षेत्रमा साना किसान सहकारी संस्था गठन गरी विपन्न तथा साना किसानहरूको आर्थिक तथा सामाजिक विकासका लागि वित्तीय पहुँच विस्तार गर्ने मात्र विशिष्ट उद्देश्य लिएर एक छुट्टै राष्ट्रिय स्तरको बैंक स्थापना हुनुपर्ने आवश्यकता महसुस गरियो । यसै सन्दर्भमा कृषि विकास बैंकको अगुवाइ र नेपाल सरकारको सहयोग एवम् साना किसान सहकारी संस्थाहरुको समेत सहभागितामा वि. सं. २०५८ साल असार २२ गते साना किसान विकास बैंकको स्थापना भयो । आरम्भमा बैंकका संस्थापक शेयरधनीहरूमा नेपाल सरकार, कृषि विकास बैंक लि., नबिल बैंक लि., नेपाल बैंक लि. र २१ वटा साना किसान सहकारी संस्थाहरू रहेका थिए ।

वि. सं. २०६७/६८ मा नेपाल सरकारको स्वामित्वमा रहको शेयर विभिन्न साना किसान सहकारी संस्थाहरूलाई बिक्री गरे पश्चात् हाल कृषि विकास बैंक लि., नबिल बैंक लि., नेपाल बैंक लि. र २३१ वटा साना किसान सहकारी संस्थाहरूका तर्फबाट करिब ७०% संस्थापक शेयर र सर्वसाधारण शेयरधनीहरूको करिब ३०% शेयर रहेको छ ।

### (ख) कृषि विकास बैंकबाट साना किसान विकास बैंकमा कारोबार हस्तान्तरण

कृषि विकास बैंकद्वारा प्रवर्द्धन गरिएका २१० वटा साना किसान सहकारी संस्थाहरूको उक्त बैंकसँगको ऋण कारोबार वि. सं. २०६३ सम्ममा क्रमशः साना किसान विकास बैंकमा सारियो । साना किसान सहकारी संस्थाहरूले कृषि विकास बैंकलाई तिर्न बाँकी कर्जा सापट साना किसान विकास बैंकलाई तिर्नुपर्ने र अब उप्रान्त साना किसान सहकारी संस्थाहरूलाई आवश्यक पर्ने कर्जा सापट साना किसान विकास बैंकले उपलब्ध गराउने व्यवस्था मिलाइयो । कृषि विकास बैंकले साना किसान कृषि सहकारी संस्थाहरुमा बाँकी रहेको डेढ अर्ब भन्दा बढी कर्जा रकम वित्तीय संस्थालाई हस्तान्तरण गरेकोमा यस वित्तीय संस्थाले उक्त रकम कृषि विकास बैंकलाई भुक्तानी गरिसकेको छ ।

### (ग) साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को स्वायत्त व्यवस्थापन

कृषि विकास बैंकले साना किसान विकास बैंकको स्थापनादेखि नै महाप्रबन्धक एवम् दक्ष कर्मचारीहरू काजमा पठाई यसको व्यवस्थापन गर्दै आएको थियो । वि. सं. २०६६ मा खुला प्रतिस्पर्धाका आधारमा प्रमुख कार्यकारीको व्यवस्था गरियो । वि. सं. २०६७ मा यस बैंकको सञ्चालक समितिको अध्यक्ष पदमा पहिलोपटक साना किसान सहकारी संस्थाका प्रतिनिधिको चयन भयो । कृषि विकास बैंकबाट आउनुभएका कर्मचारीहरू क्रमशः फिर्ता भई आवश्यक सङ्ख्यामा कर्मचारीहरू भर्ना गर्न थालियो । वि. सं. २०६९ मा सर्वसाधारणमा शेयर निष्काशन भएपश्चात् पूर्ण सङ्ख्याको सञ्चालक समिति गठन भयो ।

यसरी साना किसान विकास कार्यक्रमको उपजको रूपमा स्थापित साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. २०६७ देखि स्वायत्त व्यवस्थापनमा पूर्ण जिम्मेवारीका साथ प्रभावकारी परिणाम निकाल्न सफल भएको छ ।

### (घ) वित्तीय संस्थाका कार्यहरु (Functions)

यस वित्तीय संस्थाले हालसम्म निम्न क्रियाकलापलाई आफ्नो कार्यक्षेत्रको रूपमा लिएको छ ।

- साना किसान सहकारी संस्था लगायत अन्य यस्तै प्रकृतिका लघुवित्त संस्थाहरुलाई छोटो र मध्यम अवधिको थोककर्जा र पुनरकर्जा प्रदान गर्ने ।
- नेपाल सरकार तथा दातृसंघ/संस्थाहरुबाट प्राप्त स्रोत परिचालन गरी संस्थाहरु मार्फत सामाजिक तथा सामुदायिक कार्यक्रम सञ्चालनमा सहयोग पुर्‍याउने ।
- आबद्ध संस्थाहरुको साङ्गठनिक तथा वित्तीय सक्षमता विकासको लागि आवश्यक वित्तीय सहयोग पुर्‍याउने ।
- संस्थाहरुको सबलीकरणका लागि नियमित परामर्श सेवा तथा अन्य प्राविधिक सहयोग पुर्‍याउने ।
- आबद्ध संस्थाहरुको वित्तीय कारोबार लगायत समग्र क्रियाकलापको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने ।

- विद्यमान साना किसान सहकारी संस्थाहरुलाई सेवा नपुगेका अन्य स्थानमा समान प्रकृतिका संस्थाहरु निर्माण गर्न साना किसान सहकारी अनुसरण (Replication) कार्यक्रम सञ्चालन गर्ने कार्यमा अभिप्रेरित, प्रोत्साहन र सहयोग गर्ने ।
- लघुवित्त सम्बन्धी अन्य देशमा संचालित असल अभ्यासको खोजी गरी आबद्ध संस्थाहरुमा समेत सञ्चालन गर्न अभिप्रेरित गर्ने ।
- संस्थाहरुको वित्तीय सक्षमता र दिगोपनालाई अभिवृद्धि गर्न आवश्यक रणनीति अवलम्बन गर्ने/गराउने ।
- ग्रामीण विकास एवम् लघुवित्तको यो सफल अवधारणा तथा प्रारूपलाई अरु संस्थामा समेत लागू गराउने ।
- नेपाल राष्ट्र बैंकको मार्गदर्शन अनुरूप संस्थाको वित्तीय सूचकाङ्क कायम गर्दै संस्थागत सुशासनमा रहने ।

## १.३ व्यावसायिक प्रकृया (प्रदान गरिने सेवा र प्रकृया)

### (क) स्रोत व्यवस्थापन :

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले पूर्ण बैंकिङ्ग कार्यहरु नगर्ने भएकोले बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त हुने विपन्नवर्ग कर्जा नै यसको प्रमुख वित्तीय स्रोत हो । नेपाल सरकारले विगत वर्षदेखि उपलब्ध गराउँदै आएको मासुजन्य तथा दुग्धजन्य (पशुपालन कर्जा), तरकारी खेती कर्जा यसको अर्को मुख्य वित्तीय स्रोत हो । यस वित्तीय संस्थाले नेपाल सरकार मार्फत अन्तर्राष्ट्रिय वित्तीय संघ/संस्था र सहयोगी निकायबाट समेत कर्जा प्राप्त गर्दै आएको छ । यसका अतिरिक्त वित्तीय संस्थाको शेयर पुँजी, जगेडा कोष, संचित मुनाफा र अन्य अनुदानबाट पनि पुँजी व्यवस्थापन गर्दै आएको छ ।

### (ख) वित्तीय संस्थाको सेवा प्रवाह संरचना :

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले साना किसान कृषि सहकारी संस्थाहरु तथा अन्य सहकारी संस्थाहरुलाई थोककर्जा तथा पुनःकर्जा सेवा उपलब्ध गराउँछ । यस वित्तीय संस्था ले ११ वटा इलाका कार्यालय मार्फत सेवा उपलब्ध गराउँदै आएको छ । संस्थाहरुको अनुगमन, निरीक्षण तथा कर्जा प्रवाह गर्नका लागि सबै कार्यालयहरु जिम्मेवार छन् । वित्तीय संस्थाले विपन्न तथा गरीबहरुमा लघुवित्त सेवा पुऱ्याउन साना किसान कृषि सहकारी तथा समान प्रकृतिका अन्य सहकारी मार्फत थोक कर्जा उपलब्ध गराउँछ । सम्झौतामा उल्लेख गरिने शर्तानुसार लक्षित वर्गमा उक्त कर्जा प्रवाह गर्ने जिम्मेवारी तिनै साझेदार संस्थाहरुको हुनेछ । संस्थाहरुले प्रभावकारी सेवा प्रदान गर्न सकुन भनेर यस वित्तीय संस्थाले साझेदार संस्थाहरुको क्षमता अभिवृद्धि लगायत अन्य प्राविधिक सहयोग समेत उपलब्ध गराउँछ ।

यसका अतिरिक्त विपन्न तथा साना किसानहरुको संस्थागत क्षमता तथा सामाजिक सवलीकरणका लागि सरकार तथा अन्य दातृसंस्था र साना किसान संस्थाहरुको बिचमा रहेर पुलको काम पनि गर्दै आएको छ । साना किसान सहकारी अनुसरण कार्यक्रम मार्फत देशका विभिन्न ग्रामीण समुदायका महिला, दलित मधेशी जनजाति र अन्य पिछडिएका वर्गलाई सेवा पुऱ्याउँदै आएको छ ।

### (ग) वित्तीय संस्थासँग आवद्धता :

**अ. आवद्धता प्राप्त गर्न अनिवार्य :** साना किसान विकास लघुवित्त वित्तीय संस्थासँग कारोबार गर्न ईच्छुक सहकारी/लघुवित्त संस्थाहरुले यस वित्तीय संस्थाको कारोबारमा आवद्धताका लागि आवेदन गर्नु पर्छ । त्यस्ता संस्थाहरुको कानुनी, वित्तीय, व्यवस्थापकीय तथा सुशासनका विषयमा वित्तीय संस्थाले संस्थागत परीक्षण गर्दछ । संस्थागत परीक्षण गर्दा कुनै कमी कमजोरीहरु पाईएमा सो सुधार भैसकेपछि मात्र संस्थाहरुलाई आवद्ध गर्ने र सेवाहरुमा सरिक गराउने कार्य गर्दछ ।

**आ. आवद्धताका लागि मापदण्डहरु :** वित्तीय संस्थाको सेवामा आवद्ध हुन देहाय अनुसारको मापदण्ड पुरा गरेको हुनु पर्छ :

## (१) तालिका नं. २ वित्तीय सूचकहरू

| क्र. सं. | सूचकहरू | | वित्तीय संस्थासँग कारोबार शुरु गरेको वर्ष | | |
|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो/तेस्रो | तेस्रो वर्ष पछि |
| १ | **पुँजीकोष अनुपात :** | क) प्राथमिक पुँजीकोष | >२% | >४% | >५% |
| | | ख) जम्मा पुँजीकोष | >५% | >८% | >१०% |
| २ | बाह्य ऋण/लगानीमा रहेको ऋण अनुपात | | <७०% | <६५% | <६०% |
| ३ | नेटवर्थ | | धनात्मक नेटवर्थ हुनु पर्ने | | |
| ४ | सञ्चालन स्वसक्षमता | | >१००% | >१०५% | >११०% |
| ५ | वार्षिक असुलीदर | | >८०% | >९०% | >९०% |
| ६ | सक्रिय ग्राहक सङ्ख्या | | >८०% | >९०% | >९०% |
| ७ | लररमा कर्मचारी प्रशासनिक खर्च अनुपात | | <५% | <४% | <४% |
| ८ | ऋण सम्पत्ति (लरर) मा वृद्धि दर | | - | १०% | १५% |
| ९ | महिला सञ्चालक प्रतिशत | | >३३% | >३३% | >३३% |

### (२) सुशासन

- संस्थाको तीन वर्षीय व्यावसायिक योजना निर्माण भई सोहीअनुसार संस्थाका कार्यक्रमहरू सञ्चालन भएको हुनुपर्ने,
- साना किसान विकास लघुवित्त वित्तीय संस्थालाई मान्य हुने किसिमले वित्तीय कारोबारको प्रचलित दोहोरो लेखा प्रणाली (Double Entry Accounting System) को आधारमा हर-हिसाब किताब अद्यावधिक रूपमा राख्ने गरेको र बाह्य लेखा परीक्षकद्वारा प्रत्येक वर्ष लेखापरीक्षण भएको हुनुपर्ने,
- संस्थामा निम्नानुसारका सञ्चालक पदाधिकारी र कर्मचारी रहेको अवस्थामा उक्त संस्था यस वित्तीय संस्थाबाट कर्जा प्राप्त गर्न अयोग्य हुनेछ,-
- संस्थाका सञ्चालक पदाधिकारी, कर्मचारी तथा निजका एकाघर परिवारहरूको नाममा संस्थामा कुनै किसिमको भाखा नाघेको कर्जा बाँकी रहेको ।
- संस्थाका सञ्चालक, कर्मचारी र अन्य कुनै पनि सदस्यहरूको नाममा संस्थाले तोकेको कर्जा लिन पाउने अधिकतम सीमाभन्दा बढी कर्जा प्रवाह भएको ।
- सञ्चालक, कर्मचारी र अन्य कुनै पनि सदस्यहरूको नाममा संस्थामा बेरुजु तथा फर्छ्यौट हुनुपर्ने समय सीमाभन्दा १ महिना वा सोभन्दा बढी अवधिले पेस्की बाँकी रहेको ।
- संस्थाका सञ्चालक पदाधिकारी र कर्मचारीहरूले अन्य बैंक तथा वित्तीय संस्थासँग कर्जा लिई भाखा नघाई रहेको वा अन्य बैंक तथा वित्तीय संस्थाहरूले कालोसूचीमा राखेको एवम् अन्य बैंक तथा वित्तीय संस्थासँग लिएको कर्जा तिर्न नसकि अदालतले टाट पल्टेको फैसला सुनाएको ।

**(३) अनुभव :** कम्तीमा २ वर्षदेखि लक्षित समूह/वर्गका व्यक्तिहरूमा बचत सङ्कलन र कर्जा प्रवाह गर्ने कार्य गर्दै आई रहेको हुनुपर्नेछ ।

### (घ) कर्जा लगानी व्यवस्था:

(अ) **थोक कर्जा प्रदायक :** लघुवित्त क्षेत्रका लागि थोक कर्जा प्रवाह गर्ने कार्य नै यस वित्तीय संस्थाको प्रमुख व्यवसाय हो । यसले साना किसान सहकारी संस्थाहरु तथा अन्य समान प्रकृतिका सहकारी संस्थाहरुलाई लघुवित्त प्रयोजनका लागि थोक कर्जा प्रवाह गर्दछ । लगानीलाई व्यवस्थित गर्न कर्जा नीति, कार्यविधि, मापदण्ड तर्जुमा गरिएका छन् । यी नीति नियम र कार्यविधिहरु प्रचलित कानून एवम् केन्द्रीय बैंकको निर्देशन एवम् लघुवित्तका मान्यता र अभ्यास अनुरूप रहेकाछन् ।

(आ) **लक्षित समुदाय (जनसङ्ख्या) :** संस्थाहरुले तपसिल बमोजिमका समुदायमा कर्जा प्रवाह गर्नु पर्ने व्यवस्था रहेको छ :

- पहाड वा तराइमा १५ रोपनी र तराइमा १ विगाहा भन्दा कम जग्गा भएको
- नियमित आम्दानी नभएका र अत्यन्त कठिन वर्गका जिवन निर्वाह गरिरहेको व्यक्ति वा परिवार
- अन्य बैंक वित्तीय संस्था तथा सरकारी कर्जा बाँकी नभएको व्यक्ति तथा परिवार
- दलित, मधेशी, पिछ्डिएका वर्ग, महिला तथा लघुउद्यमीहरु ।

### (इ) धितोसम्बन्धी व्यवस्था :

साना किसान सहकारी संस्था तथा अन्य सहकारी संस्थाहरुले कर्जा प्राप्त गर्नका लागी उपरोक्त मापदण्डहरु पुरा गरेको हुनुपर्दछ। वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा संस्थाहरुसंग कुनै धितो लिँदैन तर यसले संस्थाका सञ्चालकहरुको व्यक्तिगत जमानी तथा संस्थागत जमानी आवश्यक मान्दछ।

### (ई) कर्जा स्विकृत सीमा :

वित्तीय संस्थाले कर्जा स्वीकृति प्रकृयालाई इलाका कार्यालय लाई १२ करोड सम्म र केन्द्रीय कार्यालयलाई २० करोड सम्म कर्जा स्विकृत गर्न सक्ने अधिकार छ। सो भन्दा माथिको स्विकृतिको लागी सञ्चालक समितिको पूर्वस्विकृति लिनु पर्ने व्यवस्था रहेको छ।

### (उ) वित्तीय संस्थाबाट उपलब्ध गराइएका कर्जाका प्रकारहरु:-

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले विभिन्न प्रकारका कर्जाहरु उपलब्ध गराउदै आएको छ। (क) लघुवित्त थोक कर्जा, (ख) पशुपालन तथा दुग्ध उत्पादन कर्जा, (ग) नविकरणीय उर्जा कर्जा, (घ) भुकम्प प्रभावित क्षेत्रका लागी जिविकोपार्जन कर्जा, (ङ) ग्रामीण उद्यम कर्जा, (च) विशेष क्षेत्रका लागि कृषि कर्जा र आ.व. २०७७/७८ देखि शुरु गरिएका थप कर्जाहरु (छ) विपन्न तथा साना किसानमा कोभिड-१९ बाट परेको आर्थिक असर कम गर्न प्रदान गरिने 'पुनरुत्थान कर्जा' (ज) ग्रामीण स्वावलम्बन कर्जा, (झ) बागमती प्रदेश सरकारसँग साझेदारीमा सञ्चालन हुने 'सहुलियतपूर्ण कर्जा' आदि। कर्जाको सम्बन्धमा अन्य जानकारी वित्तीय संस्थाको वेबसाइट तथा कार्यालयहरुबाट प्राप्त गर्न सकिन्छ।

### (ऊ) सेवा प्राप्त गर्न लाग्ने ब्याजदर र अवधि :

हाल यस वित्तीय संस्थाले प्रवाह गर्ने कर्जामा प्रतिवेदन मितिमा कायम रहेको ब्याजदर तालिका - ६ मा प्रस्तुत छ।

## २. विगत वर्षहरुको वित्तीय अवस्था :

मुलुकको समग्र आर्थिक परिवेशमा भएको उतार-चढाव र वित्तीय बजारमा तीव्र प्रतिस्पर्धा हुँदा हुँदै पनि यो वित्तीय संस्था लघुवित्तको सेवा विस्तार गर्दै वित्तीय स्थितिमा उल्लेखनीय सुधार गर्न सफल भएको छ। यस वित्तीय संस्थाले आ.ब. २०७६/७७ मा ९९,०४१ थप विपन्न तथा साना किसान परिवारमा सेवा विस्तार गरी कुल ८,२७,९३४ परिवारलाई लघुवित्त सेवा पुऱ्याउन सफल भएको छ। अघिल्लो आ.व.सम्म यस वित्तीय संस्थामा कुल ७५० सहकारीहरु आवद्ध रहेकामा सो सङ्ख्या ११४६ पुगेको छ।

आ.व. २०७५/७६ को अन्तमा कुल लगानीमा रहेको रकम रु. २० अर्ब ४५ करोड ७० लाख रहेकोमा समीक्षा वर्षमा ४.४७ प्रतिशतले वृद्धि भई २०७७ असार मसान्तमा रु. २१ अर्ब ३७ करोड २३ लाख पुगेको छ। साथै आ.व. २०७५/७६ मा रु. १७ अर्ब ७२ लाख कर्जा लगानी गरेकोमा समीक्षा बर्षमा २.२३ प्रतिशतले ह्रास आई रु. १७ अर्ब ३२ करोड ४७ लाख एवम् कर्जा असूलीमा समीक्षा वर्षमा १५.८९ प्रतिशतले वृद्धि भई कर्जा असुली रु. १६ अर्ब ४० करोड ९५ लाख पुगेको छ।

आ.व. २०७५/७६ मा कुल सञ्चालन आम्दानी रु. ९२ करोड १ लाख रहेकोमा आ.व. २०७६/७७ मा २३.९९ प्रतिशतले वृद्धि भई रु. १ अरब १४ करोड २ लाख पुगेको छ। साथै आ.व. २०७५/७६ मा खुद मुनाफा रु. ४९ करोड १५ लाख रहेकोमा आ.व. २०७६/७७ मा १३.१६ प्रतिशतले बृद्धि भई रु. ५५ करोड ६२ लाख पुगेको छ। २०७७ असार मसान्तमा वित्तीय संस्था को संचित नाफा रु. ४८ करोड ४० लाख रहेको थियो। कोभिड १९ को महामारीले उत्पन्न विषम परिस्थितिमा पनि बोनश शेयरको माध्यमबाट २५ प्रतिशतले शेयर पूँजी वृद्धि गर्न यो वित्तीय संस्था सफल भएको छ। वित्तीय संस्थाले आफनो कारोवारको शुरुवातदेखि नै कर्जाको गुणस्तरलाई उच्च राख्न सफल भएको छ।

### तालिका-३ वित्तीय विवरणको सारांश

*(रु हजारमा)*

| क्रसं | विवरण | २०७७ असार | २०७६ असार | बृद्धि/(ह्रास) |
|---|---|---|---|---|
| १ | शेयर पुँजी | १,२५०,२८७ | १,०००,२२९ | २५.००% |
| २ | साधारण जगेडा कोष | ४९७,३९७ | ३८६,१५३ | २८.८१% |
| ३ | सञ्चित मुनाफा | ४८४,००३ | ४००,३०६ | २०.९१% |
| ४ | ऋण सापटी | १९,३७४,२४३ | १७,६५०,३४० | ९.७७% |
| ५ | खुद लगानीमा रहेको रकम | २०,८२३,४८१ | २०,१५४,६५६ | ३.३२% |
| ६ | अन्य लगानी | ८९१,१७१ | १९१,१७१ | ३६६.१६% |
| ७ | सञ्चालन मुनाफा | ८४२,४०१ | ७४३,८०८ | १३.२६% |
| ८ | खूद मुनाफा | ५५६,२१८ | ४९१,५१६ | १३.१६% |
| ९ | पूँजी पर्याप्तता (प्रतिशतमा) | १०.५७ | ९.३५ | १३.०५% |

## तालिका-४ केही महत्वपूर्ण वित्तीय सूचकहरु

(रु हजारमा)

| क्रसं | विवरण | सूचकाङ्क | आ.व.७६/७७ | आ.व.७५/७६ |
|---|---|---|---|---|
| १ | खुद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिशत | २४.५५ | २४.६९ |
| २ | प्रति शेयर आम्दानी | रु. | ४४.४९ | ४९.१४ |
| ३ | व्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | १०.०३ | ९.९९ |
| ४ | कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | ५.७८ | ४.७२ |
| ५ | कुल निक्षेप तथा सापटीमा व्याज खर्च | प्रतिशत | ५.५७ | ५.९१ |
| ६ | कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | १०७.३४ | ११९.८१ |
| ७ | खुद नाफा/कुल सम्पत्ति | अनुपात | २.२८ | २.२४ |
| ८ | कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | ५.८४ | ५.६८ |
| ९ | बुक नेटवर्थ (प्रति शेयर) | रु. | २३५.३६ | २४२.६७ |

## ३. चालु आर्थिक वर्षको उपलब्धी :

आ.व.२०७६/७७ को असोज मसान्तमा आयकर र वोनस व्यवस्था पछिको नाफा रु. १३ करोड ७८ लाख रहेकोमा चालु आ.व. २०७७/७८ को असोज मसान्तमा रु. १४ करोड हुन गएको छ। २०७६ को असोजमा खुद कर्जा तथा सापट रु. १९ अर्ब ३४ करोड रहेकोमा २०७७ असोज मसान्तमा रु. १८ अर्ब ४६ करोड पुगेको छ। २०७६ को असोजमा कुल निष्क्रिय कर्जा ०.०९ प्रतिशत रहेकोमा २०७७ साल असोज मसान्तमा ०.९९ प्रतिशत भएको छ। चालु आर्थिक वर्षको असोज मसान्तसम्मको संक्षिप्त प्रगति विवरण निम्नानुसार रहेको छ। कोभिड-१९ को कारणबाट भएको बन्दाबन्दीले कर्जा लगानी र सञ्चालन मुनाफामा केही सङ्कुचन आएको छ।

## तालिका-५ केही महत्वपूर्ण वित्तीय सूचकहरु

(रु हजारमा)

| क्रसं | विवरण | २०७७ असोज | २०७६ असोज | बृद्धि/(ह्रास) |
|---|---|---|---|---|
| १ | ऋण सापटी | १८,४६३,८१३ | १९,३४१,७८८ | -४.५४% |
| २ | कुल लगानीमा रहेको रकम | १९,३४१,९६० | १९,४९४,७८८ | -०.७८% |
| ३ | लगानी | २,०३६,१६४ | १,५८१,१७१ | २८.७८% |
| ४ | सञ्चालन मुनाफा | १८१,००० | १९५,७९५ | -७.५६% |
| ५ | खुद मुनाफा | १४०,०३० | १३७,७८१ | १.६३% |
| ६ | पूँजी पर्याप्तता (प्रतिशतमा) | १३.९१ | ११.९० | १६.८९% |

## ४. राष्ट्रिय/अन्तर्राष्ट्रिय परिदृष्य

### ४.१ लघुवित्तको विश्व प्रसङ्ग र साना किसान विकास अभियान:

राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा लघुवित्तका विभिन्न मोडेलहरु अवलम्बन गरिएका छन्। ती मोडेलहरुभन्दा साना किसान विकास कार्यक्रमले अवलम्बन गरेको मोडेल भिन्न छ। यो सेवा प्रदायक मोडेल नभएर लक्षित वर्गको स्वामित्व निर्माण एवम् सहभागितात्मक मोडेल पनि हो। यसका लागि ग्रामीण साना किसान सहकारी संरचनाको प्रणाली विकास भएको छ। विगत केही वर्षदेखि लघुवित्तको सन्दर्भलाई लिएर विश्वस्तरमा केही गम्भिर बहसहरु सुरु भएका छन्। यस क्षेत्रमा देखिएका विचलन र सुधारका कदमहरुलाई यस वित्तीय संस्थाले गम्भिरताका साथ लिएको छ। स्थानीय स्तरमा संस्था एवम् स्वामित्व सिर्जना, स्थानीय पुँजी निर्माण, सहकारी सिद्धान्त, मूल्य मान्यता र ग्राहक संरक्षण सिद्धान्त अनुपालनलाई महत्व दिईएको छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी एवम् अनुसन्धानहरुमा क्रमशः साना किसान मोडेलको पहिचान र प्रसार विस्तार हुँदै गएको छ। विश्वव्यापीकरणका लागि यसको प्राज्ञिक पक्षमा अझ धेरै मेहनत गर्न बाँकी नै छ।

### ४.२ विश्व अर्थतन्त्र :

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना (कोभिड-१९) को संक्रमणले मानवीय क्षति हुनुको साथै विश्व अर्थतन्त्रमा गम्भिर असर परेको छ। यो संक्रमणको रोकथाम र नियन्त्रण गर्न चालिएका कदमहरुबाट उत्पादन देखि आपूर्ति र उपभोगसम्मको श्रृङखला खल्बलिएको छ। सन् २०१९ मा २.९ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र कोभिड-१९ महामारी र यसबाट मानवीय क्षति कम गर्न विश्वभर अपनाईएका लकडाउन लगायतका

उपायहरुका कारण सन् २०२० मा ३ प्रतिशतले संकुचन हुने, विकसित मुलुकहरुको अर्थतन्त्र सन् २०१९ मा १.७ प्रतिशतले विस्तार भएकोमा सन् २०२० मा ६.१ प्रतिशतले संकुचन हुने र उदीयमान तथा विकासशील अर्थतन्त्र सन् २०१९ मा ३.७ प्रतिशतले वृद्धि भएकोमा सन् २०२० मा १ प्रतिशतले घट्ने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ ।

### ४.३ राष्ट्रिय आर्थिक परिदृष्य

आर्थिक सर्वेक्षण २०७६/७७ अनुसार २०७६ फागुन मसान्तसम्म मुद्रास्फिति, भुक्तानी सन्तुलन, विदेशी मुद्रा सञ्चिति, लगानी र वित्तीय परिसूचकहरु सन्तोषजनक रहेका छन् । यस अवधिमा आयातमा सङ्कुचन आएको र निर्यातमा विस्तार भएका कारण व्यापार घाटामा सुधार आएको छ भने शोधनान्तर स्थिति बचतमा रहेको छ । वित्तीय सेवामा उल्लेखनीय विस्तार भएको छ भने विदेशी लगानी उत्साहप्रद ढङ्गले बढेको छ । व्यावसायिक र लगानीको वातावरण जोखिमपूर्ण हुन थालेसँगै यो वर्ष आर्थिक वृद्धिदर न्यून हुने प्रारम्भिक अनुमान रहेको छ । आगामी दिनमा नागरिक जीवनलाई सुरक्षित बनाउँदै आर्थिक क्रियाकलापहरुको पुनरुत्थानमा प्राथमिकताका साथ अघि बढ्नु आवश्यक रहेको छ ।

सन् २०१९ को अन्त्यतिरबाट विश्वमा महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) बाट मुलुकको कृषि, उद्योग, यातायात, पर्यटन, होटेल तथा रेष्टुरेण्ट, निर्माण, थोक तथा खुद्रा व्यापारलगायत सेवा क्षेत्रहरुमा बढी असर परेको छ । कोरोना भाइरस प्रकोपको असर दक्षिण एशियाली मुलुकहरुमध्ये नेपालमा कम हुने अन्तर्राष्ट्रिय निकायहरुको अनुमान रहेतापनि यो वर्ष आर्थिक वृद्धिदर न्यून भई गरिबी र वेरोजगारीमा चाप पर्ने स्थिती छ ।

यस महामारीले विश्व आर्थिक गतिविधिमा सुस्तता आएसँगै वैदेशिक रोजगारीका अवसरहरु गुम्ने, तलब लगायतका सुविधाहरुमा कटौति हुने तथा वैदेशिक रोजगारीप्रतिको लगाव कम हुन सक्ने भएकोले आगामी दिनमा वैदेशिक रोजगारीमा गएका शहर फर्कने र वार्षिक करिब ५ लाख नयाँ श्रमशक्ति बजारमा प्रवेश हुने कारणले गर्दा बेरोजगार जनसङ्ख्यामा व्यापक वृद्धि हुने र अर्कोतिर विप्रेषण आप्रवाह समेत घट्ने देखिन्छ ।

आर्थिक वर्ष २०७६/७७ मा उत्पादकको मूल्यमा २.२८ प्रतिशत आर्थिक वृद्धि हुने केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान छ । चालु आर्थिक वर्षमा धान उत्पादन घट्नुको साथै कोभिड-१९ महामारीका कारण उत्पादन तथा आपूर्ति प्रणाली प्रभावित हुन गई अर्थतन्त्रका सबै क्षेत्र प्रभावित भएका छन् । आर्थिक वर्ष २०७६/७७ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन अमेरिकी डलर १०८५ पुग्ने अनुमान छ । यो अघिल्लो आ.व. मा अमेरिकी डलर १०३९ रहेको थियो ।

पन्ध्रौं योजनाले सबै नागरिकलाई मर्यादित र उत्पादनशिल रोजगारीका अवसर उपलब्ध गराउने दीर्घकालीन सोच लिएको छ । यस्तै, उक्त योजनाले देशभित्र उत्पादनशिल र मर्यादित रोजगारीका अवसर विस्तार गर्ने, असल औद्योगिक श्रमसम्बन्ध विकास गर्ने, बालश्रम लगायत सबै प्रकारका श्रमशोषण अन्त्य गर्ने वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्ने लगायतका उद्देश्यहरू राखेको छ ।

उल्लिखित सबै तथ्यहरूले कृषिलाई व्यावसायीकरण, यान्त्रिकरण र विविधिकरण गर्ने, मूल्यशृङ्खला स्थापित गर्ने र सीप, लगानी र पुँजीको समुचित सम्मिश्रणका लागि स्थानीय रूपमा संस्थागत विकास गराउने र उद्यमशिलता विकास कार्यमा अझ जोड दिनुपर्ने अवस्था देखाउँछ । निरपेक्ष गरिबीको रेखामुनि रहेका घर परिवारको जीवनस्तर माथि उठाई देशका स्वाभिमानी नागरिकको रूपमा बाँच्न सक्षम बनाउनु पर्ने आजको प्रमुख आवश्यकता र चुनौती भएकोले नेपाल सरकारको आवधिक विकास योजनाहरूमा ग्रामीण विकास र गरिबी निवारण कार्यक्रमलाई प्राथमिकता दिईंदै आएको छ ।

### ४.४ लघुवित्तको अवस्था

**(क) राष्ट्रिय आर्थिक परिदृष्य :**

विगत ३ वर्ष लगातार उच्च आर्थिक वृद्धिको बाटोमा हिडिरहेकोमा कोभिड–१९ महामारीका कारण चालु आर्थिक वर्ष नेपालको आर्थिक वृद्धिदर २.२८ प्रतिशत रहने केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान छ । स्वास्थ्य सङ्कटको भयावह अवस्थामा अर्थतन्त्रको व्यवस्थापन चुनौतीपूर्ण बनेको छ । आन्तरिक आर्थिक क्रियाकलापमा देखिएको शिथिलता, वैदेशिक रोजगारीमा उत्पन्न धक्का र आपूर्ति शृङ्खलामा देखापरेको असहजताका कारण वस्तु बजार, श्रम बजार र वित्तीय बजारको सन्तुलन प्रभावित हुने जोखिम बढेको छ ।

आर्थिक वर्ष २०७६/७७ फागुन मसान्तसम्ममा वित्तीय क्षेत्रमा पहुँच अभिवृद्धि हुँदै जानुको साथै वित्तीय कारोबार उल्लेख्य विस्तार भएको छ । वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनी स्थापनाका लागि इजाजत दिने कार्य स्थगन गरिएको र पुँजी वृद्धि सम्बन्धी नीतिका कारण बैंक तथा वित्तीय संस्था मर्जर/प्राप्तिमा सामेल हुँदै गएकाले बैंक तथा वित्तीय संस्थाको सङ्ख्या घट्दै गएको छ । यद्यपि विगत केहि वर्षयता वित्तीय क्षेत्रको विकास तथा सुदृढीकरणका लागि भएका नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन र सुधारका कारण वित्तीय पहुँच अभिवृद्धि हुनुका साथै वाणिज्य बैंकका शाखाहरु सबैजस्तो स्थानीय निकायमा स्थापना भैसकेको कारणले गर्दा वित्तीय कारोबारमा समेत उल्लेख्य विस्तार भएको छ ।

२०७७ असारमसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा सङ्ख्या ३,९४६ पुगेको देखिन्छ । सो अवधिमा सदस्य सङ्ख्या

५.७५ प्रतिशतले वृद्धि भई ४,६८७ हजार, ऋणी सङ्ख्या ४.५५ प्रतिशतले वृद्धि भई २,७८३ हजार पुगेको छ। लघुवित्त वित्तीय संस्थाहरुमा १९,०१७ जना कर्मचारीहरु कार्यरत रहेका छन् जुन २०७६ असारमसान्तको तुलनामा ९.०६ प्रतिशतले बढी हो।

आ.व.२०७६/७७ को फागुन मसान्तसम्म सहकारी संस्थाहरूको सङ्ख्या ३४ हजार ८ सय ३७, शेयर सदस्य सङ्ख्या ६५ लाख १५ हजार ४ सय ६० र शेयर पुँजी रु. ७७ अर्ब २४ करोड रहेको छ। सहकारी क्षेत्रमा रु. ३ खर्ब ५० अर्ब ५८ करोड बचत परिचालन भई रु. ३ खर्ब ४१ अर्ब ७१ करोड ऋण परिचालन भएको छ भने ६८ हजार ४ सय प्रत्यक्ष रोजगारी सिर्जना भएको छ।

आर्थिक सर्वेक्षण २०७६/७७ अनुसार २०७६ फागुनसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ९.७ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा ८ प्रतिशत्‌ले वृद्धि भई रु. ३४ खर्ब ९४ अर्ब २१ करोड रहेको छ। कर्जा प्रवाहमा १४.६ प्रतिशतले वृद्धि भई रु. ३१ खर्ब ५६ अर्ब ६१ करोड लगानीमा रहेको छ। आ.व.२०७५/७६ को सोही अवधीमा यस्तो कर्जा १४.६ प्रतिशतले वृद्धि भएको थियो। वाणिज्य बैंकहरुले कुल कर्जाको कम्तीमा १० प्रतिशत कृषि र १५ प्रतिशत् उर्जा तथा पर्यटनमा प्रवाह गर्नुपर्ने व्यवस्था अनुसार आर्थिक वर्ष २०७६/०७७ को फागुनसम्ममा २०.४ प्रतिशत् कर्जा प्राथमिकता क्षेत्रमा प्रवाह गरेका छन्।

आ.व. २०७६/०७७ को चैत्र मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरुको कुल निक्षेप १.९२ प्रतिशत्‌ले वृद्धि भई रु १ खर्ब ४ अर्ब ३ करोड ९० लाख पुगेको छ। अघिल्लो आ.व. मा निक्षेप ७३ प्रतिशत्‌ले वृद्धि भएको देखिन्छ। त्यसैगरी उक्त संस्थाहरुको २०७६ को चैत्र मसान्तसम्ममा कर्जा रकम ०.१३ प्रतिशत्‌ले वृद्धि भई रु २ खर्ब २७ अर्ब ५५ करोड ८० लाख पुगेको छ। अघिल्लो आ.व. मा कर्जा प्रवाह ६१ प्रतिशत्‌ले वृद्धि भएको देखिन्छ।

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुमध्ये वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरु गरी ६०.९ प्रतिशत नेपाली नागरिकको कम्तिमा एक निक्षेप खाता रहेको छ। साथै, करिब २२ प्रतिशत जनसङ्ख्याको सहकारी संस्थामा, १४ प्रतिशतको लघुवित्त वित्तीय संस्थामा र १९ प्रतिशतको बीमामा आवद्धता देखिएको छ। त्यसैगरी, धितोपत्र बजार अन्तर्गत हितग्राही खाता सङ्ख्या र कुल जनसङ्ख्याको अनुपात ५.३ प्रतिशत रहेको छ।

**(ख) वित्तीय पहुँच विस्तारमा लघुवित्त क्षेत्र अग्रणी :**

मुलुकले अवलम्बन गरेको दीर्घकालीन विकासका लक्ष्यहरुसँग सामञ्जस्यता कायम गर्ने गरी वित्तीय क्षेत्र विकास रणनीति तथा नेपाल राष्ट्र बैंकको रणनीतिक योजनासँग तादात्म्यता रहने गरी कार्यक्रम सञ्चालन गरिनेछ। वित्तीय सुशासन र सम्वर्द्धन (Financial Governance and Consolidation) लाई जोड दिँदै भुक्तानी प्रणालीको आधुनिकीकरण मार्फत वित्तीय पहुँच अभिवृद्धि गर्ने वित्तीय क्षेत्र कार्यक्रमको उद्देश्य हुनेछ। नेपाल सरकार र राष्ट्र बैंकको बीउपुँजी लगानीमा स्थापना भई नेपाल राष्ट्र बैंकमार्फत सञ्चालन हुँदै आएको ग्रामीण स्वावलम्बन कोष कार्यक्रमको सञ्चालन यस वित्तीय संस्थामार्फत हुने गरी हस्तान्तरण गरिएको छ।

२०७७ वैशाख मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १६३ रहेको छ, जस मध्ये २७ वाणिज्य बैंक, २३ विकास बैंक, २२ वित्त कम्पनी, ९० लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक रहेका छन्। त्यसैगरी बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ९,६९५ पुगेको छ।

२०७७ असार मसान्तसम्ममा 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरुको सङ्ख्या ८४ पुगेको छ। ८४ लघुवित्त वित्तीय संस्थाहरु मध्ये आरएमडिसी लघुवित्त, साना किसान विकास लघुवित्त, फर्स्ट माइक्रोफाइनान्स लघुवित्त र आरएसडिसी लघुवित्त वित्तीय संस्था गरी ४ वटा थोककर्जा प्रदायक लघुवित्त वित्तीय संस्था रहेका छन् भने बाँकी ८० वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त वित्तीय संस्थाहरु रहेका छन्। अघिल्लो आर्थिक वर्ष २०७५/७६ मा लघुवित्त वित्तीय संस्थाहरुको सङ्ख्या ९० रहेको थियो।

२०७७ असार मसान्तमा ८० वटा खुद्रा कर्जा लगानी गर्ने लघुवित्त संस्थाहरुको कर्जा लगानी रु. २ खर्ब २४ अर्ब रहेको छ। थोक कर्जा लगानी गर्ने ४ वटा लघुवित्त संस्थाहरुको लरर यस अवधिमा रु. ३७ अर्ब ९३ करोड पुगेकोमा साना किसान विकास लघुवित्त वित्तीय संस्थाको रु. २१ अर्ब ३७ करोड (५६.४२%), आर.एम.डी.सी.को रु. ८ अर्ब ६ करोड (२१.२४%), फर्ष्ट माईक्रो फाईनान्सको रु. ५ अर्ब ५९करोड (१४.७३%) र आरएसडीसीको रु. २ अर्ब ८९ करोड (७.६१%) रहेको छ। यस प्रकारका थोक कर्जा प्रदायक संस्थाहरु मध्ये साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. लघुवित्त कर्जा प्रदायकहरुको प्रमुख संस्था बन्न पुगेकोछ।

**(घ) मौद्रिक नीति र लघुवित्त:**

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति २०७६/७७ मार्फत लघुवित्तसँग सम्बन्धित गरेका व्यवस्थाहरुले लघुवित्त क्षेत्रमा मिश्रित प्रभाव पार्न सक्ने देखिएको छ।

अ) लघुवित्त वित्तीय संस्थाहरुको ईजाजत दिने कार्य स्थगन गरिएको छ। साथै, इजाजतको प्रक्रियामा रहेका लघुवित्त वित्तीय संस्थाहरुको इजाजत प्रक्रिया समेत रद्द गरिएको छ।

आ) प्रदेशस्तरमा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरुले

तोकिएको प्रदेश बाहेकका क्षेत्रमा सञ्चालनमा रहेका शाखा कार्यालय बिक्री, बन्द वा स्थानान्तरण गरी आफ्नो सम्पूर्ण कारोबार एउटै प्रदेशमा सीमित गर्नुपर्ने समय सीमा २०७७ असार मसान्तबाट बढाई २०७८ असार मसान्त कायम गरिएको छ।

इ) व्यावसायिक परियोजनाको लागि स्वीकारयोग्य धितो लिई तोकिएका कृषि, लघु उद्यम तथा व्यवसाय गर्ने विपन्न तथा न्यून आय भएका व्यक्ति, फर्म वा समूहलाई प्रदान गरिने कर्जा सीमा रु. ७ लाखबाट बढाई रु. १५ लाख कायम गरिनेछ।

ई) लघु वित्त वित्तीय संस्थाहरुले आफ्ना ग्राहकसँग लिने ब्याजदर अधिकतम १५ प्रतिशत कायम गरिनेछ। लघुवित्त वित्तीय संस्थामा आधार दर (Base Rate) गणना विधि तय गरी ब्याजदर निर्धारणलाई थप व्यवस्थित बनाइने छ।

उ) इजाजत प्राप्त 'क', 'ख', 'ग' र थोक कर्जा प्रवाह गर्ने 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरुले विपन्न वर्ग कर्जाको रूपमा लघुवित्तीय संस्थाहरुलाई प्रवाह गर्ने कर्जामा ०.५ प्रतिशत भन्दा बढी सेवा शुल्क लिन नपाइने व्यवस्था गरिनेछ।

ऊ) लघुवित्त वित्तीय संस्थाले निश्चित प्रयोजनका लागि स्थापित दीर्घकालीन कोषहरु बाहेकका रकम बैंक तथा वित्तीय संस्थामा ३ महिना भन्दा बढी अवधिको मुद्दती निक्षेपमा राख्न र नवीकरण गर्न नपाउने व्यवस्था गरिनेछ।

ए) स्थानीय तहका सबै वडाहरुमा वित्तीय पहुँच पुऱ्याउने उद्देश्यले लघुवित्त वित्तीय संस्थाहरुको शाखा नभएका वडाहरुमा मात्र शाखा खोल्न पाउने व्यवस्था मिलाइने छ।

ऐ) लघुवित्त वित्तीय संस्थाहरुमध्ये थोक कर्जा प्रवाह गर्ने तथा सर्वसाधारणबाट निक्षेप संकलन गर्न स्वीकृत प्राप्त संस्थाहरुले आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार समेत प्रकाशन गर्नुपर्ने व्यवस्था गरिनेछ।

## ५. साना किसान विकास लघुवित्त वित्तीय संस्थाको चालु वर्षको उपलब्धी र भावी योजना

### ५.१ कर्जा सेवाहरू

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले विभिन्न प्रकारका कर्जाहरू उपलब्ध गराउँदै आएको छ जसका देहाय बमोजिमका विशेषताहरू छन् :

(क) **लघुकर्जा** : ग्रामीण समुदायका महिला, दलित, विपन्न वर्गलाई लघुवित्त सेवाको विस्तार गर्न आवश्यक पर्ने पुँजीलाई लघु कर्जाको रूपमा वित्तीय संस्थाले साना किसान कृषि सहकारी संस्था लि.हरू तथा समान प्रकृतिका अन्य सहकारी संस्थाहरूलाई थोक कर्जाको रूपमा उपलब्ध गराउँदछ। आफ्नो पुँजी अपर्याप्त भई ऋण लगानीमा समस्या भएमा संस्थाहरूले आवश्यकता अनुसार यो कर्जा माग गर्न सक्दछन्।

(ख) **मासुजन्य/दुग्धजन्य (पशुपालन) कर्जा** : नेपाल सरकारको सहयोगमा वित्तीय संस्थाले आ.व. २०६७/६८ देखि हालसम्म निरन्तर रूपमा पशुपालन कर्जा कार्यक्रम कार्यान्वयन गरेको छ। मासु तथा दुग्ध जन्य पदार्थको उत्पादन बढाई मासु तथा दूधजन्य पदार्थको आयात प्रतिस्थापनमा सघाऊ पुऱ्याउन वित्तीय संस्थाले यो कर्जा कार्यान्वयनमा ल्याएको हो। वित्तीय संस्थाको कारोबारमा आवद्ध सहकारी संस्थाहरु मार्फत वार्षिक ९ प्रतिशत ब्याजदरमा पशुपालक किसानहरुलाई यो कर्जा उपलब्ध गराउँदै आएको छ।

(ग) **नविकरणीय उर्जा कर्जा** : युएनसिडिएफको प्राविधिक सहयोगमा लघु वित्त वित्तीय संस्थाले २०७१ सालमा आरम्भ गरेको नवीकरणीय ऊर्जा विकास कार्यक्रमलाई यस वित्तीय संस्थाले हाल आफ्नै स्रोतमा निरन्तरता दिँदै "साना किसानको घर, उज्यालो र धुवाँमुक्त घर" भन्ने नाराकासाथ नविकरणीय कर्जा उपलब्ध गराउँदै आएको छ। यो कर्जा बायो ग्याँस, सुधारिएको चुल्हो र सोलार पावर स्थापनाका लागि उपलब्ध गराईन्छ।

(घ) **भुकम्प प्रभावित क्षेत्रका लागि विशेष कर्जा** : वि.सं. २०७२ को प्रलयकारी भुकम्पबाट प्रभावित क्षेत्रका साना किसानहरुको आयआर्जन क्षमतामा परेको प्रतिकुल परि स्थितिमा टेवा पुऱ्याउने उद्देश्यले तीन जिल्लालाई लक्षित गरी नेपाल सरकार एवम् एसियाली विकास बैंकको सहयोगमा २०७३ सालदेखि साना किसान सहकारी संस्थाहरु मार्फत जीविकोपार्जन पुनरस्थपना कर्जा प्रदान गर्दै आएको छ।

(ङ) **तरकारी खेती कर्जा** : साना किसानलाई तरकारी खेतीमा व्यावसायिक रूपमा लाग्न अभिप्रेरित सहयोग पुऱ्याउने उद्देश्यले पहाडमा कम्तीमा एक रोपनी र तराइमा १.५ कट्ठा भन्दा बढी क्षेत्रफलमा तरकारी खेती गर्ने साना किसानलाई लक्षित गरी चालु आ.व. २०७६/७७ देखि व्यावसायिक तरकारी खेती कर्जा कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ।

(च) **सहकारी चिया उद्योगका लागि कार्यशील पुँजी कर्जा** : मूल्यशृङखलामा साना किसानको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार, अर्थ मन्त्रालयको सहयोग र नेपाल राष्ट्र बैंकको स्वीकृतिमा साना किसान सहकारी चिया उद्योगलाई कार्यशील पुँजी प्रदान गरिँदै आएको छ।

(छ) **कृषि कर्जा** : किसानका लागि उन्नत विउविजन कार्यक्रम

लागु भएका मध्य पश्चिम र पश्चिमाञ्चल क्षेत्र अन्तर्गतका रुकुम पूर्व, रुकुम पश्चिम, गुल्मी, अर्घाखाँची, सल्यान, प्युठान र रोल्पा जिल्लाका ८३ सहकारी मार्फत यो कर्जा कार्यक्रम परिचालन हुँदै आएको छ। ती संस्थाहरुबाट किसानलाई वार्षिक ९ प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध हुँदै आएको छ।

(ज) **ग्रामिण उद्यम कर्जा :** साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. मार्फत कार्यक्रम कार्यान्वयन गर्ने गरी नेपाल सरकार र एशियाली विकास बैंकबिच डिसेम्बर १०, २०१९ मा ग्रामीण उद्यम लगानी परियोजना (Rural Enterprise Financing Project) सम्झौता भए बमोजिम साना तथा मझौला किसान उद्यमीको कर्जामा सहज पहुँच सुनिश्चित गरी ग्रामिण कृषि उद्यमको प्रवर्धन गर्ने मुख्य उद्देश्यले यो कर्जा कार्यक्रम लागु भएको छ। लघुवित्तको सीमा भन्दा बढीको व्यवसाय गर्न सक्षम कृषि उद्यमीहरुलाई लक्षित गरी यो कर्जा कार्यक्रम सञ्चालन भएको छ।

(झ) **ग्रामीण स्वावलम्बन कर्जा :** नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५ मङ्सिर २४ को निर्णय बमोजिम तयार भई नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७५ फागुन २७ को निर्णयले स्वीकृत "ग्रामीण स्वावलम्बन कर्जा कार्यपद्धति, २०७५" बमोजिम नेपाल राष्ट्र बैंक मार्फत सञ्चालन हुँदै आएको ग्रामीण स्वावलम्वन कोषलाई २०७६ साउन १ गतेदेखि यस वित्तीय संस्था मार्फत ग्रामीण स्वावलम्बन कर्जाको रूपमा कार्यान्वयन गरिएको छ।

(ञ) **पुनरुत्थान कर्जा :** विपद तथा महामारीको प्रभावबाट साना किसानहरुलाई पुनरुत्थानमा सहयोग पुऱ्याउने ध्येयले यही २०७७ मङ्सिरबाट पुनरुत्थान् कर्जा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

(ट) **सहुलियतपूर्ण कर्जा :** बागमती प्रदेश सरकारसँगको सहकार्य र ऋण सहयोगमा बागमती प्रदेश भित्रका साझेदार सहकारी संस्थाहरु मार्फत सञ्चालन हुने गरी यही २०७७ मङ्सिरबाट उत्पदान तथा रोजगारी सृजनाका लागि सहुलियतपूर्ण ऋण कार्यक्रम कार्यान्वयनमा ल्याएको छ।

**तालिका नं. ६ कर्जाका प्रकार, ब्याजदर र अवधि**

| क्र.सं. | प्रकार | ब्याजदर | छुट | छुट पछिको ब्याजदर | ग्रेस अवधि | साँवा भुक्तानी | ब्याज भुक्तानी | अधिकतम अवधि | ब्याजदर लागु हुने/भएको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | लघुकर्जा | ९.७५% | - | ९.७५% | - | त्रैमासिक | मासिक | ३३ महिना | २०७७/०६/०१ |
| २ | पशुपालन कर्जा (नेपाल सरकार स्रोत) | ९% | ४% | ५% | ६ महिना | त्रैमासिक | मासिक | ३ वर्ष | २०६७/१०/२८ |
| ३ | नविकरणीय उर्जा कर्जा | ८.७५% | - | ८.७५% | ६ महिना | त्रैमासिक | मासिक | ३ वर्ष | २०७७/०६/०१ |
| ४ | जिवीकोपार्जन कर्जा (ए.डी.बी. स्रोत) | २% | - | २% | ६ महिना | त्रैमासिक | मासिक | ३ वर्ष | २०७३/०३/१५ |
| ५ | सहकारी चिया उद्योगका लागि कार्यशील पुँजी कर्जा (नेपाल सरकार स्रोत) | ९% | ४% | ५% | १ वर्ष | अर्धवार्षिक | मासिक | ६ वर्ष | २०७१/०३/२१ |
| ६ | कृषि कर्जा | ५% | - | ५% | - | त्रैमासिक | मासिक | ३ वर्ष | २०७५/०१/१६ |
| ७ | तरकारि खेति कर्जा | ९% | ४% | ५% | - | त्रैमासिक | मासिक | ३ वर्ष | २०७६/०४/१९ |
| ८ | ग्रामीण स्वावलम्बन कर्जा | ६% | १.२% | ४.८% | - | त्रैमासिक | मासिक | | २०७६/०५/०८ |
| ९ | ग्रामीण उद्यम कर्जा | ६.५% | - | ६.५% | १ वर्ष | त्रैमासिक | मासिक | ५ वर्ष | २०७७/०६/०१ |
| १० | पुनरुत्थान कर्जा | ७.२५% | - | ७.२५% | - | अर्धवार्षिक | मासिक | १ वर्ष | २०७७/८/१२ |
| ११ | सहुलियत पूर्ण कर्जा | १.५% | - | १.५% | - | त्रैमासिक | मासिक | ३३ महिना | २०७७/८/२९ |

## ५.२ नेपाल सरकारको सहयोगमा वित्तीय संस्थाबाट सञ्चालित कार्यक्रमहरू :

### (क) साना किसान सहकारी अनुसरण कार्यक्रम :

लघुवित्त वित्तीय संस्थाले ग्रामीण क्षेत्रमा प्रभावकारी दीगो लघुवित्त सेवा प्रवाहका लागि स्थानीय प्रणाली विकास गर्न नवप्रवर्तनीय अभ्यासका रूपमा साना किसान सहकारी अनुसरण कार्यक्रम सञ्चालन गर्दै आएको छ। साना किसान सहकारी अनुसरण कार्यक्रमअन्तर्गत साना किसान सहकारीको लघुवित्त सेवा नपुगेका क्षेत्रका विपन्न तथा साना किसानहरूलाई सङ्गठित गरी आवश्यक लघुवित्त सेवा दिन सक्षम साना किसान सहकारी संस्थाको गठन गरी दिगो र निरन्तर सेवा उपलब्ध हुने व्यवस्था मिलाइन्छ। अनुसरणबाट निर्मित साना किसान सहकारी संस्थाले आफ्ना सदस्यको आर्थिक/सामाजिक विकासका लागि योजना तर्जुमा तथा लघुवित्त सेवाको कार्यान्वयन गर्ने सामर्थ्यसहितको संस्थागत विकासको यो परिकल्पना नेपालको मात्र नभएर अन्य मुलुकलाई समेत अनुसरण योग्य हुने ठानिएको छ। यसबाट ग्रामीण क्षेत्रमा लघुवित्त सेवा प्रदान गर्नमा ठूलो सहयोग पुगेको छ। अनुसरण कार्यक्रममा नेपाल सरकारको महत्वपूर्ण सहयोग रहँदै आएको छ। वित्तीय संस्थाले विश्व बैंक अन्तर्गत सीजीएपीबाट प्राप्त पुरस्कार राशीलाई अनुसरण कोषका रूपमा स्थापना गरी सो समेत यस कार्यक्रममा प्रयोग गर्दै आएको छ। त्यस्तै विगतमा अनुसरण कार्यमा जी. आई. जेड. र कृषि विकास बैंकको समेत सहयोग रहेको छ। यस कार्यक्रम अन्तर्गत आ.व २०७६/७७ मा थप २६ वटा साना किसान कृषि सहकारी संस्थाहरु निर्माण भएका छन्। नेपाल सरकारबाट प्राप्त अनुदान रकम रु. ३,००,३९,०००/- मध्ये रु. २,४८,४८,६४८/- खर्च भएको छ भने यस शीर्षकमा प्राप्त रकम मध्ये खर्च हुन बाँकी रकम रु.५१,९०,३५२/– मात्र फिर्ता गरिएको छ।

### (ख) तालिम/गोष्ठी/अवलोकन (क्षमता विकास) कार्यक्रम

वित्तीय संस्थाले साना किसानहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न किसिमका व्यावसायिक कृषि, संस्थागत शुसासन, संस्था सञ्चालन र लेखा सम्बन्धी तालिम, कार्यक्रमको समीक्षा, रणनीति तर्जुमा गोष्ठी आदि जस्ता क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। यस अन्तर्गत आर्थिक वर्ष २०७६/७७ मा १०० वटा कार्यक्रम सञ्चालन गर्ने गरी नेपाल सरकारबाट अनुदान बजेट रु. २ करोड प्राप्त भएकोमा विश्वव्यापी कोभिड १९ का कारण स्थानीय स्तरमा कार्यक्रम हुने मुख्य समयमा लकडाउन, सटडाउन, निषेधाज्ञा आदि जारी भई कार्यक्रम प्रभावित हुन गई जम्मा ६० वटा मात्र कार्यक्रम सम्पन्न भएको छ। यसमा रु. १ करोड २५ लाख १२ हजार १४४ रुपैया ५० पैसा नेपाल सरकारबाट प्राप्त अनुदानबाट खर्च भएको छ भने साना किसान सहकारी संस्थाहरुको रु. ७६ हजार ६७२ बराबरको सहभागितामा भई जम्मा खर्च रु. १,२५,८८,८१६/५० भएको छ। साथै यस कार्यक्रमबाट ३ हजार ३२५ जना साना किसानहरु लाभान्वित भएका छन्। नेपाल सरकारबाट प्राप्त अनुदान रकम रु.२,००,००,०००/- मध्ये रु.१,२५,१२,ज्ञद्धद्धरछ्ण खर्च भएको छ भने यस शीर्षकमा प्राप्त रकम मध्ये खर्च हुन बाँकी रकम रु.७४,८७,८५५/५० मात्र फिर्ता गरिएको छ।

### (ग) सामाजिक/सामुदायिक एवम् पूर्वाधार विकास कार्यक्रम :

वित्तीय संस्थाले सामाजिक/सामुदायिक विकास कार्यक्रम अन्तरगत स्थानीयस्तरमा आवश्यक सामुदायिक भवन निर्माण तथा अन्य भौतिक पूर्वाधारको विकासका कार्यहरु सञ्चालन गर्दै आएको छ। यस अन्तरगत ग्रामीण क्षेत्रमा सुलभ शौचालय, विद्यालय मर्मत, पुलपुलेसो, कुलोमर्मत, कृषिसडक स्याहार-सम्भार, वृक्षारोपण, सामुदायिक भवन, तालिम भवन, बालविकास, कृषि औजार, स्ट्रेचर व्यवस्था, सूचना प्रविधि हस्तान्तरण आदि सामाजिक/सामुदायिक विकासका कार्यक्रम सञ्चालन गर्न संस्थाहरूलाई स-सानो सहयोग उपलब्ध गराइन्छ। आ.व. २०७६/७७ मा नेपाल सरकारबाट १०० वटा सामाजिक/सामुदायिक कार्यक्रम सञ्चालन गर्न रु.१ करोड ५० लाख अनुदान बजेट प्राप्त भएकोमा नेपाल सरकारबाट प्राप्त अनुदान बजेटबाट रु. १ करोड ५० लाख र साना किसान कृषि सहकारी संस्थाहरु, स्थानीय निकाय, र जनसहभागिता समेतबाट व्यहोरेको रु. ५ करोड ५९ लाख ६३ हजार समेत गरी जम्मा रु. ७ करोड ९ लाख ६३ हजार बराबरको लागतमा १४४ वटा सामाजिक/सामुदायिक विकासका कार्यक्रमहरु सञ्चालन भएको छ। यस कार्यक्रमबाट ३ लाख ११ हजार ९ सय साना किसान परिवारहरु लाभान्वित भएका छन्।

### (घ) कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम :

वित्तीय संस्थाले कृषि तथा पशुपालन गर्ने साना किसानहरूको कृषि तथा पशुपालन व्यवसायको व्यवसायीकरणका लागि कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दै आएको छ। आ.व. २०७६/७७ मा नेपाल सरकारबाट ११५ वटा कार्यक्रम सञ्चालन गर्ने गरी रु. २ करोड १२ लाख ७५ हजार अनुदान प्राप्त भएकोमा नेपाल सरकार अनुदानबाट रु. १,६५,८९,३१४/– र साना किसान सहकारी संस्था तथा सदस्य स्वलगानीबाट रु.३ करोड २२ लाख ५० हजार गरी जम्मा ४ करोड ८८ लाख ३९ हजार लागतमा ३०० वटा कार्यक्रम सञ्चालन भई ६० हजार ३२ जना साना किसान परिवारहरु लाभान्वित भएका छन्। यस अन्तरगत पशुपालन व्यवस्थापन तथा उपचार तालिम, कार्यक्रमको समिक्षा तथा रणनीति तर्जुमा, पशु उपचार शिविर, उन्नत नश्लका ब्याडको बोका/रागा/भालेको व्यवस्था, पशु भ्याक्सिन, खोर, गोठ सुधार, प्राविधिक सेवा तथा प्रचार प्रसार एबम् अध्ययन अनुसन्धान सम्बन्धि सहयोग उपलब्ध गराउने गरिएको छ। यस शीर्षकमा प्राप्त रकम रु. २,१२,७५,०००/- मध्ये खर्च हुन बाँकी रकम रु.४६,८५,६८६/ (मात्र फिर्ता गरिएको छ।

### (ङ) पशुधन सुरक्षण कार्यक्रम

वित्तीय संस्थाले पशुपालक साना किसानहरूको पशुधन क्षति न्यूनीकरणका लागि पशुधन सुरक्षण कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। पशुधन सुरक्षण कार्यक्रम अन्तर्गत आ.व. २०७६/७७ मा वित्तीय संस्थाको समन्वयमा साना किसान सहकारी संस्थाहरूले २५ हजार ४ सय ६८ किसान परिवारका रु.२ अर्व ३० करोड ३ लाख ८६ हजार मूल्यका ६७ हजार ५२२ पशुवस्तुको सुरक्षण गरेका छन्। पशुधन सुरक्षण (पशुबिमा) प्रिमियम अनुदान तर्फ आ.व. २०७६/७७ मा रु. ८ करोड ७५ लाख ६० हजार र पशुधन सुरक्षण प्रवर्द्धन तर्फ २५ कार्यक्रम सञ्चालन गर्ने गरी रु. ७४ लाख ४० हजार समेत गरी जम्मा रकम ९ करोड ५० लाख अनुदान बजेट प्राप्त भएकोमा ७५% प्रिमियम अनुदान तर्फ रु.८ करोड ७५ लाख ६० हजार भुक्तानी भएको छ। पशुपालक किसानको योगदान रु. ३ करोड ६ लाख ५४ हजार रहेकोछ। पशुधन सुरक्षण प्रबर्द्धनतर्फ ९२ वटा प्रवर्द्धन कार्यक्रम सम्पन्न भई ४१ हजार १८४ जना किसान लाभान्वित भएका छन्। यसमा ७४ लाख ४० हजार नेपाल सरकारको अनुदानबाट र सहकारी/किसानको योगदानबाट रु. ४ लाख ९३ हजार खर्च भई कुल प्राप्त बजेट रु.९ करोड ५० लाख मध्ये रु.९ करोड ५० लाख नै खर्च भएको छ। स्थानीय स्तरको सामुदायिक पशुधन सुरक्षण समितिले नेपाल सरकारबाट प्राप्त प्रिमियम अनुदान र पशुपालकको योगदान सहितको प्रिमियम रकम परिचालन गरी उक्त रकमबाट क्षतिपूर्ति र प्राविधिक सहयोगको खर्च गरी बचेको रकमलाई कोषको रूपमा परिचालन गर्ने व्यवस्था छ।

### (च) संस्थागत सुदृढीकरण कार्यक्रम :

आ.व. २०७६/७७ मा तुलनात्मक रूपमा कमजोर साना किसान सहकारी संस्थाहरूको सुदृढीकरण गरी विपन्न तथा साना किसानहरूमा व्यापकरूपले सेवा प्रवाह गर्न सामर्थ्य बनाउन कम्तीमा पनि ५० साना किसान कृषि सहकारी संस्था पहिचान गरी विशेष सुदृढीकरण कार्यक्रम सञ्चालन गरिएको छ। यसका लागि छोटो अवधिका जनशक्तिको व्यवस्था गरी स्थलगत रूपमा नै प्राविधिक सहयोगको व्यवस्था मिलाइएको थियो। जस अन्तरगत १२ जना फिल्ड प्रशिक्षक नियुक्ति दिई १०४ वटा कमजोर संस्था पुनरसंरचना र सुदृढिकरणका कार्य भएको छ। तर समुदायस्तरमा हुने यस्तो कार्यमा कोरोना महामारीका कारण अपेक्षित उपलब्धी हासिल गर्नमा चुनौती थपिएकाले आ.व. २०७६/७७ मा यस कार्यक्रममा प्राप्त भएको अनुदान रकम रु. २ करोड ४२ लाख ८६ हजार मध्ये ज्ञ,डण,ज्ञद्ध,डछडरद्दढ मात्र खर्च भई ५७ हजार ७५१ परिवार लाभान्वित भएका छन्। यस शीर्षकमा प्राप्त रकम मध्ये खर्च हुन बाँकी रकम रु. ६२,७१,१४१/७१ मात्र फिर्ता गरिएको छ।

यस वित्तीय संस्थाले विभिन्न कृयाकलापका लागि आर्थिक वर्ष २०७६/७७ मा प्राप्त रु.११ करोड ६ लाख मध्ये माथि उल्लेखित कार्यक्रमहरुका लागि अनुदान सहयोग तर्फबाट रु.८,६९,६४,९६४।७९ खर्च भई रु.२,३६,३५,०३५।२१ नेपाल सरकारको राजश्व खातामा फिर्ता गरिएको छ। वित्तीय संस्था, सहकारी संस्था, स्थानीय निकाय, तथा साना किसान समेतको योगदानबाट जम्मा रु. १७,५२,५६,०००/– बराबर ६३४ कार्यक्रमहरु सम्पन्न भएका छन् जसबाट ४ लाख ४८ हजार ८ जना साना किसान परिवार लाभान्वित भएका छन्।

### (छ) संस्थागत सामाजिक उत्तरदायित्व कोष :

नेपाल राष्ट्र बैंकको 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७६ को बुँदा ६.१४ को व्यवस्था अनुसार वित्तीय संस्थाको खुद नाफाको १ प्रतिशत रकम रु. ५५,६२,१७८/५५ मात्र नाफा नोक्सान बाँडफाँड हिसाबमा खर्च लेखि संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गरिएको छ। गत आर्थिक वर्षको अन्त्यमा यस कोषको मौज्दात रकम रु. १,१७,३३,३९१/२३ रहेको छ। यस कोषको रकम नेपाल राष्ट्र बैंकको उपरोक्त परिपत्रमा भएको व्यवस्था अनुसार खर्च गरिनेछ। उक्त कोषबाट आ.व. २०७६/७७ मा तपसिल अनुसार रु. २०,६०,०००/- मात्र खर्च गरिएकोछ। यस कोषमा भएको परिवर्तन इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ।

**तालिका नं. ७ संस्थागत सामाजिक उत्तरदायित्व कोषको विवरण**

| शिर्षक | रकम |
|---|---|
| **गत आ.व. सम्ममा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गरिएको कुल रकम** | १,१७,३३,३९१/२३ |
| **खर्चको विवरण** | |
| सामाजिक परियोजनामा हुने खर्च | २,१०,०००/– |
| अनाथालय, बालमन्दिर र वृद्दाश्रमलाई दिइएको अनुदान तथा गरिएको खर्च | १,५०,०००/– |
| अन्य खर्च (नेपाल सरकारको कोभिड कोषमा जम्मा गरिएको रकम) | १७,००,०००/– |
| **कुल खर्च** | २०,६०,०००/– |
| **संस्थागत सामाजिक उत्तरदायित्व कोषमा बाँकि रकम*** | ९६,७३,३९१/२३ |

** असार मसान्तमा यस कोषमा बाँकी रकम रु. ९६,७३,३९१/२३ मिति २०७७/०४/३० गते राष्ट्रिय वाणिज्य बैंक लि., थापाथलिको चेक नं. ००५४२५०५८९ बाट नेपाल सरकारद्वारा सञ्चालित कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोषमा जम्मा गरिसकिएको छ।*

**तालिका नं. ८ अन्य खर्च (नेपाल सरकारको कोभिड कोषमा जम्मा गरिएको रकम) अन्तर्गत देहायका खर्चहरु भएका छन्:**

| विवरण | प्रदेश | रकम |
|---|---|---|
| Corona Virus Control and Treatment | संघ | १,०००,०००.०० |
| बाग्मति प्रदेश कोरोना संक्रमण रोकथाम नियन्त्रण कोष | बागमती | १००,०००.०० |
| कोरोना भाइरस नियन्त्रण तथा उपचार कोष | गण्डकी | १००,०००.०० |
| कोरोना भाइरस (Covid -19) नियन्त्रण तथा उपचार कोष | लुम्बिनी | १००,०००.०० |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय विपत व्यवस्थापन कोष, सुर्खेत | कर्णाली | १००,०००.०० |
| कोरोना उपचार तथा नियन्त्रण कोष, सुदुर पश्चिम प्रदेश | सु.पश्चिम | १००,०००.०० |
| कोरोना भाइरस नियन्त्रण तथा उपचार कोष | २ | १००,०००.०० |
| प्रदेश नं. १ कोरोना जनसुरक्षा कोष | १ | १००,०००.०० |
| **जम्मा** | | १,७००,०००.०० |

यस तथ्यले यस कार्यक्रमको प्रभावकारिता आवश्यकतालाई अझ बढी उचाईमा पुऱ्याएको छ।

## ५.३ सरकार तथा अन्य सहयोगी निकाय समेतको सहयोगमा सञ्चालित अन्य कार्यक्रमहरु

### (क) किसानका लागि उन्नत बिउबिजन कार्यक्रम

नेपाल सरकार, कृषि विकास मन्त्रालय र अन्तर्राष्ट्रिय कृषि विकास कोष (International Fund for Agricultural Development-IFAD) को सहयोगमा सञ्चालित "किसानका लागि उन्नत बिउबिजन कार्यक्रम" मा सहकार्य गर्न यस वित्तीय संस्था र कृषि विकास मन्त्रालयबिच सन् २०१२ डिसेम्बर २ मा सम्झौता भई रुकुम, रोल्पा, सल्यान, प्युठान, गुल्मी र अर्घाखाँची गरी ६ जिल्लाका तत्कालीन ३० गाविसमा साना किसान सहकारी संस्था स्थापना भई वित्तीय संस्थामा आवद्ध भई सफलतापूर्वक सञ्चालनमा रहेका छन्। यो कार्यक्रम २०१९ डिसेम्बर ३१ मा सम्पन्न भई सकेको छ।

### (ख) साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम :

कृषि सम्बन्धी ज्ञान, सीप र अभ्यास प्रदान गरी युवाहरुमा व्यावसायिक कृषि क्षमता बढाउन नेपालका लागि इजरायली राजदुतावासको सहकार्यमा "साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम" सञ्चालन गरिएको छ। यस कार्यक्रम अन्तरगत साना किसान परिवारका विद्यार्थीहरुलाई उन्नत कृषि प्रणाली सम्बन्धी तालिम प्रदान गर्न इजरायलका विभिन्न कलेज तथा कृषि तालिम केन्द्रमा अध्ययनका लागि सहभागी गराईन्छ। इजरायलका विभिन्न ५ तालिम केन्द्र/कलेजहरुमा १०-११ महिना अवधिसम्म सञ्चालन हुने उक्त तालिममा साताको १ दिन सैद्धान्तिक कक्षा र ५ दिन अनुसन्धानमुखी प्रयोगात्मक कार्य सञ्चालन हुने छ। प्रयोगात्मक कार्यका लागि तालिमका सहभागीहरुले इजरायली नियम र मापदण्ड अनुसारको पारिश्रमिक प्राप्त गर्नेछन्। तालिमको अन्त्यमा सहभागीहरुले सिकेका कुराहरुको प्रस्तुती सहित सो तालिम केन्द्रमा अनुसन्धान प्रतिवेदन बुझाउनुपर्ने छ। यस वित्तीय संस्थासँग आबद्ध भएका साना किसान कृषि सहकारी संस्थाका साना किसान सदस्यका छोराछोरी मध्ये दश जोड दुई (१२) पास गरेका २०-३० वर्ष उमेर समूहका योग्य र इच्छुक युवाहरुमध्येबाट गोलाप्रथा एवम् अन्तर्वार्ता विधिबाट प्रशिक्षार्थीहरुको छनौट गरिन्छ। साना किसान विकास लघुवित्त वित्तीय संस्थाले हालसम्ममा ३,१६१ जनालाई यस कार्यक्रममा सहभागी गराई सकेको छ। त्यस मध्ये २,६७७ तालिम पुरा गरी नेपाल फर्किसकेका छन्। २०७६ सालमा यस कार्यक्रम अन्तरगत ४८५ जना प्रशिक्षार्थीहरूलाई त्यसतर्फ पठाइएको छ। इजरायल जाने प्रशिक्षार्थीहरुले अनिवार्य रूपमा सिटिभिटि अन्तरगत देशको विभिन्न प्राविधिक शिक्षालयमा भर्ना भई जानु अघि २०० घण्टा र फर्किसकेपछि ४०० घण्टा सैद्धान्तिक र व्यवहारिक तालिम लिने व्यवस्था मिलाइएको छ।

यस प्रकारका तालिमबाट साना किसान परिवारका विद्यार्थीहरुमा सीप तथा क्षमतामा अभिवृद्धि भई नेपालकै कृषि क्षेत्रका लागि महत्वपूर्ण योगदान पुग्ने विश्वास लिईएको छ। इजरायलको यो कृषि तालिमबाट फर्केका विद्यार्थीहरुले सिकेका सीप, प्रविधि र ज्ञानको प्रसारबाट सम्बन्धित गाउँका अन्य साना किसानहरु समेत लाभान्वित भई कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुने अपेक्षा गरिएको छ। आवद्ध साना किसान कृषि सहकारी संस्थाहरु मार्फत यस वित्तीय संस्थाको वित्तीय सेवा समेत प्राप्त गरी यी विद्यार्थीहरु स्वयम्ले स्वदेशमा नै व्यावसायिक कृषि परियोजनाहरु सञ्चालन गरी विपन्न र साना किसानहरुको जीवनमा परिवर्तन ल्याउन उदाहरण बन्नेछन् भन्ने आशा राखिएको छ।

### (ग) साना किसान सूचना- प्रविधि विकास कोष

आजको सूचना-प्रविधिको युगमा सबै ग्रामीण सहकारी संस्थाहरूको सूचना-प्रविधिमा सहज पहुँच हुनुपर्छ भन्ने वित्तीय संस्थाको मान्यता रहेको छ। लघुवित्त वित्तीय संस्थाका तथा

सहकारी संस्थाका जनशक्तिहरूमा सूचना-प्रविधिसम्बन्धी ज्ञान, सीप र प्रवृत्ति विकास गर्न, यससम्बन्धी आवश्यक न्यूनतम उपकरण, यन्त्र र सुविधाहरू विस्तार गर्न र यस प्रकारका कार्यहरूलाई यथाशक्य निरन्तरता दिन संस्थामा एक सूचना-प्रविधि विकास कोष खडा गरिएको छ। यस कोषमा दातृ तथा सहयोगी निकायहरूबाट प्राप्त सहयोग, सहभागी संस्थाहरूको योगदान र वित्तीय संस्थाको सहयोग रहनेछ। लघुवित्तमा नयाँ र उच्च तहको प्रविधि प्रयोग गरी लघुवित्त सेवालाई सहज रूपमा दुर्गम हिमाली र पहाडी जिल्लाहरूमा अझ प्रभावकारी रूपले विस्तार गर्न संस्थाले सूचना-प्रविधिलाई महत्वका साथ उपयोग गर्ने सोच रहेको छ।

### (घ) साना किसान राहत कोष

२०७२ बैशाख १२ को महाभुकम्प तथा त्यस पश्चातका पराकम्पनका कारण विभिन्न जिल्लाहरुमा साना किसान सदस्यहरु प्रभावित भएको कुरा मध्यनजर गर्दै उक्त क्षेत्रका साना किसान सहकारी संस्था मार्फत साना किसान परिवार सम्म सहयोग परिचालन गर्ने उद्देश्यले एक कोषको आवश्यकता महशुस गर्दै साना किसान विकास लघुवित्त वित्तीय संस्थाले साना किसान राहतकोषको स्थापना गरेको छ। यस कोषलाई विविध प्राकृतिक विपतहरुको सामना गर्नको लागि निरन्तरता दिने निर्णय अनुसार निरन्तरता दिइएको छ।

### (ङ) अन्तर्राष्ट्रिय तालिम, गोष्ठी तथा अध्ययन-भ्रमण

अन्तर्राष्ट्रिय लघुवित्त सम्बन्धी कार्यक्रमहरूमा वित्तीय संस्थाका उच्च पदाधिकारीबाट भाग लिइने र CICTAB, APRACA, CECI Uniterra, ICA आदि संस्थाबाट सञ्चालन हुने तालिम, गोष्ठि तथा भ्रमण कार्यक्रममा वित्तीय संस्थाका तर्फबाट सहभागिता रहँदै आएको छ। यसै अनुरूप उक्त संस्थाको भारत लगायत अन्य सदस्य देशमा सञ्चालन हुने तालिममा यो वित्तीय संस्था र साना किसान सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीहरूलाई पठाउने प्रक्रियालाई निरन्तरता दिइएको छ।

### (च) साना किसान सम्मेलन, २०७५

यस वित्तीय संस्थाले काठमाडौंमा कात्तिक १६-१७, २०७१ (नोभेम्बर २-३, २०१४) मा पहिलो साना किसान सम्मेलन सम्पन्न भएको थियो। यो सम्मेलनमा "गरिबी न्यूनीकरणका लागि ग्रामीण तहमा सबल संस्थाहरूको निर्माण" गर्ने अभियानको रूपमा सञ्चालन गर्ने नारा तय भएको थियो। यसरी सम्पन्न सम्मेलनले सन् २०२५ सम्म नेपालमा व्याप्त गरिबी न्यूनीकरणका लागि सुनिश्चितता सहितको लक्ष्य सहितको प्रस्ताव पारित भै सार्वजनिक गरिएको थियो। प्रत्येक पाँच वर्षमा साना किसान सम्मेलन गर्ने घोषणापत्रमा उल्लेख गरिएकोले दिगो विकास लक्ष्यहरू प्राप्तिका लागि सहयोग पुऱ्याउन र सम्मेलनलाई निरन्तरता दिन २०७५ फागुन १६ र १७ गरी जम्मा २ दिन दोस्रो सम्मेलन साना किसान सम्मेलनको आयोजना भएको हो। "साना किसानको समृद्धि : कृषिको रूपान्तरण र उद्यमशीलताको विकास" भन्ने मूल नारा रहेको यस सम्मेलनमा नीति निर्माता, अध्येता, अनुसन्धानकर्ता, कृषिकर्मीका साथै मुलुकभरिबाट आएका प्रतिनिधि साना किसानहरू समेत गरि करिब १,००० जनाको सहभागिता रहेको थियो। सम्मेलनले साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट पूर्ण रूपमा सेवा प्राप्त गरिरहेका साना किसान कृषि सहकारी संस्थाका सहभागी करिब १,००० प्रतिनिधिहरुले आ-आफ्ना क्षेत्रका साना किसानहरूलाई कृषिको रूपान्तरण मार्फत समृद्धिको मार्गमा लैजान ज्ञान, सीप एवम् प्रविधि हस्तान्तरण गर्न सहयोग पुऱ्याउने अपेक्षा राखिएको थियो।

## ५.४. कोभिड १९ को असर न्युनिकरण सम्बन्धी नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरुको पालना सम्बन्धमा

(क) **कोरोना कोषमा सहयोग :** संघीय सरकार तथा प्रदेश सरकारको कोरोना कोषमा रकम सहयोग गरिएको।

(ख) **संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रहेको रकम कोरोना कोषमा भुक्तानी :** नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार संस्थागत सामाजिक उत्तरदायित्व कोषमा मौज्दात रकम राष्ट्रिय स्तरको कोरोना कोषमा जम्मा गरिएको।

(ग) **कर्मचारीहरुको कोरोना विमा :** सबै कर्मचारीहरुको रु. १ लाख बराबरको कोरोना बिमा गरिएको।

(घ) **कोरोना प्रभाव सम्बन्धी जानकारी :** वित्तीय संस्थाको कारोबारमा रहेका साझेदार संस्थाहरुबाट कोरानाका कारण मानवीय तथा व्यवसायमा परेको प्रभावका सम्बन्धमा जानकारी लिई यस विषयमा सञ्चालक समितिमा समेत छलफल गरी प्राप्त सुझावहरुको कार्यान्वयन व्यवस्था मिलाइएको।

(ङ) **ब्याजदरमा संशोधन :** नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम २०७६ चैत्रमा तिरेको ब्याजमा १० प्रतिशत सहुलियत उपलब्ध गराइएको र २०७७ बैशाख १ गतेदेखि असार मसान्तसम्म ब्याजदरमा नै २ (दुई) प्रतिशत कम गरिएको। सहुलियत प्रकृतिका विशेष कर्जा बाहेकको लघुकर्जाको ब्याजदरमा २०७७ भाद्र १ देखि १% र २०७७ असोज १ गते देखि थप २% गरी ब्याजदरमा ३% कम गरी ९.७५% कायम गरिएको। ग्रामीण उद्यम कर्जाको ब्याजदर १% कम गरी ६.५% कायम गरिएको। कोभिड प्रभावित उद्यमी साना किसानहरुलाई राहत प्रदान होस् भनी ७.२५% ब्याजदरमा प्रवाह हुने गरी पुनरुत्थान कर्जा व्यवस्था गरिएको।

(च) **भुक्तानी मिति संशोधन :** नेपाल राष्ट्र बैंकको निर्देशन र ऋणी संस्थाको माग अनुसार कर्जाको भुक्तानी म्याद संशाधेन गरिएको ।

(छ) **कार्यक्रमको निरन्तरता** (Business Continuity Guideline) **दिग्दर्शन तयार गरिएको :** साझेदार संस्थाहरुको कारोबारलाई कोरोना महामारीको बीचमा पनि निरन्तरता कसरी दिने भन्ने सम्बन्धमा दिग्दर्शन तयार बनाई संस्थाहरुमा पठाइएको ।

(ज) **कोरोना विपद न्यूनीकरण/व्यवस्थापन उप-समिति :** व्यवस्थापनस्तरको एक उप-समिति बनाई उक्त उप-समिति मार्फत यस सम्बन्धमा आइपरेका अन्य कार्य र समस्याहरुको निराकरणका कार्यहरु निरन्तर हुँदै आएको ।

(झ) **नेपाल राष्ट्र बैंकको निर्देशन पालना :** यस सम्बन्धी निर्देशनको पालनाका लागि तत्सम्बन्धी कार्य हुँदै आएको ।

(ञ) **नेपाल राष्ट्र बैंकको मिति २०७६/१२/१६ र २०७७/०१/१६ को सूचनामा उल्लेख भए बमोजिम ग्राहकहरुलाई कर्जामा प्रदान गरिएको कुल ब्याज छुट रकम तथा यस वित्तीय संस्थाले कर्जा सापटमा प्राप्त गरेको कुल ब्याज छुट रकम देहायअनुसार रहेकोछ :**

**तालिका नं. ९ ब्याज छुट**

| ग्राहकहरुलाई कर्जामा प्रदान गरिएको कुल ब्याजको १० प्रतिशतले हुने छुट रकम (२०७७ चैत्र मसान्तको) | ग्राहकहरुलाई कर्जामा प्रदान गरिएको कुल २ प्रतिशतको ब्याज छुट रकम | ग्राहकहरुलाई कर्जामा प्रदान गरिएको कुल ब्याजको १० प्रतिशतले हुने छुट रकम (२०७७ चैत्र मसान्तको) |
|---|---|---|
| १,१४,६४,४५१/३८ | ७,४८,०४,०३५/२३ | ४,५२,५३,०१५/३९ |

## ५.५ वित्तीय संस्थाको भावी योजना

वित्तीय संस्थाले सन् २०२५ सम्ममा कूल १ हजार साना किसान सहकारी संस्था तथा यस्तै प्रकृतिका अन्य संस्थाहरूमार्फत १० लाख विपन्न तथा साना किसान परिवारमा सेवा पुऱ्याउने लक्ष्य राखेको छ। भावी दिनमा वित्तीय संस्था तथा यसमा आबद्ध संस्थाहरूलाई सूचना-प्रविधिसँग जोड्ने, वित्तीय रूपमा स्वस्थ र सबल बनाउने, ग्राहक संस्थाहरूको व्यवस्थापकीय र वित्तीय स्थिति बलियो बनाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने, दिगो वित्तीय स्रोतमा पहुँच बनाउने, विभिन्न सहयोगी निकाय/संस्थाहरूसँग समन्वय गरी लघुवित्तमार्फत कृषिक्षेत्रको विकासमा योगदान पुऱ्याउने सन्दर्भमा यस वित्तीय संस्थाले देहायअनुसारको भावी कार्यक्रमहरूमा जोड दिनेछ –

(१) लघुवित्त सेवा नपुगेका र अपर्याप्त रहेका क्षेत्रहरुमा सेवा विस्तारका लागि क्रमशः कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

(२) आदिवासी, मधेसी, दलित, जनजाती, सुकुम्वासी र खास गरी विपन्न ग्रामीण महिला आदि लघुवित्त सेवाबाट बञ्चित वर्गको लघुवित्त सेवामा पहुँच बढाउन अनुसरण कार्यक्रम तथा व्यवसाय विस्तारका उपयुक्त नमुनाहरुलाई प्रभावकारी रूपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

(३) नेपाल सरकारको सहयोगमा सञ्चालित मासुजन्य र दुग्ध पदार्थ उत्पादनका लागि पशुपालन कर्जा तथा यसै आ.व. बाट शुरु गरिएको तरकारी खेती कार्यक्रमलाई अझ प्रभावकारी बनाई विस्तार गरिने छ।

(४) समृद्धि परियोजना अन्तरगत प्रदेश नं. १ र प्रदेश नं. २ का सहकारी संस्थाहरुको क्षमता विकास गरिनेछ ।

(५) सीप परियोजना अन्तर्गत यस वित्तीय संस्थाका इलाका कार्यालयहरु बर्दिबास, बुटवल र नेपालगञ्जको कार्यक्षेत्र भित्रका १०० वटा साझेदार संस्थाहरुको सदस्य परिवारबाट वैदेशिक रोजगारीमा जाने वा गईसकेका युवाहरुको सीप विकास गरी उद्यमशील कर्जामा पहुँच बढाइनेछ ।

(६) यस वित्तीय संस्थाको नेतृत्वमा विपन्न तथा साना किसानहरुलाई कृषि मूल्यश्रृङ्खलाका विविध पक्षहरुमा सहभागी गराई सहकारी मार्फत ग्रामीण उद्यम स्थापना गराउन एसियाली विकास बैंक तथा विभिन्न सहयोगी निकायहरुसँगको समन्वयमा सञ्चालित ग्रामीण उद्यम कर्जा कार्याक्रमलाई निरन्तरता दिइनेछ ।

(७) वित्तीय संस्थाको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने र सहयोग आदान प्रदान हुन सक्ने सम्भाव्य राष्ट्रिय अन्तर र्ष्ट्रिय संघ संस्थाहरु पहिचान गरी सहकार्यको लाभ लिने वातावरण मिलाईनेछ ।

(८) प्रभावकारी अनुगमन र निरीक्षण व्यवस्थाबाट ग्राहक संस्थाहरूमा सुशासनको अवस्था सुदृढ गराईनेछ ।

(९) संस्थाको वित्तीय स्वास्थ्य तथा ग्रामीण विकासमा पुऱ्याएको योगदानको आधारमा संस्थामा संलग्न नेतृत्ववर्ग र व्यवस्थापनमा संलग्न कर्मचारीको समेत क्षमता अभिवृद्धि हुने अवसरहरूको खोजी गरिने छ ।

(१०) विपन्न तथा साना किसानहरुमा वित्तीय सेवाको सहज पहुँच विस्तार गर्न एवम् पारदर्शी र प्रभावकारी सेवाका लागि सुदृढ सूचना प्रविधिको स्थापना र उपयुक्त मोबाईल बैंकिङ्गको सम्भावना खोजी गरिनेछ ।

(११) कर्जाको गुणस्तरलाई निरन्तर सुधार, आम्दानीको स्रोत विस्तार र खर्चको उचित व्यवस्थापन गर्दै वित्तीय संस्थाको मुनाफामा बृद्धि गरी शेयरधनीहरुलाई यथोचित प्रतिफल उपलव्ध गराइनेछ ।

(१२) नेपाल सरकारको सहयोगमा सञ्चालन हुने अनुसरण कार्यक्रम अन्तरगत कृषि मूल्यश्रृङ्खला अभिवृद्धि गर्दै नेपालको ग्रामीण कृषि अर्थतन्त्रको विकासमा सघाउ पुऱ्याउन साना किसान सहकारी संस्थाहरूमा सफल कार्यक्रमहरू अनुसरण गर्ने व्यवस्था समेत मिलाइनेछ ।

(१३) विगतदेखि अनुसरण कार्यक्रमबाट स्थापना भई सञ्चालनमा रहेका परिपक्व सहकारी संस्थाहरूलाई मापदण्डको आधारमा वित्तीय संस्थासँगको कारोबारमा आवद्ध गराउँदै लगिनेछ ।

(१४) वित्तीय र व्यावसायिक रूपमा सक्षम भइसकेको साना किसान सदस्यहरूको व्यावसायिक आवश्यकतानुरूप अन्य बैंक तथा वित्तीय संस्थाहरूसँग समेत सहकार्य हुन सक्ने गरी "साना किसानहरूको स्तरोन्नती" नीति तर्जुमा गरी लागु गरिनेछ ।

(१५) वित्तीय संस्थाले स्वीकृत गरेको खरिद गुरुयोजनालाई आधारमानी वित्तीय संस्थाको केन्द्रीय कार्यालय भवन प्रयोजनका लागि जग्गा वा घरजग्गा खरिद गर्ने प्रकृया अघि बढाईने छ ।

(१६) प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनासँग समन्वय गरी उपयुक्त क्षेत्रहरूमा धान, गहुँ, आँप, केरा, चिया, तरकारी, आलु, तेलहन, दलहन, पशुपालन र माछा आदि जस्ता कृषि उपजमा व्यावसायिक रूपमा केन्द्रित हुने गरी पकेट परियोजना सञ्चालन गर्न सहकार्यको प्रयास गरिनेछ ।

(१७) बागमती प्रदेश सरकारसँग सम्झौता भए अनुसार सुलभ कर्जा कार्यक्रम सञ्चालन गरिनेछ र अन्य प्रदेश सरकारहरु संग सहकार्य गरी सुलभ कर्जा पहुँचका लागि कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

## ६. लघुवित्त वित्तीय संस्थाको व्यावसायिक सम्बन्धः

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. प्रचलित ऐन बमोजिम पब्लिक लिमिटेड कम्पनीको रूपमा मिति २०५८/०३/२२ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नामाकरण पाई नेपाल राष्ट्र बैंकको मिति २०५८/११/२७ को पत्रबाट सञ्चालन स्वीकृति पाएको संस्था हो । बैंक तथा वित्तीय संस्था ऐन अनुसार यो संस्था थोक लघुवित्त कारोबार गर्ने 'घ' वर्गको लघुवित्त संस्थाको रूपमा कार्यरत छ । मिति २०७०/०६/१४ मा नेपाल स्टक एक्सचेञ्जसँग सम्झौता गरी स्टक मार्केटमा सुचिकृत भएको यस वित्तीय संस्थाले मिति २०७१/०८/१७ मा सी.डी.एस.सी. तथा क्लियरिङ्गसँग समेत सम्झौता गरी डिम्याट प्रकृया सुरु गरिसकेको छ । यस वित्तीय संस्थाका संस्थापक शेयरधनी संस्था मध्ये २३१ वटा साना किसान सहकारी संस्थाहरु समेत यसका ग्राहक संस्था हुन् । यस बाहेक पनि लघुवित्त सेवा प्रदान गर्ने अन्य सहकारी/वित्तीय संस्थालाई समेत यस संस्थाले आफ्ना सेवा प्रदान गर्दछ । वित्तीय संस्थाले नियमानुसार मौजुदा सूचीमा रहेका व्यावसायिक फर्महरुसँग नियमित खरिद गर्दछ भने सिमा माथिको हकमा खुल्ला बोलपत्र आव्हान मार्फत वस्तु तथा सेवा खरिद गर्ने गर्दछ । यसका अतिरिक्त यस वित्तीय संस्थाको व्यावसायिक सम्बन्ध रहेका निकाय/संघ/संस्थाहरु सम्बन्धमा तल छोटकरीमा प्रस्तुत गरिएको छ ।

### ६.१ नेपाल सरकार :-

नेपाल सरकार समेतको शेयर स्वामित्वमा यो वित्तीय संस्थाको स्थापना भएको हो । साना किसानहरुको बहुमत स्वामित्व रहोस भन्ने अभिप्रायले नेपाल सरकारबाट पछि आफ्नो शेयर स्वामीत्व साना किसान कृषि सहकारी संस्थाहरुलाई नै बिक्री गरियो । नेपाल सरकारबाट यस वित्तीय संस्थालाई नियमित सहयोग हुँदै आएकोछ । जसमा साना किसान सहकारी संस्था लि.हरुको सुदृढीकरण, साना किसान कृषि सहकारीहरुको सेवा विस्तारका लागि अनुसरण कार्यक्रम, सामाजिक समुदायिक विकास, पशुधन सुरक्षण, पशुपालन तथा सोको प्रवद्धनका लागि आवश्यक अनुदान सहयोगको निरन्तरता रहदै आएको छ । यसका अलावा साना किसान विकास वित्तीय संस्थासँग आबद्ध साना किसान सहकारी संस्था लि. मार्फत दुध तथा मासु जन्य पशुपालक र तरकारी खेती गर्ने साना किसानलाई लगानी गर्ने गरी २०७७ असारसम्म रु.११ अर्ब १० करोड ऋण सहयोग प्राप्त भएको छ । संस्थाले उक्त रकमको २०७७ असार मसान्त सम्मको सम्पूर्ण ब्याज र रु.२ अर्ब १० करोड साँवा भुक्तानी गरिसकेको छ । यस कार्यक्रम प्रति साना किसानहरुको आकर्षण र प्रभावकारिताका आधारमा आगामी वर्षहरुमा अझै विस्तार सहित निरन्तरता दिइनु पर्ने महसुस हुन आएको छ । नेपाल सरकारबाट ADBM, IFAD लाई समेत यस वित्तीय संस्थासँग सहकार्यका लागि जोडिने कार्य हुँदै आएको छ । किसानका लागि उन्नत विउविजन कार्यक्रम अन्तर्गत साना किसान सहकारीको सेवा विस्तार तथा कृषि कर्जाको व्यवस्था, भुकम्प पिडित समुदायको लागि विपद जोखिम न्यूनिकरण तथा जीविकोपार्जन पुनरस्थापना कार्यक्रम र ग्रामीण उद्यम कर्जा कार्यक्रम जस्ता

साना किसानहरुको लागि अन्य लाभदायक कार्यक्रमहरु यही सहकार्यका उदाहरणहरु हुन् ।

### ६.२ नेपाल राष्ट्र बैंक :-

सामुदायिक भूमिगत जल सिञ्चाई सेक्टर आयोजना अन्तरगत रु. १ करोड ८ लाख कर्जा प्राप्त भई साना किसान सहकारी संस्थाहरु मार्फत सिञ्चाई कार्यक्रम सञ्चालन गरिएको थियो । नेपाल सरकारको मिति २०७५।८।२४ को निर्णयको आधारमा नेपाल सरकार, नेपाल राष्ट्र बैंक र साना किसान विकास लघुवित्त वित्तीय संस्था बिच ग्रामीण स्वावलम्बन कोषका कार्यक्रम वित्तीय संस्था मार्फत सञ्चालन गर्ने गरी मिति २०७६।३।३१ मा त्रिपक्षीय सम्झौता सम्पन्न भएको छ । साविकमा नेपाल राष्ट्र बैंकबाट सञ्चालित यो कार्यक्रम अब वित्तीय संस्था मार्फत सञ्चालन गर्न कोषको रकम रु.९९ करोड ३७ लाख १७ हजार मात्र स्वावलम्बन कर्जाको रुपमा यस वित्तीय संस्थालाई प्रदान भएको छ ।

### ६.३ कृषि विकास बैंक लि. :-

साना किसान विकास लघुवित्त वित्तीय संस्थाको स्थापनाको अगुवाई गर्दै रु. ७ करोड शेयर पुँजी लगानी गरी यस वित्तीय संस्थाको मुख्य प्रवर्द्धकको रूपमा कृषि विकास बैंकले निरन्तर सहयोग प्रदान गर्दै आएको छ । लामो अवधिसम्म यस वित्तीय संस्थाको व्यवस्थापन सम्हालेर संस्थाको आफ्नै मानव संशाधन विकास गर्ने सम्मका कार्यहरुमा कृषि विकास बैंकको अहम् भूमिका रहेको छ । साना किसान सहकारी संस्थासँग रहेको रु. १ अर्ब २६ करोड ८७ लाखको कर्जा पोर्टफोलियो यस वित्तीय संस्थालाई हस्तान्तरण गर्नु मात्र नभएर थप आवश्यक ऋण-पुँजी निरन्तर रूपमा उपलब्ध गराई रहेको छ ।

### ६.४ एसियाली विकास बैंक :-

यस वित्तीय संस्था तथा आवद्ध संस्थाहरुको अवस्था अध्ययन विश्लेषण, पुनरसंरचना कार्यक्रम तर्जुमा, कम्प्युटर सफ्टवेयर, हार्डवेयर तथा जेनेरेटर खरिद, कमजोर संस्थाहरुको सुदृढीकरणमा सहयोग एवम् परामर्शदाताको सेवा, पहाडी क्षेत्रमा लघुवित्त सेवा विस्तार आदि कार्यहरुमा एसियाली विकास बैंकले महत्वपूर्ण सहयोग गरेको थियो । भुकम्प प्रभावितका लागि सञ्चालन भएको DRRLREAC परियोजना नोभेम्बर २०१९ मा समाप्त भइसकेको र उक्त परियोजनाले भुकम्प प्रभावितका लागि परियोजना अवधिभरसम्म रु ८२ करोड १९ लाख कर्जा प्रवाह गरेको छ । यसका साथै एसियाली विकास बैंकको रु ५ अर्बको सहुलीयत कर्जा अन्तर्गत इ.स. २०२० बाट ग्रामिण उद्यम विकास लगानी परियोजना (Rural Enterprise Financing Project) सञ्चालन भएको छ । उक्त परियोजनाका लागि एसियाली विकास बैंक र नेपाल सरकार बिच २०१९ डिसेम्बर १० मा सम्झौता भइसकेको छ भने साना किसान विकास लघुवित्त वित्तीय संस्था र नेपाल सरकारबिच सहायक ऋण सम्झौता मिति २०७७/०१/०७ मा भएको छ । उक्त परियोजनाले व्यावसायिक कृषि उद्यमका लागि सामुहिक तथा व्यक्तिगत कृषि कर्जा प्रवाह गरी साना किसानहरुलाई उद्यमी बनाउने उद्देश्य लिएको छ ।

### ६.५ जी.आइ.जेड :-

साना किसान संस्थागत विकास कार्यक्रमको आरम्भ देखि नै तत्कालिन जी.टी.जेड. हाल जिआइजेडले महत्वपूर्ण सहयोग रहेको थियो । यस वित्तीय संस्थाको स्थापना, साना किसान सहकारी संस्थाहरुको सुदृढीकरण र विकास, अनुसरण कार्यक्रम, सेवा विस्तार कार्यक्रम, वित्तीय संस्थाका कर्मचारीहरुलाई उच्च शिक्षा तथा साना किसान समेतलाई अन्तर्राष्ट्रिय तालिम भ्रमण आदि जस्ता कार्यक्रमहरुमा जी.आइ.जेड.को सहयोग रहेको थियो ।

### ६.६ नेपाल कृषि सहकारी केन्द्रीय संघ :-

साना किसान सहकारी संस्थाहरुको क्षमता विकास र गैर वित्तीय सेवाहरु प्रदान गर्दै आएको नेपाल कृषि सहकारी केन्द्रीय संघसँग यस लघुवित्त वित्तीय संस्थाले संस्थाहरुको सुदृढीकरण र विकासमा सहकार्य गर्दै आएको छ । यसका अलावा साना किसान सहकारी अनुसरण र तत्सम्बन्धी परामर्श सेवा दिने कार्यमा यस संघले प्राविधिक सेवा प्रदान गर्दै आएको छ ।

### ६.७ कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष :-

साना किसान सहकारी संस्थार विस्तारका लागि नेपाल सरकार कृषितथा पशुपंक्षी विकास मन्त्रालय मार्फत कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष (IFAD) बाट मध्य पश्चिम र पश्चिमाञ्चलका रुकुम पुर्व, रुकुम पश्चिम, रोल्पा, सल्यान, प्युठान, गुल्मी र अर्घाखाँची गरी ७ जिल्लामा किसानका लागि उन्नत विउविजन कार्यक्रम सञ्चालन छ । उक्त कार्यक्रममा साविक का ८ र नयाँ स्थापना हुने ७५ संस्था सहित ८३ संस्थाबाट कुल ४५ हजार परिवारमा सेवा पुऱ्याउने लक्ष्य अनुरूप वित्तीय संस्थाले नेपाल सरकारबाट सहुलियत दरमा रु. ८० करोड कर्जा प्राप्त गरी ८३ सहकारी मार्फत कृषि कर्जा लगानी गरेको छ ।

### ६.८ सक्षम एक्सेस- टु फाइनान्स परियोजना :-

यस वित्तीय संस्था र डि.एफ.आई.डि. को सहयोगमा लुईस बर्गरद्वारा संचालित सक्षम A2F बीच सेप्टेमबर २, २०१८ मा Digitization of SFACLs & Expansion of Access to Finance in Karnali Province of Nepal (DSFACLs & A2F) परियोजना सञ्चालन गर्न सम्झौता भएको थियो । यस परियोजनाको मुख्य उद्देश्य विपन्न वर्गको लागि वित्तीय पँहुच बढाउनु रहेको छ । यस परियोजनाको मुख्य उद्देश्य विपन्न वर्गको लागि वित्तीय पँहुच बढाउनु रहेको छ ।

### ६.९. समृद्धि परियोजना :-

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) नेपाल सरकार र कृषि विकासका लागि अन्तराष्ट्रिय कोष (IFAD) बिच सम्झौता भई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत ७ वर्षका लागि कार्यान्वयनमा आएको आयोजना हो। यो आयोजना सन् २०१५ डिसेम्बरमा शुरु भई २०२२ को डिसेम्बरमा अन्त्य हुनेछ। यस आयोजनाले प्रदेश १ अन्तर्गतका ८ जिल्ला (मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, भोजपुर, ओखलढुंगा, खोटाङ र उदयपुर); प्रदेश २ अन्तर्गतका ७ जिल्ला (सप्तरी, सिराह, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र वारा) तथा बागमती प्रदेशको एक जिल्ला सिन्धुलीसहित जम्मा १६ जिल्लालाई समेटेको छ। गरिबी न्युनिकरण तथा देशमा दिगो शान्ति हासिल गर्नका लागि रोजगारीका अवसर सिर्जना गरी समतामूलक तथा समावेशी आर्थिक विकाश गर्ने यस आयोजनाको लक्ष्य रहेको छ। यस वित्तीय संस्था र समृद्धि आयोजना (IFAD/RERP) बिच मिति २०७७/०५/२४ गते सम्झौता भएको छ। यस परियोजना अन्तर्गत तोकिएका १५० वटा सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवद्धि गरी ती सहकारीहरु मार्फत वित्तीय पहुँच बढाउने मुख्य लक्ष्य रहेको छ।

### ६.१०. सीप परियोजना :-

बेलायती सहयोग संस्था UKaid को अनुदान सहयोगमा WPS द्वारा नेपालमा संचालित Skill for Employment Programme (सीप) परियोजना नेपालमा सञ्चालनमा रहेको छ। उक्त परियोजनामा यस वित्तीय संस्थाले Challenge Fund कार्यक्रम अन्तर्गत लुम्बिनि प्रदेश र प्रदेश नं. २ का १२ वटा जिल्लाका १०० वटा साना किसान कृषि सहकारी संस्था लि. का सदस्य वा निजका परिवारका सदस्यहरु बैदेशिक रोजगारबाट नेपाल फिर्ता आएर कुनै उद्यम सञ्चालन गरिरहेको वा सञ्चालन गर्ने सोच रहेका व्यक्तिहरुलाई सीप तथा क्षमता विकासका लागि आवश्यक तालिम तथा पुँजीको व्यवस्था मिलाउने गरी प्रस्ताव पेश गरेकोमा उक्त प्रस्ताव सीप कार्यक्रमबाट स्वीकृत भई यस वित्तीय संस्थासँग सम्झौता हुने क्रममा रहेको छ।

### ६.११. बागमती प्रदेश सरकारसँग लगानी सम्झौता :-

बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय तथा साना किसान विकास लघुवित्त वित्तीय संस्थाबिच मिति २०७७ मङ्सिर १८ गते उत्पादन तथा रोजगारी सृजनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि २०७७ बमोजिमको कर्जा कार्यक्रम सञ्चालनका लागि सम्झौता भएको छ।

### ६.१२ बैंक तथा वित्तीय संस्थाहरु :-

यस वित्तीय संस्थालाई आवश्यक पर्ने वित्तीय स्रोत विभिन्न बैंक तथा वित्तीय संस्थाहरुले उपलब्ध गराउँदै आएका छन्। यस संस्थाका शेयर धनी समेत रहेका कृषि विकास बैंक लि. नेपाल बैंक लि. र नबिल बैंक लि.ले लामो समय देखि विपन्न क्षेत्र कर्जा उपलब्ध गराउँदै आएका छन्। त्यस्तै गरी एभरेष्ट बैंक लि., राष्ट्रिय वाणिज्य बैंक, हिमालयन बैंक लि., सिद्धार्थ बैंक लि., प्राईम कमर्शियल बैंक लि., एनआईसी एशिया बैंक लि., बैंक अफ काठमाडौं लि., माछापुच्छ्रे बैंक लि., स्टयाण्डर्ड चार्टर्ड बैंक लि., सानिमा बैंक लि., सिटिजन्स बैंक इन्टरनेशनल लि. नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि., एनएमबी बैंक लि., ग्लोबल आइएमई बैंक लि, कुमारी बैंक लि.,नेपाल एसबिआई बैंक लि., मेगा बैंक लि.,सनराइज बैंक लि., नेपाल इन्भेष्टमेण्ट बैंक लि., नेपाल बङ्गलादेश बैंक लि., प्रभु बैंक लि.,महालक्ष्मी विकास बैंक लि., लगायतका बैंक तथा वित्तीय संस्थाले यस बैंकलाई विपन्न क्षेत्र कर्जा उपलब्ध गराउँदै आएका छन्।

### ६.१३. सेन्टर फर माईक्रो फाईनान्स :-

यो वित्तीय संस्था सेन्टर फर माईक्रो फाईनान्सको शेयरधनी समेत रहेको छ। यस संस्थाले वित्तीय संस्थामा आवद्ध संस्था एवम् संस्थाका कर्मचारीहरुको क्षमता विकासमा सहयोग पुऱ्याउँदै आएको छ।

### ६.१४. अप्राका (Asia and Pacific Rural Agricultural Credit Association (APRACA) :–

यस वित्तीय संस्थाले APRACA को सदस्यता प्राप्त गरेकोछ। अप्राकाले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरुमा वित्तीय संस्थाको समेत प्रतिनिधित्व रहँदै आएको छ। यसका अतिरिक्त एसिया प्यासिफिक क्षेत्रका वित्तीय संस्थाहरुको यो उच्च सङ्गठनको कार्यकारी समितिको मिति २०७५ असोज २२ देखि २४ मा श्रीलङ्कामा सम्पन्न साधारण सभाले यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालालाई कार्यकारी समितिको सदस्यको रूपमा चयन गरेको छ। यसबाट अन्तर्राष्ट्रिय रूपमा यस वित्तीय संस्थाको पहिचान अझ सुदृढ भएको छ।

### ६.१५. सिक्ट्याब (Centre for International Cooperation and Training in Agricultural Banking (CICTAB), India M–

नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक लगायतका नेपालका बैंक तथा वित्तीय संस्थाहरु सदस्य रहेको CICTAB, India को यो वित्तीय संस्था पनि एक सक्रिय सदस्यको रूपमा रहेको छ। लघुवित्त वित्तीय संस्था तथा साना किसान सहकारी संस्थाका कर्मचारीहरुलाई समय सापेक्ष तालिम तथा गोष्ठीहरुमा सहभागी गराउँदै आएको सिक्ट्याबको पहलमा विगत ३ बर्ष देखि यस संस्थाका कर्मचारीहरुले बैकुण्ठ मेहता राष्ट्रिय सहकारी प्रवन्ध संस्थान अन्तरगत पोष्ट ग्र्याज्युएट डिप्लोमा ईन कोअपरेटिभ बिजनेस म्यानेजमेण्ट कोर्समा अध्ययन गर्दै आएका छन्।

### ६.१६. कम्प्युटर सफ्टवेयर :-

यस वित्तीय संस्थाले युरानस सफ्टवेयर प्रयोग गर्दै आएको छ।

### ६.१७. रजिष्ट्रार टु शेयर :-

नविल इन्भेस्टमेन्ट बैंकिङ्ग लि. ले यस वित्तीय संस्थाको शेयर रजिष्ट्रारको रूपमा सेवा प्रदान गर्दै आएको छ।

## ७. सञ्चालन तथा सुशासन

### ७.१ पुँजी संरचना

#### (क) लघुवित्त वित्तीय संस्थाको शेयर संरचना :

वि.सं. २०५८ मा लघुवित्त संस्था स्थापना गर्दा नेपाल सरकार, कृषि विकास बैंक, नेपाल बैंक लि., नबिल बैंक लि. र २१ वटा साना किसान सहकारी संस्थाहरु संस्थापकको रूपमा रहेका थिए । यो लघुवित्त संस्था साना किसान सहकारी संस्थाहरुलाई लक्षित गरी स्थापना गरिएको हुँदा कुल शेयर पुँजीको अधिक हिस्सा साना किसान सहकारी संस्थाहरुको नभएसम्म नेपाल सरकार तथा कृषि विकास बैंक लि.ले आ-आफ्नो स्वामित्वमा रहेको शेयर क्रमशः साना किसान सहकारी संस्थाहरुलाई बिक्री गर्ने नीति अनुरुप नेपाल सरकारको पुरै र कृषि विकास बैंक लि.को केही हिस्सा साना किसान सहकारी संस्था लि.हरुका नाममा बिक्री गरियो । वि.सं.२०७७ असारसम्म चुक्ता पुँजी रु.१ अर्ब २ लाख २९ हजार ४२५ पुगेको छ ।

अहिले संस्थापक तर्फबाट २३१ वटा साना किसान सहकारी संस्थाहरुले शेयर लगानी बढाइ कुल रु. ४३ करोड ६५ लाख ९६ हजार अर्थात ४४ प्रतिशत पुऱ्याएका छन् । कृषि विकास बैंक लि.को शेयर स्वामित्व रु. २२ करोड ३ लाख ४४ हजार अर्थात २२ प्रतिशत कायम रहेको छ । नेपाल बैंक लि. को रु. १ करोड २१ लाख ४६ हजार अर्थात १ प्रतिशत रहेको छ । नबिल बैंक लि.को रु. ३ करोड ३ लाख ६५ हजार अर्थात ३ प्रतिशत रहेको छ । यसरी संस्थापकहरुको कुल रु. ६९ करोड ९४ लाख ५२ हजार अर्थात ७० प्रतिशत शेयर हिस्सा रहेको छ । सर्वसाधारण शेयरधनीहरुको रु. ३० करोड ७७ लाख ७२ हजार अर्थात ३० प्रतिशत शेयर स्वामित्व रहेको छ ।

**तालिका १० : वित्तीय संस्थाको शेयर संरचना**
**(मिति २०७६/०३/३१)**

| समूह | चुक्ता पुँजी (रु.मा) | प्रतिशत | सञ्चालक समितिमा प्रतिनिधित्व सङ्ख्या |
|---|---|---|---|
| समूह (क) प्रवर्धक समूह | ६९९,४५२,१७९.५७ | ६९.९३% | |
| क. १ कृषि विकास बैंक लि. | २२०,३४४,६२१.२२ | २२.०३% | १ |
| क. २ नेपाल बैंक लि. | १२,१४६,०२४.९३ | १.२१% | |
| क. ३ नबिल बैंक लि. | ३०,३६५,२१७.६५ | ३.०४% | |
| क. ४ साना किसान सहकारी संस्थाहरू | ४३६,५९६,३१५.७७ | ४३.६५% | ३ |
| समूह (ख) सर्वसाधारण शेयरधनी | ३००,७७७,२४६.०९ | ३०.०७% | २ |
| व्यावसायिक सञ्चालक | - | - | १ |
| **जम्मा** | **१,०००,२२९,४२५.६६** | **१००.००%** | **७** |

*नोटः २०७६/७७ को २५% बोनस शेयर प्रस्ताव पारित भएपछि वित्तीय संस्थाको कुल चुक्ता शेयर रकम रु. १,२५,०२,८६,७८२/०८ पुग्ने छ ।*

### ७.२ सुशासन तथा सङ्गठनात्मक संरचना

यस लघुवित्त वित्तीय संस्थाले संस्थागत सुशासन सम्बन्धी नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित नियमनकारी निकायहरूबाट प्राप्त मार्ग निर्देशनहरू उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ । वित्तीय संस्थाको सुशासन अभिवृद्धि एवम् संस्थाले गर्ने कार्यहरू पारदर्शी एवम् नियमसङ्गत गर्नका लागि सञ्चालक समिति, लेखा परीक्षण समिति, कर्मचारी सेवा, सर्त तथा सुविधा समिति र आन्तरिक लेखा परीक्षण एकाइ क्रियाशील रहेको छ । वित्तीय संस्थाको कारोबारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरू तर्जुमा गरी लागू गरिएको छ । लघुवित्त वित्तीय संस्थाको संस्थागत सुशासन कायम गर्न देहायबमोजिमका सभा, समिति, उपसमिति, बैठक र पदाधिकारीको महत्वपूर्ण योगदान रहेको छ ।

#### (क) वार्षिक साधारण सभा

लघुवित्त वित्तीय संस्थाको सर्वोच्च अङ्ग साधारण सभा हो । वित्तीय संस्थाले स्थापना देखि हालसम्म नियमित रूपमा वार्षिक साधारण सभा गर्दै आएको छ । साधारण सभामा सबै शेयर सदस्यहरूको प्रतिनिधित्व हुन सक्ने गरी समयमा सूचना प्रवाह गर्ने, वित्तीय संस्थाका वार्षिक गतिविधि र योजनाका सम्बन्धमा छलफल गर्ने एवम् महत्वपूर्ण निर्णयहरू गर्ने कुरामा वार्षिक साधारण सभा ज्यादै प्रभावकारी रहिआएको छ ।

#### (ख) सञ्चालक समिति

शेयर सदस्यहरूबाट मनोनीत र निर्वाचित प्रतिनिधिहरूबाट यस वित्तीय संस्थाको सञ्चालक समिति गठन हुने व्यवस्था रहेको छ । सञ्चालक समितिको बैठक नियमित रूपमा बसी संस्थाको कार्य

प्रगतिको समीक्षा गर्ने, प्रचलित कानुनहरू, संस्थाको प्रबन्धपत्र र नियमावली, नेपाल राष्ट्र बैंकका निर्देशनहरू, समसामयिक आर्थिक/सामाजिक अवस्था, बजार र प्रतिस्पर्धीहरू समेतलाई ध्यानमा राखी आवश्यक नीतिगत व्यवस्थाहरू गर्ने कार्यमा सञ्चालक समिति प्रतिबद्ध रहेको छ ।

वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली अनुसार यस संस्थामा प्रवर्द्धक समूह (क) बाट क्रमशः कृषि विकास बैंक, नेपाल बैंक लि. एवम् नबिल बैंक लि.का तर्फबाट आलोपालो १ जना, साना किसान सहकारी संस्थाहरूका तर्फबाट १ जना महिला सहित ३ जना र समूह (ख) सर्वसाधारण शेयरधनीबाट निर्वाचित २ जना र स्वतन्त्र सञ्चालक १ जना गरी जम्मा ७ जनाको सञ्चालक समिति रहने व्यवस्था छ ।

श्री खेम बहादुर पाठकको अध्यक्षता रहेको वित्तीय संस्थाको सञ्चालक समितिमा हाल कृषि विकास बैंकका तर्फबाट श्री प्रताप सुवेदी, साना किसान सहकारी संस्थाहरुको तर्फबाट श्री खेमबहादुर पाठक र श्री रविन्द्र यादव, सर्वसाधारण शेयरधनीका तर्फबाट श्री उमेश लम्साल र श्री भूपेश छत्कुली, महिलाको तर्फबाट श्री चाँदनी ढकाल, स्वतन्त्र सञ्चालक श्री महेन्द्र प्रसाद श्रेष्ठ गरी ७ जना पदाधिकारी रहनु भएको छ ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार चार्टर्ड एकाउन्टेन्ट् श्री उपहार राज घिमिरेज्यूलाई स्वतन्त्र सञ्चालकको रूपमा नियुक्ति गरिएकोमा निजले दिनु भएको राजिनामा मिति २०७७/४/१ देखि लागु हुने गरी स्वीकृत भएको छ । साथै मिति २०७७/९/८ मा बसेको सञ्चालक समितिको बैठकबाट श्री महेन्द्र प्रसाद श्रेष्ठज्यूलाई स्वतन्त्र सञ्चालकको रूपमा नियुक्ति गरिएकोछ ।

**तालिका-११: वर्तमान सञ्चालक समितिका पदाधिकारीहरू (मिति २०७७/०९/१५)**

| क्रसं | नम | पद | प्रतिनिधित्व गरेको संस्था |
|---|---|---|---|
| १ | श्री खेमबहादुर पाठक | अध्यक्ष | साना किसान सहकारी संस्था लि. |
| २ | श्री प्रताप सुवेदी | सदस्य | कृषि विकास बैंक लि. |
| ३ | श्री रविन्द्र यादव | सदस्य | साना किसान सहकारी संस्था लि. |
| ४ | श्री उमेश लम्साल | सदस्य | सर्वसाधारण शेयरधनी |
| ५ | श्री भूपेश छत्कुली | सदस्य | सर्वसाधारण शेयरधनी |
| ६ | श्री चाँदनी ढकाल | सदस्य | साना किसान सहकारी संस्था लि (महिला सञ्चालक) |
| ७ | श्री महेन्द्र प्रसाद श्रेष्ठ | सदस्य | स्वतन्त्र सञ्चालक |

### (ग) सञ्चालक समिति संयोजक रहने गरी गठित समितिहरु:

**(अ) लेखा परीक्षण समिति :**

लेखा परीक्षण समितिले वित्तीय संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गर्दछ। वित्तीय संस्थाको लेखा तथा वित्तीय पक्षहरूको अध्ययन गर्ने, आन्तरिक लेखापरीक्षणको व्यवस्था मिलाउने, आन्तरिक लेखापरीक्षणका कैफियतहरू सुधार गर्न लगाउने र सोको अनुगमन गर्ने, अन्तिम लेखापरीक्षणको व्यवस्था गर्ने, सञ्चालक समितिलाई आवश्यक निर्देशन र सुझावहरू दिने कार्य गर्दछ। मिति २०७७/६/२६ गते बसेको सञ्चालक समितिको ३९१ औं बैठकबाट सञ्चालक समिति सदस्य संयोजक रहने गरी देहाय अनुसार पुनर्गठन गरिएको छ ।

**लेखा परीक्षण समितिका पदाधिकारीहरू :**

१. श्री उमेश लम्साल, सञ्चालक — संयोजक
२. श्री प्रताप सुवेदी, सञ्चालक — सदस्य
३. श्री ईशा के.सी.,विभागीय प्रमुख — सदस्य सचिव

**(आ) कर्मचारी सेवा-सुविधा समिति :**

कर्मचारीसेवा-सुविधा समितिले प्रचलित कानुन तथा नीति निर्देशनमा उल्लिखित व्यवस्थाहरुको पालना हुने गरी प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक/सुविधाहरु वृद्धि गर्नु पर्ने देखिएमा सोको आधारहरु सहित सञ्चालक समितिमा सिफारिश गर्ने जस्ता कार्यहरु गरी सञ्चालक समितिलाई आवश्यक सहयोग र सुझाव प्रदान गर्दै आएको छ। मिति २०७६/९/३ गते बसेको सञ्चालक समितिको ३६३ औं बैठकबाट सञ्चालक समिति सदस्य संयोजक रहने गरी पुनर्गठन गरिएको छ ।

**कर्मचारीसेवा-सुविधा समितिका पदाधिकारीहरू :**

१. श्री प्रताप सुवेदी, सञ्चालक — संयोजक
२. श्री भुपेश छत्कुली, सञ्चालक — सदस्य
३. श्री चाँदनी ढकाल, सञ्चालक — सदस्य
४. डा. शिवराम प्रसाद कोइराला, प्रमुख कार्यकारी अधिकृत — सदस्य
५. श्री अञ्जु पाठक, विभागीय प्रमुख — सदस्य सचिव

### (इ) जोखिम व्यवस्थापन समिति :

जोखिम व्यवस्थापन समितिले संस्थाको व्यावसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागि भएका रणनीति, नीतिगत व्यवस्था, सम्भाव्य जोखिमहरू विश्लेषण गरी पोर्टफोलियो अध्ययन एवम् वर्तमान र सम्भाव्य जोखिमहरू अनुगमन विश्लेषण तथा नियन्त्रण गर्ने कार्य के-कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गरी सञ्चालक समितिमा आवश्यक सुझाव पेश गर्ने कार्य गरिदै आएको छ ।

**जोखिम व्यवस्थापन समिति पदाधिकारीहरु :**

१. श्री भुपेश छत्कुली, सञ्चालक — संयोजक
२. श्री उमेश लम्साल, सञ्चालक — सदस्य
३. श्री कृष्ण प्रसाद लामिछाने, विभागीय प्रमुख — सदस्य सचिव

### (ई) सम्पत्ति शुद्धिकरण अनुगमन समिति:

सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ ले तोके बमोजिमको सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण सम्वन्धमा वित्तीय संस्थाको कार्यप्रकृति बमोजिमे साझेदार संस्थाको कारोबारको अनुगमन गर्ने प्रक्रिया र जोखिम व्यवस्थापन सम्बन्धी प्रक्रिया जस्ता विषयमा केन्द्रित भई कार्यविधि तयार गरी साझेदार संस्थाहरुमा अनुगमन गर्ने कार्य गर्दै आएको छ ।

मिति २०७६/९/३ गते बसेको सञ्चालक समितिको ३६३ औं बैठकबाट सञ्चालक समिति सदस्य संयोजक रहने गरी पुनरगठन गरिएको छ ।

**सम्पत्ति शुद्धिकरण अनुगमन समितिका पदाधिकारीहरू :**

१. श्री रविन्द्र यादव, सञ्चालक — संयोजक
२. श्री प्रताप सुवेदी, सञ्चालक — सदस्य
३. डा. शिवराम प्रसाद कोइराला, प्रमुख कार्यकारी अधिकृत — सदस्य
४. श्री कृष्ण प्रसाद लामिछाने, विभागीय प्रमुख — सदस्य
५. श्री अञ्जु पाठक, विभागीय प्रमुख — सदस्य सचिव

### (घ) अन्य समिति/उपसमितिहरु

**अ. ऋण समिति :** प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाको संयोजकत्वमा का.मु. नायव प्रमुख कार्यकारी अधिकृत श्री झलेन्द्र भट्टराई, मुख्य प्रबन्धकद्वय श्री कृष्ण प्रसाद लामिछाने र श्री अञ्जु पाठक तथा वरिष्ठ प्रबन्धक श्री शिवहरि अर्याल सहितको ५ सदस्यीय ऋण समिति रहेको छ ।

**आ. पदपूर्ति समिति:** नायव प्रमुख कार्यकारी अधिकृत डा. नवराज सिम्खडाको संयोजकत्वमा श्री मित्र तिमिसिना, श्री नारायण प्रसाद आचार्य, डा. विनय कुमार कुसैयत, मुख्य प्रबन्धक श्री अञ्जु पाठक सदस्य सचिव रहेको ५ सदस्यीय कर्मचारी भर्ना तथा छनौट समितिले रहेको छ ।

## ७.३ आन्तरिक नियन्त्रण प्रणाली

### (क) नीति नियम :

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ तथा प्रचलित कानुनहरू र नेपाल राष्ट्र बैंकले विभिन्न समयमा जारी गर्ने निर्देशन एवम् परिपत्रहरूको अधीनमा रही वित्तीय संस्थाले आफ्ना व्यावसायिक कारोबारहरू सञ्चालन गर्दछ । साधारण सभाको निर्देशन एवम् सञ्चालक समितिका निर्णयहरूबाट संस्थाका क्रियाकलापहरू निर्देशित हुने गर्दछन् । वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, लेखा दिग्दर्शन २०५९, कर्जा नीति २०६२, कर्मचारी सेवा विनियमावली २०६२, आर्थिक प्रशासन विनियमावली २०७४, कर्जा अपलेखन विनियमावली २०६२, जस्ता नीति तथा कार्यविधि निर्देशन आदिका अधिनमा रही वित्तीय संस्थाका कार्यहरू सञ्चालन हुने गर्दछन् ।

### (ख) सुशासनकालागि अन्य प्रबन्धन

**अ. आन्तरिक लेखापरीक्षण तथा निरीक्षण एकाइ :**

लघुवित्त वित्तीय संस्थमा लेखापरीक्षण समितिको निर्देशनमा रहने गरी आन्तरिक लेखापरीक्षण तथा निरीक्षण शाखा रहेको छ । यस शाखाले मातहतका सबै कार्यालयहरूको नियमित रूपमा आन्तरिक लेखापरीक्षण गर्दछ भने कर्जा कारोबार गर्ने ग्राहक संस्थाहरूको स्याम्प्लिङ गरी निरीक्षण र अनुगमन कार्यलाई सञ्चालन गर्दछ ।

**आ. अन्तिम लेखापरीक्षण :**

वित्तीय संस्थाले प्रत्येक आर्थिक वर्षको चार्टड एकाउन्टेन्ट्सबाट स्वतन्त्र रूपमा अन्तिम लेखापरीक्षण गराउने गर्दछ । आ.व.२०७५/७६ को लेखा परीक्षण श्री खगेन्द्र भट्टराई, खगेन्द्र एण्ड एसोसिएट्स कम्पनी चार्टर्ड एकाउन्टेन्टस्बाट सम्पन्न भएको छ ।

**इ. कर्मचारी बैठक:**

प्रमुख कार्यकारी अधिकृतको अध्यक्षतामा कर्मचारीहरूको बैठक बसी सहभागितामूलक विधिबाट छलफल गरी निर्णय गर्ने पद्धति रहेको छ। बैठकमा वित्तीय संस्थाको उद्देश्य हासिल गर्न सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरूको प्रगतिको समीक्षा गर्दै आगामी दिनमा अझ प्रभावकारी र सहज रूपमा काम-कारवाहीहरू सञ्चालन गर्न अपनाइने रणनीतिहरू तर्जुमा गरिन्छ।

**ई. प्रमुख कार्यकारी अधिकृत:**

वित्तीय संस्थाको दैनिक कार्यसञ्चालन, योजना तर्जुमा, स्रोत व्यवस्थापन, आन्तरिक नियन्त्रण, समन्वय र सम्बन्ध विकास जस्ता यावत् कार्यहरू प्रमुख कार्यकारी अधिकृतबाट हुने व्यवस्था गरिएको छ। प्रमुख कार्यकारी अधिकृत अन्तर्गत विभिन्न विभाग र इलाका कार्यालयहरूले व्यावसायिक गतिविधि सञ्चालन गर्दछन्। प्रमुख कार्यकारी अधिकृतको व्यवस्थापकीय क्षेत्रमा लामो अनुभव, व्यावसायिक दक्षता, अन्तरवैयक्तिक क्षमता, दूरदृष्टि र कुशल व्यवस्थापनले संस्थाको प्रगतिमा महत्वपूर्ण भूमिका खेलेको छ।

**उ. कर्मचारी कार्य विवरण (Job Description) :**

कर्मचारीहरूमा स्पष्ट कार्यविभाजन, कार्यसम्पादन मूल्याङ्कन पद्धति, अधिकार र जिम्मेवारी प्रदान, उचित सेवा-सुविधा आदि कारणले गर्दा उच्च मनोबलका साथ काम गर्ने वातावरण कायम रहेको छ।

**ऊ. वार्षिक/अर्धवार्षिक समीक्षागोष्ठी:**

वित्तीय संस्थाले नियमित रूपमा केन्द्रीय र इलाका कार्यालयसहितको वार्षिक र अर्धवार्षिक प्रगति समीक्षा र कार्यक्रम तथा बजेट तर्जुमागोष्ठीको आयोजना गर्दै आएको छ। त्यसै गरी आबद्ध सहकारी संस्थाका प्रतिसंस्था कम्तीमा २ जना आधिकारिक प्रतिनिधिहरूको सहभागितामा केन्द्रीय कार्यालयको आयोजनामा वार्षिक रूपमा प्रगति समीक्षा तथा रणनीति तर्जुमागोष्ठी र इलाका कार्यालयको आयोजनामा अर्धवार्षिक समीक्षा र कार्यक्रम तथा बजेट तर्जुमागोष्ठी आयोजना गर्दै आएको छ।

## (ग) मानव संसाधन

**अ. दरबन्दी:**

यस वित्तीय संस्थामा कार्यरत कर्मचारीहरू र व्यवस्थापनबीचको सौहार्द्रपूर्ण सम्बन्ध र कर्मचारीहरूको जिम्मेवारी र उत्तरदायित्वप्रतिको लगावले गर्दा सङ्ख्यात्मक रूपमा थोरै कर्मचारी रहे तापनि छोटो अवधिमा नै संस्थाले महत्वपूर्ण उपलब्धि हासिल गर्न सकेको हो। वित्तीय संस्थाले कर्मचारीहरूलाई प्रतिष्ठित शैक्षिक संस्थामा अध्ययनको अवसर दिने, राष्ट्रिय-अन्तर्राष्ट्रिय तालिम तथा गोष्ठीहरूमा सहभागी गराउने आदि जस्ता वृत्ति विकासका अवसरहरू प्रदान गर्ने गरेको छ। वित्तीय संस्थामा १०२ स्थायी समेत कुल ११४ दरबन्दी रहेकोमा प्रमुख कार्यकारी अधिकृत सहित ८२ स्थायी समेत गरी जम्मा ९६ जना कर्मचारी कार्यरत छन्।

**तालिका - १२ : दरबन्दी एव कार्यरत कर्मचारी सङ्ख्या**

| क्र. सं. | सेवा प्रकार | कार्यरत कर्मचारी सङ्ख्या | | | ०७७/७८ को दरबन्दी |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | स्थायी कर्मचारी | १८ | ६४ | ८२ | १०२ |
| २ | करार सेवाका कर्मचारी | १ | ११ | १२ | १२ |
| ३ | दैनिक ज्यालादारीमा कार्यरत कर्मचारी | २ | ० | २ | - |
| कुल जम्मा : | | २१ | ७५ | ९६ | ११४ |

*(२०७७ मंसिर मसान्त सम्मको विवरणको आधारमा)*

**आ. भर्ना र विकास:**

यस वित्तीय संस्थामा कामको चाप लाई मध्यनजर गरी आवश्यक कर्मचारीहरुको दरवन्दी सृजना गर्ने तथा उपयुक्त विधिको आधारमा छनौट गर्ने प्रकृयालाई अगाडी बढाइएको छ। प्रकृया पुरा गरी भर्ना भएका कर्मचारीलाई उपयुक्त स्थानमा पदस्थापन गर्ने तथा वृत्ति विकासका लागी विभिन्न तालिम, गोष्ठि तथा सेमीनारहरुमा सहभागी गराउने कुरामा व्यवस्थापन सधै लागीपरेको छ। यसका साथै पदोन्नति तथा सरुवाको प्रकृया पनि नियमावली अनुरुप अगाडी वढिरहेको छ।

**इ. पारिश्रमिक र सुविधा:**

वित्तीय संस्थामा कार्यरत कर्मचारीहरुलाई संस्थाले

उपलब्ध गराउदै आएको पारिश्रमिक र सुविधा अन्तर्गत मासिक तलव, भत्ताका अतिरिक्त दशैं खर्च, औषधि खर्च तथा वार्षिकोत्सवमा एक महिना बराबरको तलव तथा नियमित रूपमा बोनस सुविधा आदि उपलब्ध गराउँदै आएको छ ।

**ई. वित्तीय संस्था व्यवस्थापन:**

यस वित्तीय संस्थाको दैनिक तथा प्रशासनिक कार्य सञ्चालनार्थ प्रमुख कार्यकारी अधिकृत, दुई जना नायव प्रमुख कार्यकारी अधिकृत तथा तीनजना मुख्य प्रबन्धक सहितको व्यवस्थापन समूह छ । साथै विभिन्न शाखा तथा एकाईहरुमा आवश्यकता अनुसारका वरिष्ठ प्रबन्धक, प्रबन्धक, अधिकृत तथा सहायक कर्मचारीहरु नियुक्ति भई प्रभावकारी रूपमा कार्यहरु सञ्चालन भएका छन् ।

**उ. वित्तीय संस्थाका कार्यालयहरु :**

वित्तीय संस्थाको काठमाडौंमा एक केन्द्रीय कार्यालय सहित विभिन्न भौगोलिक क्षेत्र समिटिने गरी ११ वटा इलाका कार्यालयहरु मार्फत वित्तीय संस्थाबाट वित्तीय तथा गैह्र वित्तीय सेवा/प्रविधिक सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको छ । साझेदार संस्थाहरुलाई सहजरूपमा सेवा/सहयोग उपलब्ध गराउन बिर्तामोड (झापा), इटहरी (सुनसरी), बर्दिवास (महोत्तरी), हेटौंडा (मकवानपुर), गजुरी (धादिङ), बनेपा (काभ्रे), बुटवल (रुपन्देही), पोखरा (कास्की), नेपालगञ्ज (बाँके), वीरेन्द्रनगर (सुर्खेत) र अत्तरिया (कैलाली) मा इलाका कार्यालयहरु स्थापना भएका छन् । इलाका कार्यालयहरुले आफ्नो कार्यक्षेत्र अन्तर्गतका साना किसान सहकारी संस्था लगायत अन्य सहकारी एवम् लघुवित्त संस्थाहरुलाई थोक कर्जा, गैह्रवित्तीय सेवा एवम् अन्य प्राविधिक सहयोग प्रदान गर्दै आएका छन् ।

## (ग) सम्मान र पुरस्कार:

(१) साना किसानको स्वामित्व र साना किसान बाटै सञ्चालन तथा व्यवस्थापन भई अति न्यून शिरोभार खर्चमा ग्रामीण गरिबको जिवनस्तर सुधारमा सहयोग गर्ने साना किसान सहकारी संस्था जस्तो ग्रामीण लघुवित्त संस्थाको नमूना (Model) र यसको भूमिकालाई कदर गर्दै विश्व बैंक अर्न्तगतको Consultative Group to Assist the Poor (CGAP) र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (International Fund for Agriculture Development, IFAD) बाट यस बैंक सन् २००३ मा पुरस्कृत भएको छ । उक्त ५० हजार अमेरिकी डलर राशिकोपुरस्कार रकमलाई अक्षय कोषमा राखि सो को परिचालनबाट अनुसरण कार्यक्रम सञ्चालन गराई थप विपन्न वर्गलाई लघुवित्त सेवाको पहुँचमा ल्याउने कार्य यस वित्तीय संस्थाबाट हुँदै आएको छ ।

(२) 2nd Newbiz BusinessConclave and Awards–2014 का तर्फबाट वितरण हुने Best Managed Microfinace Company of the Year बाट यो लघुवित्त वित्तीय संस्था सम्मानित भएको छ ।

## (घ) धन्यवाद ज्ञापन :

अन्त्यमा, म सञ्चालक समितिको तर्फबाट यस वित्तीय संस्थाको प्रगति तथा समृद्धिका लागि निरन्तर सहयोग, सुझाव दिइरहनु भएका हाम्रा सम्पूर्ण संस्थापक शेयरधनी तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, साझेदार संस्थाहरु, शुभचिन्तकहरु तथा वित्तीय संस्थाको उत्तरोत्तर विकासका लागि अहोरात्र खटिनुभएका लगनशील सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । मिति २०७६/३/३ देखि २०७७/४/१ सम्म यस वित्तीय संस्थाको स्वतन्त्र सञ्चालक पदमा रही पुर्‍याउनु भएको योगदानका लागि श्री उपहार राज घिमिरेलाई धन्यवाद ज्ञापन गर्दछु । वित्तीय संस्थाको प्रगतिको लागि निरन्तर मार्गदर्शन गर्ने नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत सम्पूर्ण सम्वन्धित सरकारी निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरु प्रति कृतज्ञता व्यक्त गर्दछु ।

यस वित्तीय संस्थाको नविन कार्यक्रम र उपलब्धीलाई सकारात्मक रूपमा जनसमक्ष पुर्‍याउन सहयोग गर्ने सञ्चार माध्यम र प्रत्यक्ष/अप्रत्यक्ष रूपमा संस्थाको प्रगतिमा सहयोग गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु प्रति आभार प्रकट गर्दछु । यस गरिमामय सभामा प्रस्तुत गरिएका सबै साधारण तथा विशेष प्रस्तावहरुमा छलफल गरी पारित गरिदिनका लागि शेयरधनी महानुभावहरुमा हार्दिक अनुरोध गर्दै आगामी दिनहरुमा पनि सबै क्षेत्रबाट वित्तीय संस्थाको प्रगतिका लागि अझ बढी सहयोग, स्नेह तथा सद्भाव प्राप्त हुने आशा गर्दछु ।

धन्यवाद ।

**खेम बहादुर पाठक**
**अध्यक्ष**
**र सम्पूर्ण सञ्चालक समिति**

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
# सञ्चालक समितिको प्रतिवेदन

*(कम्पनी ऐन, २०६३ को दफा १०९(४) सँग सम्बन्धित अतिरिक्त विवरण)*

**(क) विगत वर्षको कारोबारको सिंहावलोकन**

१९ औं वार्षिक प्रगति प्रतिवेदन पुस्तकको मुल खण्डमा समावेश छ ।

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर**

१९ औं वार्षिक प्रगति प्रतिवेदन पुस्तकको मुल खण्डमा समावेश छ ।

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराका सम्बन्धमा सञ्चालक समितिको धारणा**

आ.व.२०७६/७७ को असोज मसान्तमा आयकर र वोनस व्यवस्था पछिको नाफा रु. १३ करोड ७८ लाख रहेकोमा चालु आ.व. २०७७/७८ को असोज मसान्तमा रु. १४ करोड ३० हजार हुन गएको छ । २०७६ को असोजमा खुद कर्जा तथा सापट रु. रु. १९ अर्ब २० करोड ६२ लाख रहेकोमा २०७७ साल असोज मसान्त सम्ममा रु. १८ अर्ब ७९ करोड ७० लाख पुगेको छ । २०७६ असोजमा कुल निष्क्रिय कर्जाको ०.०९ प्रतिशत रहेकोमा २०७७ साल असोज मसान्तमा ०.९९ प्रतिशत भएको छ । भविष्यमा गर्नुपर्ने कुराहरूका सम्बन्धमा १९ औं वार्षिक प्रगति प्रतिवेदन पुस्तकको मुल खण्डमा उल्लेख गरिएको छ ।

**(घ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध**

१९ औं वार्षिक प्रगति प्रतिवेदन पुस्तकको मुल खण्डमा समावेश छ ।

**(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण**

१९ औं वार्षिक प्रगति प्रतिवेदन पुस्तकको मुल खण्डमा समावेश छ ।

**(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू**

यस वित्तीय संस्थाको कारोबारमा असर पार्ने मुख्य जोखिमका रूपमा देहायका कुराहरूलाई लिइएको छ :-

साझेदार केही साना किसान सहकारी संस्था लि. हरूमा बलियो रूपमा सुशासनको अवस्था कायम राख्न नसकेमा वा सञ्चालक एवम् कर्मचारीहरूमा पूर्ण रूपमा पेसागत दक्षता एवम् अनुभवको अभाव रहेमा उत्पन्न हुन सक्ने जोखिमहरू,

- पुँजीबजारमा आउन सक्ने उतारचढावबाट यस वित्तीय संस्थालाई प्राप्त हुने कर्जा र सोको ब्याजदरमा बृद्धि हुन सक्ने जोखिमहरू,
- लघुवित्त बजारको समस्याका रूपमा रहेको वित्तीय स्रोतको अपर्याप्तता, विनाधितो कर्जा प्रबाह, कर्जा अनुगमनमा कमी आदि कारणले देखापर्ने जोखिमहरू,
- लघुकर्जाका सम्बन्धमा हुने अनावश्यक र नकारात्मक प्रचारका कारण कर्जा लगानी तथा असुलीमा उत्पन्न हुने जोखिमहरू,
- देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने जोखिमहरू,
- नियमन निकायहरूबाट समय-समयमा नीति-नियममा भएको बदलावका कारणबाट हुन सक्ने सम्भावित जोखिमहरू,
- लघुवित्त क्षेत्रमा दक्ष जनशक्ति आकर्षण र रिटेन्सनसम्बन्धी जोखिम ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सोउपर सञ्चालक समितिको प्रतिक्रिया**

१. लेखापरीक्षकको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका कैफियतहरू प्रत्येक वर्षमा सुधार गरिँदै आएको छ । यस लघुवित्त वित्तीय संस्थाको नियमित कारोबारमा देखिएको सामान्य कैफियतहरु बोहक लेखापरीक्षण प्रतिवेदनमा कुनै खास उल्लेखनीय टिप्पणी रहेको छैन । लेखापरीक्षकले औल्याएका अधिकांश कैफियतहरु सुधार गरिसकिएको र बाँकी कैफियतहरु सुधार हुने क्रममा रहेका छन् ।

२. नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ को निर्देशन नं. ४/०७७ को बुँदा नं.४.१ (ज) (आ) बमोजिम इजाजतप्राप्त लघुवित्त वित्तीय संस्थाले ग्राहक संरक्षण कोषमा अघिल्लो आर्थिक वर्षको नाफाबाट जम्मा हुने रकमको न्युनतम् पचास प्रतिशत् रकम पछिल्लो आर्थिक वर्षमा खर्च गर्नुपर्ने

व्यवस्था बमोजिम खर्च नगर्नुको कारण सोधी खर्च नभएको रकमलाई ब्वकबचप गरी छुट्टै लगानी गर्ने व्यवस्था गर्न निर्देशन भए बमोजिम सो कोषमा रहेको रकमलाई ब्वकबचप गरी छुट्टै लगानी गरिएको छ । साथै, संस्थाको आन्तरिक तथा बाह्य लेखापरीक्षणका साथै नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षण तथा गैर स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औँल्याइएका कैफियतहरु पुनः नदोहोरिने गरी सुधार गर्न समेत निर्देशन भएको छ ।

**(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम**

सञ्चालक समितिबाट चालु आ.व. २०७६/७७ को खुद मुनाफा रु. ५५ करोड ६२ लाख मध्ये शेयरधनीहरुलाई चुक्ता पुँजी रु. १,००,०२,२९,४२५/६६ को २५ प्रतिशतले हुने रु. २५,००,५७,३५६/४२ बराबरको बोनस शेयर र बोनस शेयरको कर प्रयोजनको लागि चुक्ता पुँजीको १.३१५७८९४७४ प्रतिशतले हुने नगद लाभांश रु. १,३१,६०,९१३/५० गरी कुल जम्मा रु. २६,३२,१८,२६९/९२ बराबरको मुनाफा वितरण गर्न एवम् प्रदान गरिने बोनस शेयर गणना गर्दा प्र्याक्सनमा आउने अङ्कलाई आगामी वर्षहरुमा क्रमशः पूर्णाङ्क नपुगेसम्म सम्बन्धित कै नाममा संचिती राख्ने व्यवस्था मिलाउन प्रस्ताव गरिएको छ ।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयरसङ्ख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण**

कुनै पनि शेयर जफत भएको छैन ।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन**

यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरू र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन**

यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन । साथै, यस कम्पनीमा सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरेबाहेक कुनै महत्वपूर्ण परिवर्तन भएको छैन ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी**

यस प्रकारको कुनै पनि जानकारी आधारभूत शेयरधनीहरूबाट प्राप्त भएको छैन ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारी**

यस कम्पनीका प्रवर्धक शेयरधनीहरूका तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरू संस्थागत रूपमा प्रतिनिधि भई आएको हुँदा व्यक्तिगत रूपमा यस वित्तीय संस्थाको शेयर खरिद गरेको छैन ।

सर्वसाधारण शेयरधनीका तर्फबाट निर्वाचित सञ्चालक र व्यावसायिकहरूका नाममा यस संस्थाको देहायअनुसारको शेयर रहेको देखिन्छ –

| क्रसं. | शेयरधनीको नाम | शेयरधनी नं. | शेयर कित्ता सङ्ख्या |
|---|---|---|---|
| १ | श्री उमेश लम्साल | १३०११८०००००००४००६ | ७१११ |
| २ | श्री भुपेश छत्कुली | १३०११८०००००००६६७९ | ४३३ |

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा नजिकको नातेदारको व्यक्तिगत स्वार्थका बारेमा उपलब्ध गराइएको जानकारीको ब्यहोरा**

यस प्रकारको कुनै सम्झौता भएको जानकारी प्राप्त भएको छैन ।

**(ण) कम्पनीले आृनो शेयर आफैंले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको सङ्ख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम**

कम्पनीले आफ्नो शेयर आफैंले खरिद गरेको छैन ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण**

सञ्चालक समितिको प्रतिवेदनमा प्रस्तुत छ ।

**(थ) विगत आर्थिक वर्षको कूल व्यवस्थापन खर्चको विवरण**

| | |
|---|---|
| कर्मचारी खर्च | रु. ८,२३,०८,७१९/४७ |
| कार्यालय सञ्चालन खर्च - | रु. ५,२७,०३,५८१/३४ |
| जम्मा | रु. १३,५०,१२,३००/८१ |

**(द) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण**

यस कम्पनीमा गैरकार्यकारी सञ्चालक श्री उमेश लम्सालको संयोजकत्वमा तल तालिकामा उल्लेख गरेअनुसारको तीन सदस्यीय लेखापरीक्षण समिति रहेको छ । यस समितिले कम्पनी ऐन, २०६३ को दफा १७५ मा तोकिए बमोजिमका कार्यहरू गर्ने, नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशनमा लेखापरीक्षण समितिले गर्नुपर्ने भनी उल्लेख गरेका कार्यहरू गर्ने, लेखापरीक्षकले दिएको प्रतिवेदनउपर दफावार अध्ययन गरी सञ्चालक समितिलाई प्रतिवेदनसहित सुझाव र व्यवस्थापनलाई निर्देशन दिने एवम् आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरणका लागि अनुगमन, निरीक्षण र सुझाव प्रदान गर्ने जस्ता कार्यहरू गर्ने गर्दछ ।

यस समितिले सम्पत्तिको कर्जाको गुणस्तर अभिवृद्धि गर्ने, पुराना हिसाबहरू फरफारक गर्ने आदिलगायतका महत्वपूर्ण सुझावहरूसहितको प्रतिवेदन सञ्चालक समितिमा पेस गरेको र सञ्चालक समितिले सोको प्रभावकारी कार्यान्वयनका लागि व्यवस्थापनलाई निर्देशन दिएको छ ।

**लेखापरीक्षण समितिका पदाधिकारीहरूको नामावली तथा सुविधा**

| नाम | पद | सुविधा |
|---|---|---|
| श्री उमेश लम्साल | संयोजक | प्रति बैठक भत्ता रु. ६,०००।- |
| श्री प्रताप सुवेदी | सदस्य | प्रति बैठक भत्ता रु. ६,०००।- |
| श्री ईशा के.सी | सदस्य सचिव | प्रति बैठक भत्ता रु. २,०००।- |

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा सङ्गठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा**

सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा सङ्गठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी छैन ।

**(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम**

**सञ्चालकहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

- सञ्चालक समितिको बैठकमा भाग लिए बापत प्रति बैठक रु. ६,०००/- मात्र भत्ता
- सञ्चार सुविधा : अध्यक्षलाई प्रति महिना रु.३,०००।- र अन्य सञ्चालकलाई प्रति महिना प्रति व्यक्ति रु.२,०००।- मात्र ।
- पत्रपत्रिका वापत : अध्यक्षलाई प्रति महिना रु.१,०००।- र अन्य सञ्चालकलाई प्रति महिना प्रति व्यक्ति रु.५००।- मात्र ।
- काठमाडौं बाहिरबाट प्रतिनिधित्व गर्ने सञ्चालकलाई समितिको बैठकमा भाग लिन आउँदा एकमुस्ट स्थानीय परिवहन तथा भैपरि आउने खर्च रु. २,५००/-
- काठमाडौं उपत्यकाभित्र वाट प्रतिनिधित्व गर्ने सञ्चालकलाई समितिको बैठकमा भाग लिन आउँदा एकमुस्ट स्थानीय परिवहन तथा भैपरि आउने खर्च रु. २,०००/-
- सञ्चालकहरूले कम्पनीको कामको सिलसिलामा भ्रमण गर्दा दैनिक भत्ता रु. २,५००/-
- कम्पनीको कामको सिलसिलामा हवाइजहाजबाट यात्रा गरेमा हवाइजहाजमा लागे बमोजिमको टिकट खर्च र हवाइजहाजको सुविधा उपभोग नगरी बसबाट यात्रा गरेमा बसभाडाको दोब्बरका दरले भ्रमण भत्ता उपलब्ध हुने । काठमाडौं उपत्यकाबाहिर जुनसुकै ठाउँबाट बसबाट यात्रा गरी सञ्चालक समितिको बैठकमा भाग लिन आउने सञ्चालकलाई बसभाडाको दोब्बरका दरले भ्रमण भत्ता उपलब्ध हुने ।

**प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालालाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम**

- मासिक पारिश्रमिक रु. २,२०,६६०/-
- टेलिफोन खर्चबापत मासिक रु. २,५००/-
- दशैं खर्च, बैंक दिवस भत्ता तथा औषधि खर्च प्रत्येक १ महिनाको पारिश्रमिक बराबर, पोशाक खर्च रु. १८,०००/- र नियमानुसार बोनस गरी वार्षिक जम्मा रु. ४४,७९,९००/-
- कार्यालय आउँदा-जाँदा गाडीको सुविधा रहेको ।

(प) **शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकम लगानीकर्ता संरक्षण कोषको नाममा रकम ट्रान्सफर गरिएको ।**

१२ औं र १३ औं साधारणसभाबाट आ.व. २०६९/७० र २०७०/७१ को मुनाफाबाट वितरण गर्न स्वीकृत लाभांश मध्ये ५ वर्ष पुगिसक्दा पनि केही शेयरधनी महानभावहरु उक्त रकम लिन नआउनुभएकोले कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (९) बमोजिम लाभांश वितरण गर्ने विषयमा कम्पनीको साधारण सभाले निर्णय गरेको मितिले पाँच वर्षको अवधि समाप्त भएपछि पनि कुनै शेयरधनीले बुझि नलिएको लाभांशको रकम दफा १८३ बमोजिम स्थापना हुने लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नु पर्नेछ भन्ने व्यवस्था बमोजिम लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७३ को दफा ७ (३) ले व्यवस्था गरे अनुसार उक्त रकम लगानीकर्ता संरक्षण कोषको खातामा जम्मा भईसकेको छ ।

| आ.व. | शेयरधनी | भुक्तानी नलिएको लाभांश रकम |
|---|---|---|
| २०६९/७० | ८६८ | १,१५,९०० /- |
| २०७०/७१ | ४,१४८ | १०,४८,०२० /- |

(फ) **दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेका कुराको विवरण**

यस प्रकारको सम्पत्ति खरिद वा बिक्री नभएको ।

(ब) **दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण**

यस प्रकारको कारोबार नभएको ।

(भ) **यस ऐन तथा प्रचलित कानुनबमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुनै कुरा आवश्यक सम्पूर्ण महत्वपूर्ण कुराहरू सञ्चालक समितिको प्रतिवेदनमा खुलाइएको छ ।**

(म) **अन्य आवश्यक कुराहरू**

नरहेको ।

मिति : २०७७/९/६

**सञ्चालक समिति,**
**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**

*(धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित)*

# वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विवरण

**१. सञ्चालक समितिको प्रतिवेदन** : यसै १९ औं वार्षिक प्रतिवेदन २०७६/७७ मा संलग्न ।

**२. लेखापरीक्षकको प्रतिवेदन** : यसै १९ औं वार्षिक प्रतिवेदन २०७६/७७ मा संलग्न ।

**३. लेखापरीक्षण भएको वित्तीय विवरण** : यसै १९ औं वार्षिक प्रतिवेदन २०७६/७७ मा संलग्न ।

**४. कानुनी कारबाही सम्बन्धी विवरण**

देहाय अनुसारको कुनै पनि मुद्दा दायर नभएको :

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको ।

(ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

**५. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण**

***(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :***

यस संस्थाको धितोपत्र बजारमा शेयरको कारोवार तथा मूल्य वृद्धि उन्मुख रहनुले बजारले राम्रो प्रतिकृया जनाएको छ र संस्थाको शेयर कारोबार खुला बजारले निर्धारण गरेको ऐन, निति, नियम, सिद्धान्त तथा निर्देशिका अनुसार निर्दिष्ट हुने गरेको छ ।

***(ख) आर्थिक वर्ष २०७६/७७ मा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कूल कारोबार शेयर सङ्ख्या र कारोबार दिन :***

गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोवार शेयर सङ्ख्या र कारोबार दिन नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाइट अनुसार प्रत्येक त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोबार तपसिल अनुसार रहेको छ ।

**तपसिल**

| क्र.सं. | २०७६/७७ त्रैमासिक अवधि | शेयरको मूल्य (रु.मा) | | | कुल कारोबार शेयर सङ्ख्या | कुल कारोबार दिन |
|---|---|---|---|---|---|---|
| | | अधिकतम | न्यूनतम | अन्तिम | | |
| १. | प्रथम | १०३०/- | ८९० /- | ९१४/- | १०५८ | ६२ |
| २. | दोश्रो | १०३८/- | ७७५ /- | ९३०/- | १७१२ | ५९ |
| ३. | तेश्रो | १४४५/- | ९०० / | ९९०/- | ४८१६ | ४६ |
| ४. | चौथो | १३१५/- | ८९० /- | १३०१/- | ९८९ | १४ |

**६. समस्या तथा चुनौती :**

***समस्या :***

(क) **आन्तरिक समस्या :** आधुनिक प्रविधिको उपयोगमा कठिनाई हुनु र मानवीय लगायत अन्य स्रोत साधनहरुको समय सापेक्ष प्रभावकारिता अभिवृद्धि गर्न कठिनाई रहेको छ ।

(ख) **बाह्य समस्या :** देशका अधिकाधिक क्षेत्रबाट सेवा विस्तारका लागि माग भई आए तापनि पर्याप्त श्रोतको अभावमा अपेक्षित रूपले सेवा विस्तार गर्न नसक्नु र नीतिगत जोखिम कायम रहनु । साथै, अन्य बैंक तथा वित्तीय संस्थाबाट प्राप्त भईरहेको विपन्न वर्ग कर्जाको लागतमा अनपेक्षित वृद्धि हुनु जस्ता कार्यहरुलाई बाह्य समस्याको रूपमा लिएको छ ।

**चुनौती :**

आर्थिक तथा राजनीतिक परिवर्तन, श्रोत साधानको परिचालन उचित तरिकाले नहुनु, देशको ग्रामीण भेगमा पूर्वाधार विकासमा कमी हुनु, बैंकिङ्ग क्षेत्रमा तीव्र प्रतिस्पर्धा र संस्थागत सुशासनमा कमजोर देखिनु आदिलाई यस संस्थाको चुनौतिको रूपमा लिइएकोछ र काबु भन्दा बाहिरका परिस्थिति बाहेक उपर्युक्त चुनौती सामना गर्न बलियो सुशासन, व्यवसाय विविधीकरण, ग्राहकमुखी गुणस्तरीय सेवा तथा प्रभावकारी जोखिम व्यवस्थापनको रणनीति लिएको छ ।

**७. संस्थागत सुशासन :**

यस वित्तीय संस्थाले संस्थागत सुशासन सम्बन्धी नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित नियमनकारी निकायहरूबाट प्राप्त मार्ग निर्देशनहरू उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ । वित्तीय संस्थाको सुशासन अभिवृद्धि एवम् संस्थाले गर्ने कार्यहरू पारदर्शी एवम् नियमसङ्गत गर्नका लागि सञ्चालक समिति, लेखा परीक्षण समिति, कर्मचारी सेवा, सर्त तथा सुविधा समिति र आन्तरिक लेखा परीक्षण एकाइ क्रियाशील रहेको छ । वित्तीय संस्थाको कारोबारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरू तर्जुमा गरी लागू गरिएको छ । वित्तीय संस्थाको संस्थागत सुशासन कायम गर्न संस्थाको वार्षिक सभा, समिति, उपसमिति, बैठक र पदाधिकारीको महत्वपूर्ण योगदान रहेको छ । संस्थागत सुशासन अभिवृद्धिका लागि संस्थाद्वारा चालिएका कदम देहाय बमोजिम रहेका छन् :-

- संस्थामा सञ्चालक समिति तथा सो अन्तर्गत लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धिकरण निवारण समिति रहेको छ । साथै व्यवस्थापन मातहतमा रहेका समिति तथा उपसमितिहरु क्रियाशिल रहेका छन् ।
- सञ्चालन जोखिमहरु कम गर्न तथा कारोबारलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरुको तर्जुमा गरी लागू गरिएको छ ।
- संस्थागत सुशासन कायम गर्न कर्मचारी आचार संहिता जारी गरी सोको अनुगमन समेतको व्यवस्था गरिएको छ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आन्तरिक लेखापरीक्षकबाट नियमित रूपमा लेखापरीक्षण गराई प्रतिवेदनमा दिइएका सुझावहरु कार्यान्वयन गराउन तथा समीक्षा गर्न लेखापरीक्षण समितिका बैठकहरु नियमित रूपमा बस्ने गरेका छन् ।

# संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालन प्रतिवेदन

**(नेपाल धितो पत्र बोर्डको "सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४" बमोजिम)**

| | |
|---|---|
| सूचीकृत सङ्गठित संस्थाको नाम | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. |
| ठेगाना : | सुविधानगर, तीनकुने, काठमाडौं । |
| वेबसाइट | www.skbbl.com.np. |
| इमेल | info@skbbl.com.np |
| फोन नं: | ०१-४१११९२३,४१११९०१ |
| प्रतिवेदन पेश गरिएको आ.व. | २०७६/७७ |

## १. सञ्चालक समिति सम्बन्धी विवरण :

**(क) सञ्चालक समितिको अध्यक्षको नाम तथा नियुक्ति मिति :** श्री खेम बहादुर पाठक (२०७५/१०/१८)

**(ख) संस्थाको शेयर संरचना सम्बन्धी विवरण (संस्थापक, सर्वसाधारण तथा अन्य) :**

**वित्तीय संस्थाको शेयर संरचना**
**(मिति २०७७/०३/३१)**

| समूह | चुक्ता पुँजी (रु.मा) | प्रतिशत | सञ्चालक समितिमा प्रतिनिधित्व संख्या |
|---|---|---|---|
| **समूह (क) प्रवर्धक समूह** | ६९९,४५२,१७९.५७ | ६९.९३% | |
| क. १ कृषि विकास बैंक लि. | २२०,३४४,६२१.२२ | २२.०३% | १ |
| क. २ नेपाल बैंक लि. | १२,१४६,०२४.९३ | १.२१% | |
| क. ३ नबिल बैंक लि. | ३०,३६५,२१७.६५ | ३.०४% | |
| क. ४ साना किसान सहकारी संस्थाहरू | ४३६,५९६,३१५.७७ | ४३.६५% | ३ |
| **समूह (ख) सर्वसाधारण शेयरधनी** | ३००,७७७,२४६.०९ | ३०.०७% | २ |
| व्यावसायिक सञ्चालक | – | – | १ |
| **जम्मा** | १,०००,२२९,४२५.६६ | १००.००% | ७ |

*नोट : २०७६/७७ को २५% बोनस शेयर प्रस्ताव र पुँजीसम्बन्धी प्रस्ताव पारित भएपछि वित्तीय संस्थाको कुल चुक्ता शेयर रकम रु. १,२५,०२,८६,७८२/०८ पुग्नेछ ।*

**(ग) सञ्चालक समिति सम्बन्धी विवरण :**

| क्रसं | सञ्चालकहरुको नाम तथा ठेगाना | प्रतिनिधित्व भएको समूह | शेयर सख्या | नियुक्ति भएको मिति | पद तथा गोपनियताको शपथ लिएको मिति | सञ्चालक नियुक्तिको तरीका |
|---|---|---|---|---|---|---|
| १. | श्री खेम बहादुर पाठक | प्रबर्धक (साना किसान सहकारी समूह) | संस्थागत | २०७५/१०/१८ | २०७५/१०/२० | निर्वाचन |
| २. | श्री प्रताप सुवेदी | प्रबर्धक (वाणिज्य बैंक समूह) | संस्थागत | २०७६/०३/२२ | २०७६/०३/२२ | निर्वाचन/ मनोनयन |
| ३. | श्री रविन्द्र यादव | प्रबर्धक (साना किसान सहकारी समूह) | संस्थागत | २०७५/१०/१८ | २०७५/१०/२० | निर्वाचन |
| ४. | श्री चाँदनी ढकाल | प्रबर्धक (साना किसान सहकारी समूह) | संस्थागत | २०७५/१०/१८ | २०७५/१०/२० | निर्वाचन |
| ५. | श्री उमेश लम्साल | सर्वसाधारण समूह) | ५५८८ | २०७५/०३/३० | २०७५/०३/३० | निर्वाचन |
| ६. | श्री भूपेश छत्कुली | सर्वसाधारण समूह) | ३४१ | २०७५/०३/३० | २०७५/०३/३० | निर्वाचन |

पछिल्लो साधारण सभा पश्चात स्वतन्त्र सञ्चालक श्री उपहार राज घिमिरेले राजिनामा दिनु भएका जानकारी बोर्डमा मिति २०७७/४/१५ मा जानकारी गराईएको छ। उक्त रिक्त रहेको पदमा सञ्चालक समितिको मिति २०७७/९/८ को बैठकले श्री महेन्द्र प्रसाद श्रेष्ठलाई स्वतन्त्र सञ्चालकको रुपमा नियुक्ति दिने निर्णय गरेको छ। सो सम्बन्धी मिति २०७७/९/८ को पत्रबाट बोर्डलाई जानकारी पठाईएको छ।

*नोट : पछिल्लो साधारण सभा पछि सञ्चालकहरु नियुक्ति भए सो सम्बन्धी जानकारी र सो सम्बन्धमा बोर्डलाई जानकारी गराएको मिति समेत छुट्टै उल्लेख गर्नुपर्ने।*

घ) सञ्चालक समितिको बैठक :

**सञ्चालक समितिको बैठक सञ्चालन सम्बन्धी विवरण :**

| क्र.सं. | यस आ.व. मा बसेको बैठकको मिति | उपस्थित सञ्चालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने सञ्चालकको संख्या | गत आ.व. मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| १ | २०७६/४/७ | ७ | छैन | २०७५/४/३० |
| २ | २०७६/४/८ | ७ | छैन | २०७५/४/३१ |
| ३ | २०७६/४/१९ | ७ | छैन | २०७५/५/१६ |
| ४ | २०७६/५/८ | ७ | छैन | २०७५/५/३० |
| ५ | २०७६/५/९ | ७ | छैन | २०७५/६/२३ |
| ६ | २०७६/५/१० | ७ | छैन | २०७५/७/१९ |
| ७ | २०७६/५/३१ | ७ | छैन | २०७५/८/६ |
| ८ | २०७६/६/१६ | ५ | छैन | २०७५/८/७ |
| ९ | २०७६/७/४ | ७ | छैन | २०७५/८/२१ |
| १० | २०७६/७/७ | ७ | छैन | २०७५/९/२१ |
| ११ | २०७६/७/८ | ६ | छैन | २०७/९/३० |
| १२ | २०७६/८/७ | ७ | छैन | २०७५/१०/१ |
| १३ | २०७६/८/११ | ६ | छैन | २०७५/१०/१७ |
| १४ | २०७६/९/३ | ६ | छैन | २०७५/१०/१८ |
| १५ | २०७६/९/१४ | ६ | छैन | २०७५/१०/२० |
| १६ | २०७६/९/२५ | ७ | छैन | २०७५/११/१५ |
| १७ | २०७६/१०/२ | ७ | छैन | २०७५/११/२६ |
| १८ | २०७६/१०/३ | ७ | छैन | २०७५/१२/५ |
| १९ | २०७६/१०/२२ | ५ | छैन | २०७५/१२/१९ |
| २० | २०७६/११/७ | ७ | छैन | २०७५/१२/२१ |
| २१ | २०७६/११/२२ | ७ | छैन | २०७६/१/१६ |
| २२ | २०७६/१२/२४ | ७ | छैन | २०७६/२/३ |
| २३ | २०७७/१/१८ | ७ | छैन | २०७६/२/२० |
| २४ | २०७७/१/२५ | ७ | छैन | २०७६/३/३ |
| २५ | २०७७/२/३२ | ७ | छैन | २०७६/३/४ |
| २६ | २०७७/२/३२ | ७ | छैन | २०७६/३/२२ |
| २७ | २०७७/३/२ | ७ | छैन | २०७६/३/३० |
| २९ | २०७७/३/१८ | ७ | छैन | – |
| ३० | २०७७/३/१९ | ७ | छैन | – |
| ३१ | २०७७/३/२२ | ७ | छैन | – |
| ३२ | २०७७/३/२३ | ७ | छैन | – |
| ३३ | २०७७/३/२७ | ७ | छैन | – |
| ३४ | २०७७/३/२८ | ७ | छैन | – |

- **कुनै सञ्चालक समितिको बैठक आवश्यक गणपुरक संख्या नपुगी स्थगित भएको भए सोको विवरण :** छैन ।
- **सञ्चालक समितिको बैठक सम्बन्धी अन्य विवरण :**

| | |
|---|---|
| सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित भए-नभएको (नभएको अवस्थामा बैठकको मिति सहित कारण खुलाउने) : | नभएको |
| सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरु, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माईन्यूट) को छुट्टै अभिलेख राखे नराखेको | राखेको |
| सञ्चालक समितिको दुई लगातार बसेको बैठकको अधिकतम अन्तर (दिनमा) | ३२ दिन |
| सञ्चालक समितिको बैठक भत्ता निर्धारण सम्बन्धमा बसेको वार्षिक साधारण सभाको मिति : | २०७६/९/२६ |
| सञ्चालक समितिको प्रति बैठक भत्ता रु. | ६,०००/- |
| आ.व.को सञ्चालक समितिको कुल बैठक खर्च रु. | २०,५२,९८४।७५ |

## २. सञ्चालकको आचरण सम्बन्धी तथा अन्य विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| सञ्चालकको आचरण सम्बन्धमा सम्बन्धित संस्थाको आचार संहिता भए/नभएको | | | | | भएको । |
| एकाघर परिवारको एक भन्दा बढी सञ्चालक भए सो सम्बन्धी विवरण : | | | | | भएको छैन । |
| सञ्चालकहरु वार्षिक रुपमा सिकाई तथा पुनरताजगी कार्यक्रम सम्बन्धी विवरण : | | | | | |
| **क्रस** | **विषय** | **मिति** | **सहभागी सञ्चालकको संख्या** | **तालिम सञ्चालन** | |
| १ | Board Members of Microfinance Institutions | २०७६/४/१८ | ५ | Babarmahal, Kathmandu | |
| प्रत्येक सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी गराएको/नगराएको र नगराएको भए सोको विवरण :<br>◆ संस्थासँग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सो को विवरण,<br>◆ निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण,<br>◆ निज अन्य कुनै सङ्गठित संस्थाको आधारभूत शेयरधनी वा सञ्चालक रहेको भए त्यसको विवरण,<br>◆ निजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहेको भए सोको विवरण । | | | | | |
| सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलबी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गरेको भए सोको विवरण : | | | | | उक्त कार्य नगरेको । |
| सञ्चालकहरुलाई नियमन निकाय तथा अन्य निकायहरुबाट कुनै कारवाही गरिएको भए सोको विवरण : | | | | | कुनै कारवाही नगरेको । |

## ३. संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी विवरण :

**(क) जोखिम व्यवस्थापनको लागि कुनै समिति गठन भए/नभएको गठन नभएको भए सोको कारण :** गठन भएको ।

**(ख) जोखिम व्यवस्थापन समिति सम्बन्धी जानकारी : (आ.व. २०७६/७७)**

**(अ) जोखिम व्यवस्थापन समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)**

| | |
|---|---|
| श्री भुपेश छत्कुली, सञ्चालक | संयोजक |
| श्री उमेश लम्साल, सञ्चालक | सदस्य |
| श्री कृष्ण प्रसाद लामिछाने, ऋण तथा कार्यक्रम विभागको विभागीय प्रमुख | सदस्य सचिव |

(आ) समितिको बैठक संख्या : ५

(इ) **समितिको कार्य सम्बन्धी छोटो विवरण :** त्रैमासिकरुपमा वित्तीय संस्थाको जोखिम विश्लेषण गरी सञ्चालक र व्यवस्थापनलाई सुझाव पेश गर्ने ।

(ग) **आन्तरिक नियन्त्रण कार्यविधी भए/नभएको : भएको ।**

(घ) **आन्तरिक नियन्त्रण प्रणालीको लागि कुनै समिति गठन भए/नभएको गठन नभएको भए सोको कारण :** गठन नभएको र सो सम्बन्धी कार्य लेखापरीक्षण समितिले गरिआएको ।

(ङ) **आर्थिक प्रशासन विनियमावली भए/नभएको :** भएको ।

## ४. सूचना तथा जानकारी प्रवाह सम्बन्धी विवरण :

(क) **संस्थाले सार्वजनिक गरेको सूचना तथा जानकारी प्रवाहको विवरण :**

| विषय | माध्यम | सार्वजनिक गरेको मिति |
|---|---|---|
| वार्षिक साधारण सभाको सूचना | आर्थिक अभियान राष्ट्रिय दैनिक<br>आर्थिक अभियान राष्ट्रिय दैनिक<br>आर्थिक अभियान राष्ट्रिय दैनिक<br>अन्नपूर्ण पोष्ट दैनिक | २०७७/०९/१३<br>२०७७/०९/०७<br>२०७६/०९/०४<br>२०७६/०९/०५ |
| विशेष साधारण सभाको सूचना | हाल नभएको | - |
| वार्षिक प्रतिवेदन | सञ्चालक समिति बैठक नं. ३६३<br>सञ्चालक समिति बैठक नं. ३९८ | २०७६/०९/०३<br>२०७७/०९/०६ |
| त्रैमासिक प्रतिवेदन | आर्थिक अभियान राष्ट्र दैनिक-प्रथम<br>आर्थिक अभियान राष्ट्र दैनिक-दोश्रो<br>आर्थिक अभियान राष्ट्र दैनिक-तेश्रो<br>आर्थिक अभियान राष्ट्र दैनिक-चौथो | २०७६/७/२७<br>२०७६/१०/२६<br>२०७७/०१/२९<br>२०७७/०४/३२ |
| धितोपत्रको मूल्यमा प्रभाव पार्ने मूल्य संवेदनशील सूचना | Nepse Website मा गउयिबम गरिएको | |
| | 1 Appointment of Directors-(SKBBL) | 2020-12-23 10:06:25 |
| | 2 Book Closure and AGM Notice-(SKBBL) | 2020-12-21 20:28:23 |
| | 3 Resignation of Directors-(SKBBL) | 2020-08-02 10:46:58 |
| | 4 AGM notice and book closure SKBBL-(SKBBL) | 2019-12-20 12:00:37 |
| | 5 SKBBL: Dividend approval from NRB-(SKBBL) | 2019-12-19 10:45:48 |
| | 6 Proposed Dividend SKBBL -(SKBBL) | 2019-11-24 10:39:22 |

(ख) **सूचना सार्वजनिक नगरेको वा अन्य कारणले धितोपत्र बोर्ड तथा अन्य निकायबाट कारवाहीमा परेको भए सो सम्बन्धी जानकारी** : कारबाहीमा परेको छैन ।

(ग) **पछिल्लो वार्षिक तथा विशेष साधारण सभा सम्पन्न भएको मिति :** २०७६/०९/२६

## ५. संस्थागत संरचना र कर्मचारी सम्बन्धी विवरण

(क) **कर्मचारीहरुको संरचना, पदपूर्ति, वृति विकाश, तालिम, तलब, भत्ता तथा अन्य सुविधा,हाजिर र विदा, आचारसंहिता लगायतका कुराहरु समेटिएको कर्मचारी सेवा शर्त विनियमावली/व्यवस्था भए नभएको : व्यवस्था भएको छ ।**

(ख) **सांगठानिक संरचना संलग्न गर्ने : यसै साथ संलग्न १९ औं वार्षिक प्रतिवेदन २०७६/७७ मा संलग्न छ ।**

(ग) उच्च व्यवस्थापन तहका कर्मचारीहरुको नाम तथा अनुभव सम्बन्धी विवरण : यसै साथ संलग्न १९ औं वार्षिक प्रतिवेदन २०७६/७७ मा उल्लेख छ ।

(घ) कर्मचारी सम्बन्धी अन्य विवरण :

| | |
|---|---|
| संरचना अनुसार कर्मचारी पदपूर्ती गर्ने गरे/नगरेको : | गरेको । |
| नयाँ कर्मचारीहरुको पदपूर्ति गर्दा अपनाएको प्रकृया : | लिखित, मौखिक, अन्तरवार्ता |
| व्यवस्थापन स्तरका कर्मचारीको संख्या : | १५ |
| कुल कर्मचारीको संख्या : | ९२ |
| कर्मचारीहरुको सक्सेसन प्लान भए/नभएको : | कर्मचारी सेवा विनियमावली अनुसार भएको । |
| आ.व. कर्मचारीहरुलाई दिइएको तालिम संख्या तथा सम्मलित कर्मचारीको संख्या : | तालिम संख्या-२१, सम्मिलित कर्मचारी संख्या-४०० |
| आ.व.को कर्मचारी तालिम खर्च रु. | २५,५२,००९/२७ |
| कुल खर्चमा कर्मचारी खर्चको प्रतिशत : | ५.७८ % |
| कुल कर्मचारी खर्चमा कर्मचारी तालिम खर्चको प्रतिशत : | ३.१० % |

## ६. संस्थाको लेखा तथा लेखापरीक्षण सम्बन्धी विवरण :

(क) लेखासम्बन्धी विवरण

| | |
|---|---|
| संस्थाको पछिल्लो आ.व. को वित्तीय विवरण NFRS अनुसार तयार गरे/नगरेको, नगरेको भए सोको कारण : | नेपाल राष्ट्र बैंकबाट अनिवार्य नभएको भनिएकोले, हाल तयार नगरिएको तर तयारीको प्रकृयामा रहेको । |
| सञ्चालक समितिबाट पछिल्लो वित्तीय विवरण स्वीकृत भएको मिति : | २०७७/०८/२३ को बैठक नं. ३९६ |
| त्रैमासिक वित्तीय विवरण प्रकाशन गरेको मिति : | प्रथम-२०७६/७/२७ |
| दोश्रो- २०७६/१०/२६ | |
| तेश्रो- २०७७/०१/२९ | |
| चौथो- २०७७/०४/३२ | |
| अन्तिम लेखापरिक्षण सम्पन्न भएको मिति : | २०७७/८/२३ |
| साधारण सभाबाट वित्तीय विवरण स्वीकृत भएको मिति | |
| (आ.व.२०७६/७७ को २०७६/९/२८ मा साधारणसभा हुने) | आ.व.२०७५/७६ को २०७६/९/२६ |
| संस्थाको आन्तरिक लेखा परीक्षण सम्बन्धी विवरण :<br>(अ) आन्तरिक रुपमा लेखा परीक्षण गर्ने गरिएको वा बाह्य विज्ञ नियुक्त गर्ने गरिएको,<br>(आ) वाह्य विज्ञ नियुक्त गरिएको भए सोको विवरण,<br>(इ) आन्तरिक लेखापरीक्षण कति अवधिको गर्ने गरिएको (त्रैमासिक, चौमासिक वा अर्धवार्षिक) | (अ) आ.व. २०७६/७७ मा वाह्य विज्ञबाट आन्तरिक लेखापरीक्षण गराएको । अन्य आ.व.मा आन्तरिक लेखा परीक्षण विभागबाट नै हुने ।<br>(आ) जे.एन.प्रतिहस्थ एण्ड एसोसिएटस्, चार्टड एकाउण्टेण्ट ।<br>(इ) आन्तरिक लेखापरीक्षण त्रैमासिक अवधिको गर्ने गरिएको । |

(ख) लेखापरीक्षण समितिसम्बन्धी विवरण : (आ.व. २०७६/७७)

### संयोजक तथा सदस्यहरुको नाम, पद तथा योग्यता :

| नाम | पद | योग्यता |
|---|---|---|
| श्री उमेश लम्साल | संयोजक | एम.बि.एस् |
| श्री उपहार राज घिमिरे | स्वतन्त्र सञ्चालक | चार्टर्ड एकाउण्टेण्ट |
| श्री बिदुर अर्याल | सदस्य सचिव | स्नातक |

## लेखा परीक्षण समिति बैठक विवरण :

## लेखा परीक्षण समिति बैठक विवरण : आ.व. २०७६/७७

| क्र.स. | बैठक मिति | समिति पदाधिकारी सख्या | उपस्थित संख्या | बैठक भत्ता दर | जम्मा बैठक भत्ता | सञ्चालक समितिमा पेश गरेको मिति |
|---|---|---|---|---|---|---|
| १ | २०७६/४/७ | ३ | ३ | ४००० | ८००० | २०७६/४/७ |
| २ | २०७६/६/१२ | ३ | ३ | ४००० | ८००० | – |
| ३ | २०७६/७/३० | ३ | ३ | ४००० | ८००० | – |
| ४ | २०७६/८/५ | ३ | ३ | ४००० | ८००० | २०७६/८/७ |
| ५ | २०७६/८/२३ | ३ | ३ | ४००० | ८००० | – |
| ६ | २०७६/९/३ | ३ | ३ | ४००० | ८००० | २०७६/९/३ |
| ७ | २०७६/९/२९ | ३ | ३ | ४००० | ८००० | – |
| ८ | २०७६/१२/१० | ३ | ३ | ४००० | ८००० | – |
| ९ | २०७७/३/५ | ३ | ३ | ४००० | ८००० | – |
| १० | २०७७/३/२३ | ३ | ३ | ६००० | १२००० | – |
| ११ | २०७७/३/३१ | ३ | ३ | ६००० | १२००० | – |

### ७. अन्य विवरण

| | |
|---|---|
| संस्थाले सञ्चालक तथा निजको एकाघरका परिवारको वित्तीय स्वार्थ भएको व्यक्ति, बैंक तथा वित्तीय संस्थाबाट ऋण वा सापटी वा अन्य कुनै रुपमा रकम लिए/नलिएको | नलिएको |
| प्रचलित कानून बमोजिम कम्पनीको सञ्चालक, शेयरधनी, कर्मचारी, सल्लाकार, परामर्शदाताको हैसियतमा पाउने सुविधा वा लाभ बाहेक सूचीकृत सङ्गठित संस्थाको वित्तीय स्वार्थ भएको कुनै व्यक्ति, फर्म, कम्पनी, कर्मचारी, सल्लाहाकार वा परामर्शदाताले संस्थाको कुनै सम्पत्ति कुनै किसिमले भोगचलन गरे/नगरेको | नगरेको |
| नियमकारी निकायले इजाजतपत्र जारी गर्दा तोकेको शर्तहरुको पालना भए/नभएको | भएको |
| नियमकारी निकायले संस्थाको नियमन निरीक्षण वा सुपरीवेक्षण गर्दा संस्थालाई दिइएको निर्देशन पालना भए/नभएको | भएको |
| संस्था वा सञ्चालक विरुद्ध अदालतमा कुनै मुद्दा चलिरहेको भए सोको विवरण | नचलेको |

**परिपालन अधिकृतको नाम :** लिलाधर धिताल

**पद** : वरिष्ठ प्रवन्धक

**मिति** : २०७७/९/६

**संस्थाको छाप** :

**प्रतिवेदन सञ्चालक समितिबाट स्वीकृत मिति : २०७७/९/६**

*नोट : यो प्रतिवेदन सूचीकृत सङ्गठित संस्थाहरुको परिपालना अधिकृतले तयार गरी सञ्चालक समितिबाट स्वीकृत गराई लेखा परीक्षकबाट प्रमाणित गराई नेपाल धितोपत्र बोर्डमा लेखापरीक्षण प्रतिवेदनसहित पेश गर्नुपर्ने छ ।*

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण :

## १. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको विवरण

**(क) निकायको स्वरुप र प्रकृति :**

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. (यसपछि लघुवित्त संस्था भनिएको) कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको थोक लघुकर्जा प्रदायक लघुवित्त संस्था हो ।

**(ख) निकायको काम, कर्तव्य र अधिकार :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन तथा समय समयमा जारी हुने परिपत्रहरु र लघुवित्त संस्थाको आन्तरिक नीति नियम, कार्यविधि र निर्णयहरुले तोके बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ ।

**(ग) निकायमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण :**

यस लघुवित्त संस्थामा कार्यरत कर्मचारी सङ्ख्या स्थायी ८२ र करार/ज्यालादारी सेवामा १४ गरी कुल ९९ रहेको छ । निजहरुले यस लघुवित्त वित्तीय संस्थाले तोकेका विभिन्न इलाका कार्यालय, कार्यक्रम तथा परियोजना र केन्द्रीय कार्यालयमा विभिन्न पदमा कार्यरत कर्मचारीहरुबाट कार्यविवरणमा तोकिए अनुसारका कामहरु सम्पादन हुँदैआएको छ ।

**(घ) निकायबाट प्रदान गरिने सेवा :**

बैंक तथा वित्तीय संस्था ऐन २०७३ बमोजिम 'घ' वर्गको इजाजतपत्रप्राप्त थोक लघुकर्जा प्रदायक वित्तीय संस्थाको रुपमा प्रचलित ऐन, कानुन, नीति, नियम, निर्देशिकाहरुको अधिनमा रही प्रदान गर्न सकिने सेवाहरु यस लघुवित्त संस्थाले प्रदान गर्दै आएको छ ।

**(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय सुविधानगर, तीनकुने काठमाडौंमा रहेको छ र ११ वटा इलाका कार्यालयहरु बिर्तामोड, इटहरी, बर्दिबास, बनेपा, हेटौंडा, गजुरी, पोखरा, बुटवल, नेपालगञ्ज, वीरेन्द्रनगर र अत्तरियामा रहेका जिम्मेवार कर्मचारीहरु मार्फत सेवा प्रदान गर्दै आएको छ । सेवा प्रदान गर्ने कार्यलयहरु र जिम्मेवार अधिकारीहरुको विवरण यस संस्थाको वेबसाइट www.skbbl.com.np मा उपलब्ध छ ।

**(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**

यस लघुवित्त संस्थाबाट प्रवाह गरिने थोक कर्जा सेवाको ब्याजदर प्रत्येक त्रैमासिकरुपमा सूचना पाटी र वेबसाइटमा प्रकाशन गरे अनुसार हुनेछ । नियमनकारी निकायहरुद्वारा निर्देशित परिधिभित्र रही उपयुक्त प्रकृयाबाट छिटो छरितो रुपमा सेवा प्राप्त गर्ने व्यवस्था मिलाईएको छ । यस सम्बन्धी विस्तृत विवरण यस संस्थाको वार्षिक प्रतिवेदन र वेबसाइट www.skbbl.com.np मा उपलब्ध छ ।

**(छ) निर्णय गर्ने प्रकृया र अधिकारी :**

लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने सेवाका सम्बन्धमा प्रचलित ऐन, कानुन, नीति, नियम, निर्देशिका तथा सञ्चालक समितिले समय समयमा गर्ने निर्णयहरुको अधिनमा रही तोकिएका कार्यहरु सम्पादन गर्नका निम्ति तोकिएका अधिकारीहरुले निर्णय गर्न सक्ने व्यवस्था मिलाइएको छ । सम्पूर्ण शेयर सदस्य सहितको साधारण सभा यसको सर्वोच्च निकाय हो । साधारण सभाले यस लघुवित्त वित्तीय संस्थामा नीतिगत निर्णय लिने तथा व्यवस्थापनलाई आवश्यक मार्गदर्शन तथा नीति निर्देशन प्रदान गरी व्यवस्थापनको कामहरुलाई नियन्त्रण तथा अनुगमन गर्नका लागि सञ्चालक

समितिको निर्वाचन गर्दछ । सञ्चालक समितिको नीति निर्देशन तथा निर्णयहरुको अधिनमा रही व्यवस्थापकीय प्रमुखको रुपमा लघुवित्त वित्तीय संस्थाको समग्र कार्य सञ्चालन गर्नका लागि प्रमुख कार्यकारी अधिकृतलाई जिम्मेवारी प्रदान गरिएको छ ।

**(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

निर्णय उपर उजुरी सुन्नका लागि हाल प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ :

डा. शिवराम प्रसाद कोइराला, प्रमुख कार्यकारी अधिकृत

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, तिनकुने, काठमाडौं ।

फोन नं. ०१-४१११७५२, इमेलः shivram.koirala@skbbl.com.np

**(झ) सम्पादन गरेको कामको विवरण :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'घ' वर्गको थोक लघुकर्जा प्रदायक वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण कारोबारहरु सम्पादन भईरहेको छ । कानुन अनुसारका प्रगती विवरण त्रैमासिक रुपमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा र यस वित्तीय संस्थाको वेबसाइट www.skbbl.com.np मा समेत नियमितरुपमा प्रकाशन गरिन्छ ।

**(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद :**

(१) ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीलाई सूचना अधिकारी तोकिएको छ :

श्री. झलेन्द्र भट्टराई, का. मु. नायव प्रमुख कार्यकारी अधिकृत

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, तिनकुने, काठमाडौं

फोन नंः ०१-४१११७५२,

इमेल : info@skbbl.com.np/jhalendra.bhattarai@skbbl.com.np

(२) यस लघुवित्त संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ :-

डा. शिवराम प्रसाद कोइराला, प्रमुख कार्यकारी अधिकृत

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, सुविधानगर, तिनकुने, काठमाडौं, फोन नं. ०१-४१११७५२, इमेल : shivram.koirala@skbbl.com.np

**ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

लघुवित्त संस्थाले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी भएको निर्देशन, २०७७ र कम्पनी ऐन, २०६३ का अतिरिक्त सम्पूर्ण ऐन, नियम, विनियम वा निर्देशिकाहरु पालना गर्नुपर्ने हुन्छ भने लघुवित्त संस्था सञ्चालनका लागि आवश्यक पर्ने नियमावली, विनियमावली, कार्यविधि आदि बनाई लागू गरिएको छ ।

**(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणहरु :**

लघुवित्त वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी सम्पूर्ण वित्तीय विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिदै आएको छ भने यस लघुवित्त संस्थाको वेबसाइट www.skbbl.com.np मा समेत राखिँदै आएको छ ।

**(ड) तोकिए बमोजिमका अन्य विवरण :**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरणसमेत राष्ट्रियस्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै यस वित्तीय संस्थाको वेबसाइट : www.skbbl.com.np मा समेत राख्ने गरिएको छ ।

## २. सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ :

### (क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :

यस लघुवित्त संस्थाले साना किसान कृषि सहकारी संस्था लि. तथा समान प्रकृतिका अन्य संस्थाहरु मार्फत विपन्न, गरीब एवम् साना किसानहरुको क्षमता अभिवृद्धि गरी वित्तीय पहुँच बढाएर उनीहरुको आर्थिक तथा सामाजिक विकास सम्भव तुल्याउन थोक कर्जा सेवाका अतिरिक्त विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। यसको विस्तृत विवरण वित्तीय संस्थाले प्रत्येक वर्ष प्रकाशन गर्ने वार्षिक प्रतिवेदनमा उपलब्ध छ। साथै लघुवित्त वित्तीय संस्थाको वित्तीय विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरी संस्थाको वेबसाइटमा समेत नियमितरुपमा प्रकाशन गरिन्छ। वार्षिक प्रतिवेदन लगायत अन्य सम्पूर्ण विवरणहरु लघुवित्त संस्थाको वेबसाइट : www.skbbl.com.np बाट डाउनलोड गर्न वा प्राप्त गर्न सकिन्छ।

### (ख) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :

यस संस्थाको वेबसाइट : www.skbbl.com.np रहेको छ।

### ९. चुक्ता पुँजीमध्ये अग्रिम भुक्तानी प्राप्त (Paid in Advance), भुक्तानी प्राप्त हुन बाँकी (Calls in Arrears) र जफत गरिएका तर पुनः निष्काशन नगरिसकेको (Forfeited But Not issued) शेयरहरु रहेको छ भने सोको विवरण ।

वित्तीय संस्थाको चुक्ता पुँजीमध्ये अग्रिम भुक्तानी प्राप्त (Paid in Advance), भुक्तानी प्राप्त हुन बाँकी (Calls in Arrears) र जफत गरिएका तर पुनः निष्काशन नगरिसकेको (Forfeited But Not issued) शेयरहरु रहेको छैन ।

### १०. लिजहोल्ड सम्पत्तिमा गत वर्षसम्म र यस वर्ष अपलेखन (Amortization) गरिएका रकमको विवरण ।

वित्तीय संस्थाको हालसम्म कुनै लिजहोल्ड सम्पत्ति रहेको छैन ।

### ११. सञ्चालकहरुले तोकिएको आचरणहरु पालना गरे नगरेको विवरण ।

वित्तिय संस्थाका सञ्चालकहरुले आर्थिक वर्ष २०७६/७७ मा नेपाल राष्ट्र बैंकको "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७७ मा तोकिएका आचरणहरु पुर्ण रुपमा पालना गरेका छन् ।

### १२. वित्तीय विवरणहरुलाई बुझ्न र विश्लेषण गर्न सघाउ पुग्ने जानकारी दिन आवश्यक देखिएका अन्य विवरण ।

**क) शेयर पुँजी रकम**

यस वित्तीय संस्थाको शेयर पुँजी रकम रु. १,००,०२,२९,४२५/६६ कायम रहेको छ ।

**ख) साधारण जगेडा कोष**

यस कोषमा गत वर्षसम्म मौज्दात रु. ३८,६१,५३,४०९/७७ रहेकोमा यस आर्थिक वर्षको खुद नाफा रु. ५५,६२,१७,८५४/५० को २०% ले हुने रकम रु. ११,१२,४३,५७०/९० थप भई वर्षको अन्त्यको मौज्दात जम्मा रु. ४९,७३,९६,९८०/६७ कायम रहेको छ ।

**ग) पुनरस्थापना कोष**

द्वन्द्ववाट प्रभावित तथा नयाँ भवन निर्माण गरेका साना किसान सहकारी संस्थाहरुको पुनरसंरचना गर्न यस कोषमा गत वर्षसम्म मौज्दात रु. ५,८४,०८,१०३/५५ रहेकोमा यस आर्थिक वर्षको खुद नाफाको ३% ले हुने रकम रु. १,६६,८६,५३५/६४ थप भई वर्षको अन्तमा रु. ७,५०,९४,६३९/१९ मात्र पुनरस्थापना कोष रहेको छ । यस कोषमा भएको परिवर्तन इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ ।

**घ) संस्थागत सुदृढीकरण कोष**

वित्तीय संस्थासँग आवद्ध साना किसान सहकारी संस्थाहरुको संस्थागत विकास गर्ने उद्देश्यले खडा गरेको संस्थागत सुदृढीकरण कोषमा हरेक वर्षको खुद नाफाको १०% रकम थप गर्ने व्यवस्था भएअनुरुप यस वर्षको खुद नाफाबाट बुँदा **(ङ)** मा भएको व्यवस्था अनुसार ग्राहक संरक्षण कोषमा जम्मा गरेको रकम रु. २,१३,५५,२७४/७४ र बुँदा (च) मा भएको व्यवस्था अनुसार संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रु. २,१३,५५,२७४/७४ मात्र कटाई बाँकी रकम रु. १,२९,११,२३५/९७ थप भई यस आर्थिक वर्षको अन्त्यमा उक्त कोषको मौज्दात रु. १३,८१,१३,८६२/७२ रहेको छ । यस कोषमा भएको परिवर्तन इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ ।

**ङ) ग्राहक संरक्षण कोष :**

नेपाल राष्ट्र बैंकको "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७७ को बुँदा ४.१ (ज) को व्यवस्था अनुसार वित्तीय संस्थाको खुद नाफाको १ प्रतिशत रकम र २० प्रतिशत भन्दा माथिको प्रस्तावित लाभाशं रकमको २५ प्रतिशतको रकम समेतले हुन आउने रकम रु. २,१३,५५,२७४/७४ मात्र नाफा नोक्सान बाँडफाँड हिसाबमा खर्च लेखि ग्राहक संरक्षण कोषमा जम्मा गरिएको छ । यस वर्षको अन्त्यमा यस कोषको मौज्दात रकम रु. ७,७०,३२,८९०/८४ रहेको

छ। यस कोषबाट आर्थिक वर्ष २०७६/७७ मा कुनै रकम खर्च भएको छैन। यस कोषमा भएको परिवर्तन इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ।

**च) संस्थागत सामाजिक उत्तरदायित्व कोष :**

नेपाल राष्ट्र बैंकको "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७७ को बुँदा ६.१४ को व्यवस्था अनुसार वित्तीय संस्थाको खुद नाफाको १ प्रतिशत रकम र २० प्रतिशत भन्दा माथिको प्रस्तावित लाभाशं रकमको २५ प्रतिशतको रकम समेतले हुन आउने रकम रु. २,१३,५५,२७४/७४ मात्र नाफा नोक्सान बाँडफाँड हिसाबमा खर्च लेखि संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गरिएको छ। गत आर्थिक वर्षको अन्त्यमा यस कोषको मौज्दात रकम रु. १,१७,३३,३९१/२३ रहेको छ। यस कोषको रकम नेपाल राष्ट्र बैंकको उपरोक्त परिपत्रमा भएको व्यवस्था अनुसार खर्च गरिनेछ। उक्त कोषबाट आ.व. २०७६/७७ मा तपसिल अनुसार रु. २०,६०,०००/- मात्र खर्च गरिएकोछ। यस कोषमा भएको परिवर्तन इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ।

| शिर्षक | रकम |
|---|---|
| **गत आ.व. सम्ममा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गरिएको कुल रकम** | १,१७,३३,३९१/२३ |
| **खर्चको विवरण** | |
| सामाजिक परियोजनामा हुने खर्च | २,१०,०००/- |
| अनाथालय, बालमन्दिर र वृद्दाश्रमलाई दिइएको अनुदान तथा गरिएको खर्च | १,५०,०००/- |
| अन्य खर्च (नेपाल सरकारको कोभिड कोषमा जम्मा गरिएको रकम) | १७,००,०००/- |
| **कुल खर्च** | २०,६०,०००/- |
| **संस्थागत सामाजिक उत्तरदायित्व कोषमा बाँकि रकम *** | ९६,७३,३९१/२३ |

**अन्य खर्च (नेपाल सरकारको कोभिड कोषमा जम्मा गरिएको रकम) अन्तर्गत देहाएका खर्चहरु भएका छन्:**

| विवरण | प्रदेश | रकम | मिति | बैंकको नाम | चेक नं. |
|---|---|---|---|---|---|
| Corona Virus Control and Treatment | बाग्मति | १,०००,०००.०० | ३०.३.२०२० | प्रभु बैंक लि. | IPS |
| बाग्मति प्रदेश कोरोना संक्रमण रोकथाम नियन्त्रण कोष | बाग्मति | १००,०००.०० | २०७७.१.३१ | प्रभु बैंक लि. | २१२६६५८७ |
| कोरोना भाइरस नियन्त्रण तथा उपचार कोष | गण्डकी | १००,०००.०० | २०७७.३.२५ | कृषि विकास बैंक लि. | १२१९८२५७ |
| कोरोना भाइरस (Covid - 19) नियन्त्रण तथा उपचार कोष | ५ | १००,०००.०० | २०७७.३.२२ | राष्ट्रिय वाणिज्य बैंक लि. | ५५४९९३८१ |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय विपत व्यवस्थापन कोष, सुर्खेत | कर्णाली | १००,०००.०० | २०७७.१.२२ | कृषि विकास बैंक लि. | १४४२०१४९ |
| कोरोना उपचार तथा नियन्त्रण कोष, सुदुर पश्चिम प्रदेश | सुदुर पश्चिम | १००,०००.०० | २०७७.३.११ | कृषि विकास बैंक लि. | १५२२३१७५ |
| कोरोना भाइरस नियन्त्रण तथा उपचार कोष | २ | १००,०००.०० | २०७७.३.१९ | कृषि विकास बैंक लि. | १०२०९२९८ |
| प्रदेश नं. १ कोरोना जनसुरक्षा कोष | १ | १००,०००.०० | २०७७.१.३० | एक्सेल डेभलपमेन्ट बैंक लि. | २४४०८७३ |
| **जम्मा** | | १,७००,०००.०० | | | |

- असार मसान्तमा यस कोषमा बाँकी रकम रु. ९६,७३,३९१/२३ मिति २०७७/०४/३० गते राष्ट्रिय वाणिज्य बैंक लि., थापाथलिको चेक नं. ००५४२५०५८९ बाट नेपाल सरकारद्वारा सञ्चालित कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोषमा जम्मा गरिसकिएको छ।

**छ) ऋण मोचन कोष :**

यस कोष अन्तर्गत कृषि विकास बैंकले साना किसान सहकारी संस्थाहरु यस वित्तीय संस्थामा हस्तान्तरण गर्दा उपलब्ध गराएको रकम नेपाल राष्ट्र बैंकको मिति २०६९/२/२३ को पत्रानुसार प्राथमिक पुँजीमा गणना हुने गरी रु.

१०,३६,६१,६१३/- जगेडा कोषमा रहेको छ। यो कोष इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ।

**ज) अनुसरण कोष :**

यस कोष अन्तर्गत साना किसान सहकारी संस्थाले सेवा विस्तार तथा अनुसरण गर्ने प्रयोजनको लागी छुट्याइएको CGAP को पुरस्कार रकम, GIZ बाट प्राप्त सहयोग राशी र यसै कोषमा जाने गरी जम्मा भएको रकम समेत रु. १,०५,०९,५५४/- रहेको छ। यो कोष इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ।

**झ) विप्रेषण जोखिम कोष :**

वि. सं. २०७० भन्दा अघि सम्म यस वित्तीय संस्थाले साना किसान सहकारी संस्थाहरुलाई विप्रेषण सम्बन्धी सेवा व्यवस्थित गराउन सहयोग गर्दै आएको र सो कार्यका लागि विभिन्न स्रोतबाट प्राप्त रकम रु.२,७४,८३३/६७ को कोष खडा गरी राखिएको छ। यो कोष इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ।

**ञ) लगानी समायोजन कोष :**

नेपाल राष्ट्र बैंकको "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७७ को बुँदा ८.५ को व्यवस्था अनुसार वित्तीय संस्थाले सेन्टर फर माइक्रोफाइनान्सको शेयरमा रु. १०,०००/- लगानी गरेको तर सो संस्था धितोपत्र विनिमय बजारमा हाल सम्म सूचीकृत भइनसकेको हुनाले लगानी गरेको बराबरको रकमको लगानी समायोजन कोष खडा गरी राखिएको छ। यो कोष इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ।

**ट) अनुदान तथा पुँजीगत जगेडा कोष :**

यो कोष इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा अन्य जगेडा तथा कोषमा देखाइएको छ। यस कोषमा तपसिल बमोजिमको रकम रहेको छ :

| विवरण | रकम रु. |
|---|---|
| १. ऋण मिनाहाबाट प्राप्त रकम | ६,९१,७२,६०३/- |
| २. अनुदान सम्पत्ति | ६५,८०,९६१/३४ |
| ३. Credit Line From ADB, Manila | १९,२९,५४,३९५/- |
| **जम्मा अनुदान तथा पुँजीगत जगेडा कोष** | **२६,८७,०७,९५९/३४** |

१. साना किसान सहकारी संस्थाहरु मार्फत साना किसान तथा साना घरेलु उद्यमीहरुलाई प्रवाह भएको ऋण वापत नेपाल सरकारबाट आ.व. २०६३/६४ मा ऋण मिनाहा भए पश्चात प्राप्त भएको शोधभर्ना रकमलाई अर्थ मन्त्रालयको निर्देशानुसार जगेडा कोष खडा गरी राखिएको छ। नेपाल राष्ट्र बैंकको मिति २०६९/२/२३ को पत्रबाट यस कोष अन्तर्गत रु. ८,६२,८०,६०३/- लाई प्राथमिक पुँजीकोष गणना गर्न स्वीकृती प्राप्त भएकोमा कर फछ्र्यौट आयोगसँग यस बैंकको समसत २०७२/५/२९ मा भएको सम्झौता अनुसार रु. १,७१,०८,०००/- उक्त कोषबाट राजश्व भुक्तानी गरी हाल रु. ६,९१,७२,६०३/- मात्र यस कोष अन्तर्गत बाँकी रहेको छ।

२. विभिन्न सहयोगी निकायहरुबाट अनुदानमा प्राप्त सम्पत्तिको कोष खडा गरी घट्दो मुल्यमा देखाइएको छ।

३. एसियाली विकास बैंकको सहयोगमा सन् २०११ देखि २०१४ सम्म सञ्चालित "Expanding Microfinance Program in Hill and Mountain of Nepal" परियोजनाबाट Line of Credit अन्तर्गत प्राप्त अनुदान रकमलाई कोष खडा गरी राखिएको छ।

**ठ) स्थगन कर जगेडा :**

नेपाल राष्ट्र बैंकको "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७७ मा स्थगन कर सम्बन्धी व्यवस्थामा भए अनुसार वित्तीय संस्थाले स्थगन कर सम्बन्धी लेखांकन क्रियाकलापका कारण सम्पत्ति सृजना भएकोमा सो रकम नाफा नोक्सान बाँडफाँड हिसावमा खर्च लेखी स्थगन कर जगेडा कोष खडा गरी गत आ.व. सम्ममा सो कोषमा रु. ६,६११,७३०/६६ रहेको छ। यो कोषमा आ.व.२०७६/७७ मा केहि परिवर्तन भएको छैन। यो कोष इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा स्थगन कर जगेडा कोषमा देखाइएको छ।

**ड) कर्मचारी दक्षता अभिवृद्धि सम्बन्धमा :**

नेपाल राष्ट्र बैंकको "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७७ को बुँदा ६.५ को व्यवस्था अनुसार कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष कर्मचारीको कुल तलब भत्ताको न्युनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नुपर्ने व्यवस्था अनुसार गत आ.व.मा कर्मचारीको कुल तलब भत्ता खर्च रु.

३,७२,८०,४९२/१६ को ३ प्रतिसतले हुने रकम रु ११,१८,४१४/७६ भन्दा बढी हुने रकम रु. २५,५२,००९/२७ उपरोक्त व्यवस्थाका लागि खर्च गरी अनुसूची ४.१७ मा कर्मचारी खर्च अन्तर्गत तालिम खर्च शीर्षकमा प्रस्तुत गरिएको छ ।

**ढ) कर्मचारी वोनस व्यवस्था :**

वित्तीय संस्थाले यस आर्थिक वर्षको कर तथा कर्मचारी वोनस व्यवस्था अधिको मुनाफाको १० प्रतिशतले हुन आउने रकम रु. ८,८३,५२,०६६/९७ कर्मचारी वोनसका लागी व्यवस्था गरेको छ ।

**ण) कर्मचारी सुविधा :**

यस आर्थिक वर्षमा कर्मचारी विदा बापतको व्यवस्था खर्च शिर्षकमा देखाईएको खर्च रकम रु. ६२,५७,२२८/- विदा व्यवस्थामा लेखाङ्कन गरिएको छ भने रु. १६,५१,५९०/- यसै वर्ष भुक्तान गरिएको छ ।

यस आर्थिक वर्षमा कर्मचारी उपदान व्यवस्था वापत रु. ७६,९४,८०३/३२ थप व्यवस्था गरिएकोछ भने कुनैपनि रकम यस वर्ष भुक्तान गरिएको छैन ।

**त) साना किसान सम्मेलन कोष:**

यस वित्तीय संस्था तथा साना किसान कृषि सहकारी केन्द्रिय संघको संयुक्त आयोजनामा २०७५ साल फाल्गुण १६ र १७ गते काठमाडौंमा भएको दुई दिने साना किसान सम्मेलन, २०७५ सम्पन्न भएको थियो । २०७७ आषाढ मसान्तमा यस कोषमा बाँकी मौज्दात रकम रु. १५,९१,२५०/३६ रहेको छ । यो कोष अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको छ ।

**थ) साना किसान राहत कोष :**

२०७२ बैशाख १२ गतेको महाभुकम्प तथा त्यस पश्चातका पराकम्पनका कारण विभिन्न जिल्लाहरुमा साना किसान सदस्यहरु प्रभावित भएको कुरा मध्यनजर गर्दै उक्त क्षेत्रका साना किसान सहकारी संस्था मार्फत साना किसान परिवारसम्म सहयोग परिचालन गर्ने उद्देश्यले एक कोषको आवश्यकता महशुस गर्दै वित्तीय संस्थाले साना किसान राहत कोषको स्थापना गरेको छ । यस कोषमा २०७७ आषाढ मसान्तमा बाँकी रहेको मौज्दात रकम रु. ३८,४९,६४३/६३ रहेको छ । यो कोष अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको छ ।

**द) साना किसान सूचना प्रविधि कोष:**

आजको सूचना-प्रविधिको युगमा ग्रामीण सहकारी संस्थाहरूको सूचना-प्रविधिमा सहज पहुँच हुनुपर्छ भन्ने वित्तीय संस्थाको मान्यता रहेको छ । वित्तीय संस्था तथा संस्थाका जनशक्तिहरूमा सूचना-प्रविधि सम्बन्धी ज्ञान, सीप र प्रवृत्ति विकास गर्न, यस सम्बन्धी आवश्यक न्यूनतम उपकरण, यन्त्र र सुविधाहरू विस्तार गर्न र यस प्रकारका कार्यहरूलाई यथाशक्य निरन्तरता दिन वित्तीय संस्थामा आर्थिक वर्ष २०७०/७१ मा एक सूचना-प्रविधि विकास कोष खडा गरिएको थियो । यस कोषमा दातृ तथा सहयोगी निकायहरूबाट प्राप्त सहयोग, सहभागी संस्थाहरूको योगदान र यस वित्तीय संस्थाको सहयोग रहनेछ । यस कोषमा गत वर्ष रु. १० लाख कायम गरिएकोमा यस वर्ष पनि यसैलाई निरन्तरता दिइएको छ । यो कोष अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको छ ।

**ध) साना किसान सूचना प्रविधि घुम्ती कोष:**

यस कोष अन्तर्गत अनुसरणबाट २० वटा नव प्रबर्धित साना किसान सहकारी संस्थाहरुको सुचना प्रविधिमा पहुँच पुऱ्याउने उद्देश्यले प्रति संस्था रु. ५०,०००/- का दरले कोषमा जम्मा रकम रु. १०,००,०००/- रहेको छ । प्रति संस्था रु. ५० हजारको सूचना प्रविधि सामाग्री खरिद गरिएको विल यस वित्तीय संस्थामा प्राप्त भएपछि कोषको बाँकी रकम खर्च जनाउने गरी हिसाबमा देखिन आएको छ । आ.व. २०७६/७७ मा यस कोषबाट २ वटा सहकारी संस्थालाई रु. ५०,०००/- का दरले जम्मा रु. १,००,०००/- खर्च भएको छ । यो कोष अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको छ ।

**न) अन्य अनुदान कोष:**

यस कोष अन्तर्गत इलाम जिल्लाको सुर्योदय नगरपालिकासँग मिति २०७५।८।१० मा भएको सम्झौता एवं वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७५।३।३ को निर्णयाअनुसार साना किसान सहकारी संस्था श्रीअन्तु र समालबुङ्गले निर्माण गर्न लागेको साना किसान चिया उद्योगको कर्जामा व्याज सहुलियत प्रदान गर्न स्थापित यस कोषमा रकम रु. ३५,३५,९५८/- रहेको छ । यो कोष अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको छ ।

**प) तरलता तथा संस्थाथत बचत :**

यस वित्तीय संस्थाको सञ्चालक समितिबाट मिति २०७७/२/३२ मा पारित भएको बचत नीति तथा कार्यविधि, २०७७ मा व्यवस्था भएबमोजिम यस आ.व.को अन्त्यमा वित्तीय संस्थासँगको कारोबारमा आवद्ध संस्थाहरुको बचत रु. १,७२,७१,४८,७०९/३३ रहेको छ। गत वर्ष अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षक अन्तर्गत ग्राहक सुरक्षण कोषमा देखाइएको सो रकम रु. १,४८,७०,३२,५९५/८५ लाई यस वर्ष सोहि अनुसूचीको अन्य शिर्षक अन्तर्गत तरलता र संस्थागत बचतमा देखाइएको छ। यस खातामा रहेको रकममा बार्षिक ७ देखि ७.५ प्रतिशत सम्म व्याज प्रदान गरिएको छ।

**फ) तालिम तथा गोष्ठी अनुदान कोष:**

तालिम टुल कीट सम्बन्धी रकम रु. १,७९८/२५ अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको छ।

**ब) कर लेखा परीक्षणबाट कायम दायित्व फरफारक भएको सम्बन्धमा**

ठुला करदाता कार्यालयले यस वित्तीय संस्थाको आ.व. २०७२/७३ को कर लेखापरीक्षण गरी मिति २०७७/७/१७ को पत्रबाट यस वित्तीय संस्थाको नाममा कर दायित्व "निकायको मुनाफामा लाग्ने कर- पब्लिक लिमिटेड कम्पनी" शीर्षक अन्तर्गतका सावाँ कर रकम ब्याज र शुल्क गरी जम्मा रु. २०,२२,४३९/५४ को थप दायित्व कायम गरेको थियो। उक्त रकमलाई आ.व. २०७७/७८ मा खर्च लेखिएको छ।

**भ) स्थगन कर सम्पत्ती**

| विवरण | लेखाङ्कन आधार (रु) | कर आधार (रु) | अस्थायी फरक (रु) | यस वर्षको स्थगन कर सम्पत्ति/(दायित्व) (रु) |
|---|---|---|---|---|
| उपदान व्यवस्था | २,२०,९४,०४२.३२ | - | २,२०,९४,०४२.३२ | २,२०,९४,०४२.३२ |
| विदा व्यवस्था | १,६०,६६,४५०.०० | - | १,६०,६६,४५०.०० | १,६०,६६,४५०.०० |
| स्थीर सम्पत्ति | १,९९,१८,८७९.५२ | १,८७,७४,३९६.३२ | (११,४४,४८३.२०) | (११,४४,४८३.२०) |
| **जम्मा** | ५,८०,७९,३७१.८४ | १,८७,७४,३९६.३२ | ३,७०,१६,००९.१२ | ३,७०,१६,००९.१२ |
| करको दर | | | | ३० % |
| जम्मा स्थगन कर सम्पत्ति/(दायित्व) | | | | १,११,०४,८०२.७४ |
| गत वर्षसम्मको स्थगन कर सम्पत्ति/(दायित्व) | | | | ७४,४९,४७५.९४ |
| यस वर्षको स्थगन कर आम्दानी/(खर्च) | | | | ३६,५५,३२६.८० |

**१३. आ.व. २०७६/७७ मा वित्तिय संस्थाका प्रमुख कार्यकारी अधिकृत र सञ्चालकहरुलाई प्रदान गरिएको पारिश्रमिक तथा सुविधाहरु (सम्पुर्ण भ्रमण खर्च समेत) को रकम**

| विवरण | प्रमुख कार्यकारी अधिकृत (रु) | सञ्चालकहरु (रु) |
|---|---|---|
| मासिक पारिश्रमिक (रु. २,२०,६६०) | २,६४७,९२०.०० | |
| टेलिफोन लगायत अन्य खर्च वापत | ३०,०००.०० | ३३२,०००.०० |
| दशै खर्च | २२०,६६०.०० | |
| पोशाक खर्च | १८,०००.०० | |
| औषधि खर्च | २२०,६६०.०० | |
| बैक दिवस भत्ता | २२०,६६०.०० | |
| बैठक भत्ता | | १०,०४,०००.०० |
| भ्रमण भत्ता | २०४,४४७.०० | |
| बोनस | १,१२२,०००.०० | |
| **जम्मा** | ४,६८४,३४७.०० | १,३३६,०००.०० |

**१४. वित्तीय संस्थाको एजेन्सी मौज्दात भए अवधि अनुसारको (१ वर्ष, १-३ वर्ष, ३ वर्षभन्दा बढी) हिसाब मिलान हुन बाँकी रकमहरुको विवरण ।**

यस वित्तीय संस्थाको एजेन्सी मौज्दात नरहेको।

## १५. आयकर

### (क) यस वर्षको कर व्यवस्था

आयकर ऐन २०५८ अनुसार यस वर्षको कर व्यवस्था रु. २४,२६,०६,०७५/०४ कायम गरिएको छ।

## १६. दातृ निकायको सहयोगमा संचालित कार्यक्रम

### क) भुकम्प प्रभावित समुदायका लागि विपद जोखिम व्यवस्थापन तथा जिविकोपार्जन पुर्नस्थापना कार्यक्रम (DRRLREAC)

नेपाल सरकार, अर्थ मन्त्रालय र एसियाली विकास बैंकको सहयोगमा सञ्चालन हुने "भुकम्प प्रभावित समुदायका लागि विपद जोखिम व्यवस्थापन तथा जिविकोपार्जन पुर्नस्थापना कार्यक्रम (DRRLREAC)" संचालनका लागि साना किसान विकास वित्तीय संस्था, नेपाल सरकार, अर्थ मन्त्रालय र एसियाली विकास बैंक बिच भएको सम्झौता अनुसार भुकम्प प्रभावित समुदायमा ऋण प्रवाह गर्नको लागि वित्तीय संस्थाले प्रति साना किसान परिवार रु ५० हजारमा नबढ्ने गरी कुल १२ हजार ५ सय परिवारलाई लगानी गर्ने गरी ५.५ मिलियन अमेरिकी डलर बराबरको जीविकोपार्जन पुनरस्थापना कर्जा कार्यक्रम संचालन भएको छ। यसमध्ये धादिङ्ग, नुवाकोट र रसुवाका प्रभावित सदस्यहरुले ५ प्रतिसतको सहुलियतपुर्ण ब्याजमा ऋण सुविधा पाउने गरी ७६ वटा साना किसान सहकारी संस्थाहरुलाई २ प्रतिसत ब्याजदरमा यस वित्तीय संस्थाको तर्फबाट गरिएको योगदान समेत गरी आ.व.२०७६/७७ सम्ममा रु. ८ करोड २१ लाख ९० हजार कर्जा प्रवाह गरिएको थियो। यो परियोजना २०१९ नोभेम्बरमा समाप्त भइसकेको छ।

यस कार्यक्रमको प्राविधि सहायता सम्झौता अन्तर्गत कम्तिमा ९० वटा विपद प्रतिरोधि संरचना निर्माण तालिम तथा ३० वटा विपद व्यवस्थापन क्षमता अभिवृद्धि तालिम संचालन हुने व्यवस्था समेत रहेकोमा आ. व. २०७६/७७ सम्ममा विपद प्रतिरोधि संरचना निर्माण तालिम १३२ वटा र विपद व्यवस्थापन क्षमता अभिवृद्धि तालिम ८२ वटा तालिम सम्पन्न भएका छन्। आ.व. २०७६/७७ मा यस सम्झौता अन्तर्गतका कार्यहरु सम्पन्न गर्न परामर्शदाता र तालिम तथा क्षमता विकास शीर्षकमारु. ६३ लाख ११ हजार २० खर्च भएको छ।

### ख) किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम

नेपाल सरकार, कृषि विकास मन्त्रालय र अन्तर्राष्ट्रिय कृषि विकास कोष (International Fund for Agricultural Development-IFAD) को सहयोगमा सञ्चालन भईरहेको 'किसानका लागि उन्नत बीउबिजन कार्यक्रम' मा सहकार्य गर्न यस वित्तीय संस्था र कृषि विकास मन्त्रालयबीच सम्झौता भई रुकुम (पूर्व र पश्चिम), रोल्पा, सल्यान, प्युठान, गुल्मी र अर्घाखाँची गरी ७ जिल्लामा पहिलो चरणमा ३० तत्कालिन गाविसमा साना किसान सहकारी संस्था अनुसरण कार्य मार्फत स्थापना भएको र त्यसको प्रभावकारिताका आधारमा थप ४५ गाविसमा ४५ संस्था गरी कुल ७५ संस्था स्थापना भएका छन्।

यस कार्यक्रममा परियोजनाको तर्फबाट आ.व. २०७६/७७ मा रु. ७९,६८,३४५/१९ खर्च भएको छ। यो कार्यक्रम सम्पन्न भैसकेको छ।

### ग) साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम

कृषि सम्बन्धी ज्ञान, सीप र अभ्यास प्रदान गरी युवाहरूमा व्यावसायिक कृषि क्षमता बढाउन नेपालका लागि इजरायली राजदूतावासको सहकार्यमा 'साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम' सञ्चालन गरिएको छ। यस कार्यक्रम अन्तर्गत साना किसान परिवारका विद्यार्थीहरूलाई उन्नत कृषि प्रणाली सम्बन्धी तालिमका लागि इजरायलका विभिन्न कलेज तथा कृषि तालिम केन्द्रमा १० महिने अध्ययनका लागि सहभागी गराइन्छ।

यस कार्यक्रम अन्तर्गत वित्तीय संस्थाले आर्थिक वर्ष २०७६/७७ मा ४८५ जना प्रशिक्षार्थी इजरायल पठाउनको लागि छनौट प्रक्रिया कार्यक्रममा रु. ५५,५२४/- खर्च भएको छ। अनुसूची ४.६ को अन्य दायित्वको अन्य शिर्षकमा देखाइएको साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम धरौटी रकम रु. ६,६९,८७,५००/८६ इजरायलबाट प्रशिक्षार्थीहरु फर्केर आएपछि वार्षिक ६ प्रतिशतका दरले व्याज दिने गरी धरौटिमा राखिएको छ।

### ङ) सक्षम परियोजना

यस वित्तीय संस्था र डि.एफ.आई.डि. को सहयोगमा लुईस बर्गरद्वारा संचालित सक्षम A2F बीच सेप्टेमबर २, २०१८ मा Digitization of SFACLs & Expansion of Access to Finance in Karnali Province of Nepal (DSFACLs & A2F) परियोजना सञ्चालन गर्न सम्झौता भएको थियो। यस परियोजनाको मुख्य उद्देश्य विपन्न वर्गको लागि वित्तीय पँहुच बढाउनु रहेको छ। यस परियोजना अन्तर्गत गत आ.व. मा रु. ७७,७३,१५४/७० बाँकी रहेकोमा यस आ.व. मा रु.

८,८६,६५,७४६/४१ म्याचिङ कोष प्राप्त भएको र सो मध्ये रु. ९,५०,५४,४८०/२२ खर्च भई रु. १३,८४,४२०/८९ बाँकी रहेको छ ।

## १७. नेपाल सरकारको सहयोगमा संचालित कार्यक्रमहरु

नेपाल सरकारबाट यस वित्तीय संस्थालाई साना किसान सहकारी अनुसरण कार्यक्रम, सीप तथा क्षमता विकास (तालिम/गोष्ठी) कार्यक्रम, सामाजिक/सामुदायिक विकास कार्यक्रम, कृषि तथा पशुपालन व्यवसाय प्रबर्द्धन कार्यक्रम, संस्थागत सुदृढिकरण र पशुधन सुरक्षण कार्यक्रमहरू सञ्चालन गर्ने प्रयोजनका लागि नेपाल सरकारको बजेट उपशीर्षक ३०५००१०१ र ३०५००१०२ मार्फत अनुदान सहयोग उपलब्ध हुँदै आएको छ जसका सारांशहरु निम्न बमोजिम रहेका छन् ।

### क) लघुविमा सहयोग कार्यक्रम (पशु बाली, स्वास्थ्य), ३०५००१०२, पशुधन सुरक्षण कार्यक्रम

वित्तीय संस्थाले पशुपालक साना किसानहरूको पशुधन क्षति न्यूनीकरणका लागि पशुधन सुरक्षण कार्यक्रमहरू संचालन गर्दै आएको छ । पशुधन सुरक्षण कार्यक्रम अन्तर्गत आ.व. २०७६/७७ मा वित्तीय संस्थाको समन्वयमा साना किसान सहकारी संस्थाहरूले २५ हजार ४ सय ६८ किसान परिवारका रु.२ अर्ब ३० करोड ३ लाख ८६ हजार मूल्यका ६७ हजार ५२२ पशुवस्तुको सुरक्षण गरेका छन् । पशुधन सुरक्षण (पशुविमा) प्रिमियम अनुदान तर्फ आ.व. २०७६/७७ मा रु. ८ करोड ७५ लाख ६० हजार र पशुधन सुरक्षण प्रवर्द्धन तर्फ २५ कार्यक्रम संचालन गर्ने गरी रु. ७४ लाख ४० हजार समेत गरी जम्मा रकम ९ करोड ५० लाख अनुदान बजेट प्राप्त भएकोमा ७५% प्रिमियम अनुदान तर्फ रु.८ करोड ७५ लाख ६० हजार भुक्तानी भएको छ । पशुपालक किसानको योगदान रु. ३ करोड ६ लाख ५४ हजार रहेकोछ । पशुधन सुरक्षण प्रबर्द्धनतर्फ ९२ वटा प्रवर्द्नन कार्यक्रम सम्पन्न भई ४१ हजार १८४ जना किसान लाभान्वित भएका छन् । यसमा ७४ लाख ४० हजार नेपाल सरकारको अनुदानबाट र सहकारी/किसानको योगदानबाट रु. ४ लाख ९३ हजार खर्च भई कुल प्राप्त बजेट रु.९ करोड ५० लाख मध्ये रु.९ करोड ५० लाख नै खर्च भएको छ । स्थानीय स्तरको सामुदायिक पशुधन सुरक्षण समितिले नेपाल सरकारबाट प्राप्त प्रिमियम अनुदान र पशुपालकको योगदान सहितको प्रिमियम रकम परिचालन गरी उक्त रकमबाट क्षतिपूर्ति र प्राविधिक सहयोगको खर्च गरी बचेको रकमलाई कोषको रुपमा परिचालन गर्ने व्यवस्था छ ।

### ख) साना किसान विकास बैंक (वित्तीय संस्था) विविध (३०५००१०१)

#### १. साना किसान सहकारी अनुसरण कार्यक्रम:

वित्तीय संस्थाले ग्रामीण क्षेत्रमा प्रभावकारी दिगो लघुवित्त सेवा प्रवाहका लागि स्थानीय प्रणाली विकास गर्न नवप्रवर्तनीय अभ्यासका रूपमा साना किसान सहकारी अनुसरण कार्यक्रम सञ्चालन गर्दै आएको छ । साना किसान सहकारी अनुसरण कार्यक्रम अन्तर्गत साना किसान सहकारीको लघुवित्त सेवा नपुगेका क्षेत्रका विपन्न तथा साना किसानहरूलाई सङ्गठित गरी स्थानियस्तरमा आवश्यक लघुवित्त सेवा दिन सक्षम साना किसान कृषि सहकारी संस्थाको गठन गरी दिगो र निरन्तर सेवा उपलब्ध हुने व्यवस्था मिलाइन्छ । यस कार्यक्रम अन्तर्गत आ.व २०७६/७७ मा २६ वटा साना किसान कृषि सहकारी संस्थाहरु अनुसरण कार्यक्रम मार्फत निर्माण भएको छ । नेपाल सरकारबाट प्राप्त अनुदान रकम रु. ३,००,३९,०००/- मध्ये रु. २,४८,४८,६४८/- खर्च भएको छ भने यस शीर्षकमा प्राप्त रकम मध्ये खर्च हुन बाँकी रकम रु.५१,९०,३५२/– मात्र एभरेष्ट बैंक ग्वार्को शाखाको A/C payee चेक नं ००३७२९५१९१ बाट मिति २०७७/३/२४ मा फिर्ता गरिएको छ ।

#### २. सीप तथा क्षमता विकास (तालिम /गोष्ठी) कार्यक्रम :

वित्तीय संस्थाले साना किसानहरूको क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका व्यवसायिक कृषि, संस्थागत शुसासन, संस्था संचालन र लेखा सम्बन्धी तालिम, कार्यक्रमको समीक्षा, रणनीति तर्जमा गोष्ठी आदि जस्ता क्षमता विकासका कार्यक्रमहरु संचालन गर्दै आएको छ । यस अन्तर्गत आर्थिक वर्ष २०७६/७७ मा १०० वटा कार्यक्रम सञ्चालन गर्ने गरी रु.२ करोड नेपाल सरकारबाट अनुदान बजेट प्राप्त भएकोमा विश्वव्यापी कोभिड १९ का कारण स्थानीय स्तरमा कार्यक्रम हुने मुख्य समयमा लकडाउन, सटडाउन, निषेधाज्ञा आदि जारी भई कार्यक्रम प्रभावित हुन गई जम्मा ६० वटा मात्र कार्यक्रम सम्पन्न भएको छ । यसमा रु.१ करोड २५ लाख १२ हजार १४४ रुपैया ५० पैसा नेपाल सरकारबाट प्राप्त अनुदानबाट खर्च भएको छ भने साना किसान सहकारी संस्थाहरुको रु. ७६ हजार ६७२ बराबरको सहभागितामा भई जम्मा खर्च रु. १,२५,८८,८१६/५० भएको छ । साथै यस कार्यक्रमबाट ३ हजार ३२५ जना साना किसानहरु लाभान्वित भएका छन । नेपाल सरकारबाट प्राप्त अनुदान रकम रु.२,००,००,०००/- मध्ये रु.१,२५,१२,१४४/५० खर्च भएको छ भने यस शीर्षकमा प्राप्त रकम मध्ये खर्च हुन

बाँकी रकम रु.७४,८७,८५५/५० मात्र एभरेष्ट बैंक ग्वार्को शाखाको A/C payee चेक नं ००३७२९५१९१ बाट मिति २०७७/३/२४ मा फिर्ता गरिएको छ।

**३. सामाजिक/सामुदायिक विकास कार्यक्रम**

वित्तीय संस्थाले सामाजिक/सामुदायिक विकास कार्यक्रम अन्तरगत स्थानीयस्तरमा आवश्यक सामुदायिक भवन निर्माण तथा अन्य भौतिक पूर्वाधारको विकासका कार्यहरु संचालन गर्दै आएको छ। यस अन्तरगत ग्रामीण क्षेत्रमा सुलभ शौचालय, विद्यालय मर्मत, पुलपुलेसो, कुलोमर्मत, कृषिसडक स्याहार-सम्भार, बृक्षारोपण, सामुदायिक भवन, तालिम भवन, बालविकास, कृषि औजार, स्ट्रेचर व्यवस्था, सूचना प्रविधि हस्तान्तरण आदि सामाजिक/सामुदायिक विकासका कार्यक्रम सञ्चालन गर्न संस्थाहरूलाई स-सानो सहयोग उपलब्ध गराइन्छ। आ.व. २०७६/७७ मा नेपाल सरकारबाट १०० वटा सामाजिक/सामुदायिक कार्यक्रम संचालन गर्न रु.१ करोड ५० लाख अनुदान बजेट प्राप्त भएकोमा नेपाल सरकारबाट प्राप्त अनुदान बजेटबाट रु. १ करोड ५० लाख र साना किसान कृषि सहकारी संस्थाहरु, स्थानीय निकाय, र जनसहभागिता समेतबाट व्यहोरेको रु. ५ करोड ५९ लाख ६३ हजार समेत गरी जम्मा रु. ७ करोड ९ लाख ६३ हजार बराबरको लागतमा १४४ वटा सामाजिक/सामुदायिक विकासका कार्यक्रमहरु संचालन भएको छ। यस कार्यक्रमबाट ३ लाख ११ हजार ९ सय साना किसान परिवारहरु लाभान्वित भएका छन्।

**४. कृषि तथा पशुपालन व्यवसाय प्रबर्द्धन कार्यक्रम :**

वित्तीय संस्थाले कृषि तथा पशुपालन गर्ने साना किसानहरूको कृषि तथा पशुपालन व्यवसायको व्यवसायीकरणका लागि कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम संचालन गर्दै आएको छ। आ.व. २०७६/७७ मा नेपाल सरकारबाट ११५ वटा कार्यक्रम सञ्चालन गर्ने गरी रु. २ करोड १२ लाख ७५ हजार अनुदान प्राप्त भएकोमा नेपाल सरकार अनुदानबाट रु. १,६५,८९,३१४/- र साना किसान सहकारी संस्था तथा सदस्य स्वलगानीबाट रु.३ करोड २२ लाख ५० हजार गरी जम्मा ४ करोड ८८ लाख ३९ हजार लागतमा ३०० वटा कार्यक्रम संचालन भई ६० हजार ३२ जना साना किसान परिवारहरु लाभान्वित भएका छन्। यस अन्तरगत पशुपालन व्यवस्थापन तथा उपचार तालिम, कार्यक्रमको समिक्षा तथा रणनीति तर्जुमा, पशु उपचार शिविर, उन्नत नश्लका ब्याडको बोका/रागा/भालेको व्यवस्था, पशु भ्याक्सिन, खोर, गोठ सुधार, प्राविधिक सेवा तथा प्रचार प्रसार एबम् अध्ययन अनुसन्धान सम्बन्धि सहयोग उपलब्ध गराउने गरिएको छ। यस शीर्षकमा प्राप्त रकम रु. २,१२,७५,०००/- मध्ये खर्च हुन बाँकी रकम रु.४६,८५,६८६/- मात्र एभरेष्ट बैंक ग्वार्को शाखाको A/C payee चेक नं ००३७२९५१९१ बाट मिति २०७७/३/२४ मा फिर्ता गरिएको छ।

**५. संस्थागत सुदृढीकरण कार्यक्रम :**

आ.व. २०७६/७७ मा तुलनात्मक रुपमा कमजोर साना किसान सहकारी संस्थाहरूको सुदृढीकरण गरी विपन्न तथा साना किसानहरूमा व्यापकरुपले सेवा प्रवाह गर्न सामर्थ्य बनाउन कम्तीमा पनि ५० साना किसान कृषि सहकारी संस्था पहिचान गरी विशेष सुदृढीकरण कार्यक्रम सञ्चालन गरिएको छ। यसका लागि छोटो अवधिका जनशक्तिको व्यवस्था गरी स्थलगत रुपमा नै प्राविधिक सहयोगको व्यवस्था मिलाइएको थियो। जस अन्तरगत १२ जना फिल्ड प्रशिक्षक नियुक्ति दिई १०४ वटा कमजोर संस्था पुनरसंरचना र सुदृढिकरणका कार्य भएको छ। तर समुदायस्तरमा हुने यस्तो कार्यमा कोरोना महामारीका कारण अपेक्षित उपलब्धी हासिल गर्नमा चुनौती थपिएकाले आ.व. २०७६/७७ मा यस कार्यक्रममा प्राप्त भएको अनुदान रकम रु. २ करोड ४२ लाख ८६ हजार मध्ये १,८०,१४,८५८/२९ मात्र खर्च भई ५७ हजार ७५१ परिवार लाभान्वित भएका छन्। यस शीर्षकमा प्राप्त रकम मध्ये खर्च हुन बाँकी रकम रु. ६२,७१,१४१/७१ मात्र एभरेष्ट बैंक ग्वार्को शाखाको A/C payee चेक नं ००३७२९५१९१ बाट मिति २०७७/३/२४ मा फिर्ता गरिएको छ।

अन्त्यमा साना किसान विकास बैंक वित्तीय संस्था विविध तर्फ उपरोक्त ५ वटा कृयाकलापका लागि आर्थिक वर्ष २०७६/७७ मा रु.११ करोड ६ लाख निकासा भएको देखिन्छ। उक्त रकममध्ये उपरोक्तानुसारका कार्यक्रममा नेपाल सरकारको अनुदान सहयोग तर्फबाट रु.८,६९,६४,९६४।७९ खर्च भई रु.२,३६,३५,०३५।२१ नेपाल सरकारको राजश्व खातामा फिर्ता भएको छ। वित्तीय संस्था, सहकारी संस्था, स्थानीय निकाय, तथा साना किसानको योगदान गरी जम्मा रु. १७,५२,५६,०००/– बराबरीका ६३४ कार्यक्रम सम्पन्न भएका छन भने ४ लाख ४८ हजार ८ जना साना किसान परिवार लाभान्वित भएका छन्।

**६. पशुपालन कर्जा कार्यक्रम :**

मासु तथा दुध जन्य उत्पादन प्रर्बद्धन गर्ने उद्देश्यले नेपाल सरकारले वित्तीय संस्थालाई मासु तथा दुग्ध जन्य कर्जा उपलब्ध गराउँदै आएको छ। साना किसानहरुलाई आकर्षित गर्नको लागि शर्तस्वरुप वित्तीय संस्थाले सहकारी संस्थालाई ५ प्रतिशतमा र सहकारी संस्थाले साना किसानलाई ९ प्रतिशतमा यस कर्जा परिचालन हुँदै आएको छ। वित्तीय संस्था स्वयम् र साझेदार संस्था मार्फत यो कर्जाको सदुपयोगिताको निरीक्षण र नियन्त्रण कार्य गर्दै आएको छ। आर्थिक वर्ष २०७६/७७ मा कुल १३ हजार ५ सय पशुपालक साना किसानलाई रु. १ (एक) अर्ब ८९ करोड पशुपालन कर्जा लगानी गर्ने लक्ष्य रहेकोमा ४७० संस्थामा आवद्ध १९ हजार ९४९ साना किसानलाई रु. ३ अर्ब २८ करोड ९७ लाख ७८ हजार कर्जा लगानी भई भौतिक लक्ष्यको तुलनामा १४८ प्रतिशत र वित्तीय लक्ष्यको तुलनामा १७४ प्रतिशत प्रगति भएको छ।

**७. तरकारी खेती कर्जा कार्यक्रम :**

आर्थिक वर्ष २०७६/७७ देखि नेपाल सरकारद्वारा तरकारी खेती कर्जा कार्यक्रम अन्तर्गत यस वित्तिय संस्थालाई रु. २१ करोड ऋण सहयोग व्यवस्था भएको थियो। १ हजार ५ सय साना किसानहरुलाई आ.व. २०७६/७७ असार महिनासम्म तरकारी खेती तर्फ रु. २१ करोड ऋण लगानी गर्ने लक्ष्य रहेकोमा ८ सय २२ जनालाई रु. १२ करोड २५ लाख ९० हजार ऋण लगानी भई भौतिक तर्फ ५५% र वित्तीय तर्फ ५८% प्रगति हासिल भएको छ। यसै आ. व. बाट सुरु भएको यो कार्यक्रम शुरुमा कार्यविधि तर्जुमा र जानकारी गराउने कार्यमा समय लागेको र बाँकि अबधि कोभिड- १९ का कारण लगानी कम भएको हो।

## १८. ग्रामीण स्वावलम्बन कर्जा

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५ मंसिर २४ गतेको निर्णय बमोजिम ग्रामीण स्वावलम्बन कोषलाई यस वित्तीय संस्था मार्फत् सञ्चालन गर्ने निर्णय भई देहायअनुसारको कारोवार रकम मन्त्रालयबाट स्वीकृत कार्यविधि अनुरुप परिचालन गर्ने गरी मिति २०७६ असार ३१ गते नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र यस वित्तीय संस्था बीच त्रिपक्षीय सम्झौता भएको छ।

| क.सं. | विवरण | जम्मा हस्तान्तरण हुने रकम (रु.) |
|---|---|---|
| १. | नगद तथा बैंक मौज्दात | ७७,१६,००,२२५.३४ |
| २. | लगानीमा बाँकी कर्जा (ऋण) | ३३,६६,२४,५९३.७० |
| | असल | २०,८३,९८,१६८.७९ |
| | सुक्ष्म निगरानी | १६,७८,५००.०० |
| | कमसल | १७,०९,५९७,.०० |
| | शंकास्पद | ९१,१८,१५९.८४ |
| | खराब | ११,५७,२०,१६८.०७ |
| ३. | कर्जा नोक्सानी व्यवस्था रकम | १२,२८,७४,५५३.९३ |
| | असल | २०,८३,९८१.६९ |
| | सुक्ष्म निगरानी | ८३,९२५.०० |
| | कमसल | ४,२७,३९९.२५ |
| | शंकास्पद | ४५,५९,०७९.९२ |
| | खराब | ११,५७,२०,१६८.०७ |
| ४. | जगेडा (Reserve) | - |
| ५. | संस्थाको नाममा रहेको पुँजीगत सम्पत्ति विवरण<br>(क) सफ्टवेयर | २,६५,९११.६० |
| ६. | वित्तीय संस्थाको नाममा जनिने ऋण | ९८,५६,१६,१७६.७१ |

## १९. कोभिड १९ को असर न्युनिकरण सम्बन्धी ने.रा. बैंकबाट जारी निर्देशनहरुको पालना सम्बन्धमा

**क) कोरोना कोषमा सहयोग :** संघीय सरकार तथा प्रदेश सरकारको कोरोना कोषमा रकम सहयोग गरिएको।

**ख) संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रहेको रकम कोरोना कोषमा भुक्तानी :** नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार संस्थागत सामाजिक उत्तरदायित्व कोषमा मौज्दात रकम राष्ट्रिय स्तरको कोरोना कोषमा जम्मा गरिएको।

**ग) कर्मचारीहरुको कोरोना विमा :** रु. १ लाख बराबरको कर्मचारीहरुको कोरोना विमा गरिएको।

घ) **कोरोना प्रभाव सम्बन्धी जानकारी :** वित्तीय संस्थाको कारोबारमा रहेका साझेदार संस्थाहरुबाट कोरानाका कारण मानवीय तथा व्यवसायमा परेको प्रभावका सम्बन्धमा जानकारी लिई यस विषयमा सञ्चालक समितिमा समेत छलफल गरी प्राप्त सुझावहरुको कार्यान्वयन व्यवस्था मिलाइएको ।

ङ) **ब्याजदरमा संशोधन :** नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम २०७६ चैत्रमा तिरेको ब्याजमा १० प्रतिशत सहुलियत उपलब्ध गराइएको र २०७७ बैशाख १ गतेदेखि असार मसान्तसम्म ब्याजदरमानै २ (दुई) प्रतिशत कम गरिएको । सहुलियत प्रकृतिका विशेष कर्जा बाहेकको लघुकर्जाको ब्याजदरमा २०७७ भाद्र १ देखि १% र २०७७ असोज १ गते देखि थप २% गरी ब्याजदरमा ३% कम गरी ९.७५% कायम गरिएको । ग्रामीण उद्यम कर्जाको ब्याजदर १% कम गरी ६.५% कायम गरिएको ।

च) **भुक्तानी मिति संशोधन :** नेपाल राष्ट्र बैंकको निर्देशन र ऋणी संस्थाको माग अनुसार कर्जाको भुक्तानी म्याद संशाधेन गरिएको ।

छ) **कार्यक्रमको निरन्तरता** (Business continuity Guideline) **दिग्दर्शन तयार गरिएको :** साझेदार संस्थाहरुको कारोबारलाई कोभिड महामारीको बीचमा पनि निरन्तरता कसरी दिने भन्ने सम्बन्धमा दिग्दर्शन तयार बनाई संस्थाहरुमा पठाइएको ।

ज) **कोभिड विपद न्यूनिकरण/व्यवस्थापन उप-समिति :** व्यवस्थापनस्तरको एक उप-समिति बनाई उक्त उप-समिति मार्फत यस सम्बन्धमा आइपरेका अन्य कार्य र समस्याहरुको निराकरणका कार्यहरु निरन्तर हुँदै आएको ।

झ) **नेपाल राष्ट्र बैंकको निर्देशन पालना :** यस सम्बन्धी निर्देशनको पालनाका लागि तत् सम्बन्धी कार्य हुँदै आएको ।

ञ) **नेपाल राष्ट्र बैंकको मिति २०७६/१२/१६ र २०७७/०१/१६ को सूचनामा उल्लेख भए बमोजिम ग्राहकहरुलाई कर्जामा प्रदान गरिएको कुल ब्याज छुट रकम तथा यस वित्तीय संस्थाले कर्जा सापटमा प्राप्त गरेको कुल ब्याज छुट रकम देहायअनुसार रहेकोछ :**

| ग्राहकहरुलाई कर्जामा प्रदान गरिएको कुल ब्याजको १० प्रतिशतले हुने छुट रकम (२०७७ चैत्र मसान्तको) | ग्राहकहरुलाई कर्जामा प्रदान गरिएको कुल २ प्रतिशतको ब्याज छुट रकम (२०७७ असार मसान्त सम्म) | ऋण तथा सापटीमा प्राप्त गरेको कुल ब्याज छुट रकम (२०७७ असार मसान्त सम्म) |
|---|---|---|
| १,१४,६४,४५१/३८ | ७,४८,०४,०३५/२३ | ४,५२,५३,०१५/३९ |

## २०. नगद लाभांश तथा बोनस शेयर वितरण सम्बन्धमा

वित्तीय संस्थाको मिति २०७७/०८/२३ मा बसेको सञ्चालक समितिको बैठकले आ.व. २०७६/७७ को मुनाफाबाट चुक्ता पुँजीको २५ प्रतिशतले हुने रु. २५,००,५७,३५६/४२ बराबरको बोनस शेयर र बोनस शेयरको कर प्रयोजनको लागि चुक्ता पुँजीको १.३१५७८९४७४ प्रतिशतले हुने नगद लाभांश रु. १,३१,६०,९१३/५० गरी कुल जम्मा रु.२६,३२,१८,२६९/९२ बराबरको मुनाफा वितरण गर्न एवं प्रदान गरिने बोनस शेयर गणना गर्दा प्र्याक्सनमा आउने अङ्कलाई आगामी बर्षहरुमा क्रमश: पूर्णाङ्क नपुगेसम्म सम्बन्धित कै नाममा संचिती राख्ने व्यवस्था सहित स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक र यस वित्तीय संस्थाको साधारण सभामा प्रस्ताव पेश गर्ने निर्णय पारित गरेकोमा सोही अनुरुप वित्तीय विवरणमा प्रस्तुत गरिएको छ ।

अनुसूची ४.२८

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

## संस्थापक/संस्थापक समूहका शेयरधनीले आफ्नो स्वामित्वमा रहेको शेयर अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिएको विवरण

(२०७७ आषाढ मसान्त)

| क.सं. | संस्थापक /संस्थापक समूह अन्तर्गत पर्ने शेयरधनीको नाम | संस्थापकको स्वामितमा कायम रहेको शेयर | | कर्जा विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कुल कित्ता संख्या | कुल चुक्ता पूँजीको प्रतिशत | कर्जा लिएको अन्य बैंक /वित्तिय संस्थाको नाम | कर्जा रकम | धितोमा रहेको शेयर कित्ता संख्या | |
| १.<br>२. | | | | | | | |
| | | | | | | | |

अनुसुची ४.२९

## Sana Kisan Bikas Laghubitta Bittiyasanstha Ltd.
## Comparison of Unaudited and Audited Financial Statement As of FY 2076/077

Rs. In'000

| S.N. | Particlars | As per Unaudited Financial Statement | As per Audited Financial Statement | Variance | | Reasons for Variance |
|---|---|---|---|---|---|---|
| | | | | In Amount | In % | |
| **1** | **Total Capital and Liabilities (1.1 to 1.7)** | **24,994,602.93** | **24,380,983.06** | **613,619.87** | **2.46** | |
| 1.1 | Paid-up Capital | 1,000,229.43 | 1,250,286.78 | (250,057) | - 25.00 | Due to Proposed Bonus Share |
| 1.2 | Reserves and Surplus | 1,974,139.04 | 1,692,445.90 | 281,693.14 | 14.27 | Adjusted due to appropriation of Rs. 27,810.89 thousand in Staff welfare fund, Proposed Bonus Share and Dividend & other adjustments in profit |
| 1.3 | Debenture and Bond | | - | - | - | |
| 1.4 | Borrowings | 19,427,327.69 | 19,374,243.08 | 53,084.61 | 0.27 | Adjustment on reconciliation |
| 1.5 | Deposits (a+b) | - | - | - | - | |
| | a. Member | - | - | - | - | |
| | b. Public | - | - | - | - | |
| 1.6 | Income Tax Liabilities | - | - | - | - | |
| 1.7 | Other Liabilities | 2,592,906.77 | 2,064,007.29 | 528,899.48 | 20.40 | Adjustment for netting off loan loss provision and with other assets, etc. |
| **2** | **Assets (2.1 to 2.7)** | **24,994,602.93** | **24,380,983.05** | **613,619.88** | **2.46** | |
| 2.1 | Cash & Bank Balance | 402,185.42 | 273,085.45 | 129,099.97 | 32.10 | Adjustment on reconciliation |
| 2.2 | Money at call and short Notice | 2,202,351.08 | 2,296,934.83 | (94,583.75) | (4.29) | Adjustment on reconciliation |
| 2.3 | Investments | 891,171.20 | 891,171.20 | - | - | |
| 2.4 | Loans & Advances | 21,372,293.20 | 20,823,480.67 | 548,813 | 2.57 | Adjustment on audit review, netting off loan loss provision |
| 2.5 | Fixed Assets | 19,819.81 | 19,058.25 | 761.56 | 3.84 | Adjustment on audit review |
| 2.6 | Non Banking Assets | | - | - | | |
| 2.7 | Other Assets | 106,782.21 | 77,252.65 | 29,529.56 | 27.65 | Adjustment for Deferred Tax Assets, Income Tax,etc. and netting with other liabilities. |
| **3** | **Profit and Loss Account** | | | | | |
| 3.1 | Interest Income | 2,261,611.21 | 2,264,747.23 | **(3,136.02)** | (0.14) | Adjustment after finalization of Bank reconciliation |
| 3.2 | Interest Expenses | 1,145,380.48 | 1,124,543.45 | **20,837.03** | 1.82 | Adjustment after finalization of Bank reconciliation |
| | **A. Net Interest Income (3.1-3.2)** | **1,116,230.73** | **1,140,203.78** | **(23,973.05)** | **(2.15)** | |
| 3.3 | Fees, Commission and Discount | 2,043.92 | - | **2,043.92** | 100.00 | Adjustment on reconciliation |
| 3.4 | Other Operating Income | - | 661.71 | **(661.71)** | | Regrouping with Fees, Commission and Discount |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | **-** | - | |
| | **B. Total Operating Income (A+3.3+3.4+3.5)** | **1,118,274.66** | **1,140,865.49** | **(22,590.83)** | **(2.02)** | |
| 3.6 | Staff Expenses | 81,807.27 | 82,308.72 | **(501.45)** | (0.61) | Regrouping with operating expenses |
| 3.7 | Other Operating Expenses | 51,443.50 | 52,703.58 | **(1,260.08)** | (2.45) | Regrouping with staff expenses & adjustment for missed expenses |
| | **C. Operating Profit Before Provision (B-3.6-3.7)** | **985,023.88** | **1,005,853.19** | **(20,829.30)** | **(2.11)** | |
| 3.8 | Provision for Possible Losses | 163,451.88 | 163,451.88 | **0.00** | 0.00 | |
| | **D. Operating Profit (C-3.8)** | **821,572.01** | **842,401.31** | **(20,829.30)** | **(2.54)** | |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | 1,201.17 | **(1,201.17)** | - | Adjustment for depreciation of grant assets |
| 3.10 | Write Back of Provision for Possible Loss | 39,918.19 | 39,918.19 | **(0.00)** | | |
| | **E. Profit from Regular Activities (D+3.9+3.10)** | **861,490.20** | **883,520.67** | **(22,030.47)** | **(2.56)** | |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | **-** | - | |
| | **F. Profit Before Bonus and Taxes (E+3.11)** | **861,490.20** | **883,520.67** | **(22,030.47)** | **(2.56)** | |
| 3.12 | Provision for Staff Bonus | 78,317.29 | 88,352.07 | **(10,034.78)** | (12.81) | for above mentioned adjustments |
| 3.13 | Provision for Tax | 234,951.87 | 238,950.75 | **(3,998.88)** | (1.70) | for above mentioned adjustments |
| | **G. Net Profit/(Loss) (F-3.12-3.13)** | **548,221.04** | **556,217.85** | **(7,996.81)** | **(1.46)** | Due to above changes |

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
दर्ता नं.: ६९८
मिति: २०७७/९/८

# नेपाल राष्ट्र बैंक
## लघुवित्त संस्था सुपरिवेक्षण विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं.: ४४१२८२३
फ्याक्स नं.: ४४१२२२४
Web site: www.nrb.org.np
Email: nrbmfpsd@nrb.org.np
पोष्ट बक्स नं.: ७३

पत्र संख्या: ल.वि.स.सु.वि./गैर-स्थलगत /साना किसान/०७७/७८ /१६३ मिति: २०७७/०९/६

श्री साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेड,
सुविधानगर, काठमाण्डौं ।

**विषय: आर्थिक वर्ष २०७६/७७ को वार्षिक वित्तीय विवरणहरु प्रकाशन गर्ने सम्बन्धमा ।**

महाशय,

त्यस संस्थाले पेश गरेको आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, सोसँग सम्वन्धित अनुसूचीहरु, लेखापरीक्षकको प्रारम्भिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन र सो उपर व्यवस्थापनको प्रतिक्रिया, लङ्गफर्म अडिट रिपोर्ट लगायतका वित्तीय विवरणहरुको आधारमा गैर-स्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरुका सम्बन्धमा आयकर ऐन/नियमावली तथा अन्य प्रचलित कानूनी व्यवस्था समेतको पालना गर्ने गरी देहाय बमोजिमका निर्देशनहरु शेयरधनीहरुको जानकारीका लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित तथा कार्यान्वयन गर्ने गरी संस्थाले प्रस्ताव गरे अनुसार आर्थिक वर्ष २०७६/७७ सम्मको सञ्चित मुनाफाबाट २०७७ असार मसान्तमा कायम रहेको कुल चुक्तापुँजी रु.१,००,०२,२९,४२५/६६ को २५ प्रतिशत बोनश शेयर रु.२५,००,५७,३५६/४२ (अक्षेरुपी पच्चीस करोड सन्ताउन्न हजार तीन सय छपन्न पैसा बयालीस मात्र) वितरण गर्ने तथा आर्थिक वर्ष २०७६/७७ सम्मको सञ्चित मुनाफाबाट कुल चुक्ता पुँजीको १.३१५७८९४७४ प्रतिशत रु.१,३१,६०,९१३/५०।- (अक्षेरुपी एक करोड एकतिस लाख साठी हजार नौ सय तेह्र पैसा पचास मात्र) नगद लाभांश (बोनश शेयरको कर प्रयोजनको लागी) साधारण सभाबाट स्वीकृत गरे पश्चात वितरण गर्न स्वीकृती तथा वार्षिक साधारण सभा प्रयोजनको लागि आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

क) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको वित्तीय संस्थाहरुलाई जारी भएको निर्देशन, २०७७ को निर्देशन नं. ४/०७७ को बुँदा नं. ४.१(ज) (आ) बमोजिम ईजाजतप्राप्त लघुवित्त वित्तीय संस्थाले ग्राहक संरक्षण कोषमा अघिल्लो आर्थिक वर्षको नाफाबाट जम्मा हुने रकमको न्यूनतम ५० प्रतिशत रकम पछिल्लो आर्थिक वर्षमा खर्च गर्नुपर्ने व्यवस्था बमोजिम खर्च नगर्नुको कारण स्पष्ट पार्नुहुन । साथै, सोही निर्देशन बमोजिम खर्च नभएको रकमलाई Earmark गरी छुट्टै लगानी गर्नुहुन ।

ख) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. १०/०७७ को बुँदा नं.६ बमोजिम इजाजतपत्रप्राप्त कुनै एक बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा लगानी गर्दा चुक्ता पुँजीको बढीमा २५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पुँजीको १० प्रतिशत मात्र संस्थापक शेयरमा लगानी गर्न सकिने व्यवस्था रहेकोले उल्लिखित सीमाभन्दा बढी शेयर धारण गर्ने संस्थापक शेयरधनी रहे/नरहेको एकीन गरी सो सीमाभन्दा बढी भएमा उक्त शेयरधनीले आफ्नो शेयर सो सीमाभित्र नल्याएसम्म प्रस्तावित नगद लाभांश तथा बोनश वितरण रोक्का राख्ने व्यवस्था मिलाउनु हुन ।

ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (३) अनुसार स्वतन्त्र सञ्चालक यथाशिघ्र नियुक्त गर्नु हुन ।

घ) संस्थाको आन्तरिक र बाह्य लेखापरीक्षक तथा यस बैंकको स्थलगत निरीक्षण र गैर-सुपरिवेक्षण प्रतिवेदनले औंल्याएका कैफियतहरु पुनः नदोहोरिने गरी सुधार गर्नुहुन ।

भवदीय,

(रामचन्द्र भट्टराई)
उप- निर्देशक

**बोधार्थ :**
१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. कार्यान्वयन इकाई, लघुवित्त संस्था सुपरीवेक्षण विभाग ।

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

**साविकको नाम : साना किसान विकास बैंक लि.**

(नेपाल राष्ट्र बैंकबाट'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय, सुविधानगर, तिनकुने, काठमाडौं, नेपाल**

प.सं. २०७७/७८/ने.रा.बैं/
च.नं. ६३२

मिति : २०७७/०९/१९

श्री नेपाल राष्ट्र बैंक,
लघुवित्त संस्था सुपरिवेक्षण विभाग,
बालुवाटार, काठमाडौं ।

**विषय : निर्देशनहरु सम्बन्धमा व्यवस्थापनको प्रत्युत्तर ।**

महोदय,

त्यस बैंकको पत्र संख्या ल.वि.स.सु .वि /गैर स्थलगत/साना किसान/०७७/७८ च.नं. १८३ मिति २०७७/०९/०६ बाट दिइएका निर्देशनहरुको सम्बन्धमा देहायअनुसारको प्रतिवद्धता रहेको व्यहोरा अनुरोध छ ।

क) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७७ को निर्देशन नं. ४/०७७ को बुँदा नं.४.१ (ज) (आ) बमोजिम ग्राहक संरक्षण कोपमा खर्च नभएको रकमलाई मिति २०७७/०९/०९ मा Earmark गरी छुट्टै लगानी गरिसकिएको व्यहोरा अनुरोध छ ।

ख) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०७७ को निर्देशन नं. १०/०७७ को बुदा नं. ६ बमोजिम इजाजतपत्र प्राप्त कुनै एक बैंक तथा वित्तीय संस्थाको उल्लिखित सीमा भन्दा बढी संस्थापक शेयरधनीको एकिन गरी सो सीमाभन्दा बढी भएमा उक्त शेयरधनीले आफ्नो शेयर सीमाभित्र ल्याएपछि मात्र प्रस्तावित नगद लाभाशं तथा बोनश शेयर वितरण गरिने व्यवस्थाको पूर्ण पालना गरिनेछ ।

ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (३) अनुसार स्वतन्त्र सञ्चालक मिति २०७७/०९/०८ को वैठक न. ३९९ बाट श्री महेन्द्र प्रसाद श्रेष्ठलाई नियुक्त गरिसकिएको व्यहोरा अनुरोध छ ।

घ) संस्थाको आन्तरिक तथा बाह्य लेखापरीक्षणका साथै नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षण तथा गैर स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औल्याइएका कैफियतहरु पुन: नदोहोरिने गरि सुधार गर्न व्यवस्थापन प्रतिबद्ध रहेको व्यहोरा अनुरोध छ ।

बोधार्थ:
नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

भवदीय,

डा. शिवराम प्रसाद कोइराला
प्रमुख कार्यकारी अधिकृत

वेबसाइट : http://www.skbbl.com.np, ई-मेल :info@skbbl.com.np, फोन : ०१-४१११९२३, ४१११८२८, फ्याक्स :४१११९०१, पो.ब.नं.: २१९५६.

## नोटः




साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को स्वतन्त्र सन्चालकको शपथ ग्रहण कार्यक्रमको झलक




यस वित्तीय संस्था तथा सक्षम A2F को साझेदारीमा साना किसान सहकारी संस्थाहरूलाई ट्याबलेट हस्तान्तरण कार्यक्रमको झलक





साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. द्वारा प्रदेश सरकारहरूलाई कोरोना कोषमा सहयोग हस्तान्तरण हुँदाका झलकहरू





साना किसान सहकारी संस्थाका सदस्यहरूद्धारा सञ्चालित कृषि तथा पशुपालन व्यवसायका झलकहरू




# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.


## केन्द्रिय कार्यालय

सुविधानगर, तिनकुने, काठमाडौं

फोन नं. : ०१-४१११७५२/४१११८२८

फ्याक्स : ०१-४१११९०१

इमेल : info@skbl.com.np

वेवसाइट : www.skbl.com.np

## इलाका कार्यालय

| | | |
|---|---|---|
| विर्तामोड | फोन : | ०२३-५४२७२८/५४२१७३ |
| इटहरी | फोन : | ०२५-५८४३३४/५८८६०० |
| बर्दिबास | फोन : | ०४४-५५०४०३/५५०३२२ |
| हेटौडा | फोन : | ०५७-५२५३८८/५२४१२२ |
| बुटवल | फोन : | ०७१-४२०५००/४२०५०१ |
| गजुरी | फोन : | ०१०-४०२०८०/४०२११७ |
| पोखरा | फोन : | ०६१-५३८३३५/५३९४१३ |
| नेपालगञ्ज | फोन : | ०८१-४१५२९१/४१५१३६ |
| अत्तरिया | फोन : | ०९१-५५१३१८ |
| बिरेन्द्रनगर | फोन : | ०८३-५२३९२५/५२४७१३ |
| बनेपा | फोन : | ०११-६६००९५ |